दर्ता नं. १६१०/०६४/०६५



# १८औं बार्षिक साधारण सभा

18th Annual General Meeting

# बार्षिक प्रतिवेदन

## आर्थिक बर्ष २०८१/०८२

२०८२ मंसिर २७ गते, शनिबार


नियो बचत तथा ऋण सहकारी संस्था लि.

Neo Saving & Credit Co-operative Ltd.

का.म.न.पा २४, फसिकेब, न्युरोड, काठमाण्डौ । फोन नं.: ०१- ५३५१७६०, ५३५१७२३

E-mail : neosavings.co@gmail.com I www.neosaving.com.np

# सञ्चालक समिति



श्री टेक प्रसाद डुम्रे
अध्यक्ष



श्री खिमानन्द न्यौपाने
उपाध्यक्ष



श्रीमती विजु देवी चापागाई(तिवारी)
सचिव



श्री राम चन्द्र पराजुली
कोषाध्यक्ष



श्री लेख नाथ गौतम
सदस्य



श्री यज्ञ मूर्ति न्यौपाने
सदस्य



श्री राजेन्द्र कडेल
सदस्य

# लेखा सुपरिवेक्षण समिति



श्री शान्ति रमण पंगेनी
संयोजक



श्री दशरथ न्यौपाने
सदस्य



श्री पदम बहादुर लामिछाने
सदस्य

## ऋण उपसमिति



श्री नयन ब. पण्डित क्षेत्री
संयोजक



श्री खिमानन्द न्यौपाने
सदस्य



श्री राम चन्द्र पराजुली
सदस्य

## शिक्षा उपसमिति



श्रीमती दिव्या पण्डित क्षेत्री
संयोजक



श्री प्रकाश प्रधान
सदस्य



श्री लेख नाथ गौतम
सदस्य

दर्ता न. १६१०/०६४/०६५

# नियो बचत तथा ऋण सहकारी संस्था लि.
## Neo Saving & Credit Co-operative Ltd.

मिति : २०८२/०७/२६

श्रीमान/श्रीमती/सुश्री ............................................... ज्यू

**विषय : १८ औं बार्षिक साधारण सभामा उपस्थित हुने बारे ।**

महोदय,

यस नियो बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २०८२ साल कार्तिक १९ गते बसेको सञ्चालक समितिको बैठकले यस संस्थाको १८ औं साधारण सभा निम्न मिति, स्थान र समयमा गर्ने निर्णय गरे बमोजिम तपसिलका बिषयहरु उपर छलफल गरि पारीत गर्नु पर्ने भएकोले यस संस्थाका सम्पूर्ण शेयर सदस्य माहानुभावहरुको गरिमामय उपस्थितिको लागि हार्द्धिक अनुरोध गर्दछौं ।

**कार्यक्रम :**

| | | |
|---|---|---|
| सभा हुने मिति | : | **२०८२ मंसिर २७ गते शनिबार, तदनुसार १३ डिसेम्बर, २०२५** |
| स्थान | : | **डिज बुटीक होटेल प्रा.लि, कोटेश्वर, काठमाडौं ।** |
| समय | : | **बिहान ८ :०० बजे ।** |

**तपसिल**

**बार्षिक साधारण सभामा छलफल हुने बिषय/प्रस्तावहरु :**

**प्रस्तावहरु :**

१) सञ्चालक समितिकोतर्फबाट अध्यक्षज्यूले आ.ब.२०८१/०८२ को बार्षिक प्रगति प्रतिवेदन र आगामी आ.ब.२०८२/०८३ को कार्या योजना तथा प्रतिवेदन प्रस्तुत गर्ने र सो उपर छलफल गरि पारीत गर्ने।

२) कोषाध्यक्षज्यूको तर्फबाट आ.ब.२०८१/०८२ को बार्षिक नाफा नोक्सान हिसाब (वासलत) र आ.ब.२०८२/०८३ को अनुमानित बजेट पेश गर्ने र सो उपर छलफल गरि पारीत गर्ने।

३) लेखा समितिकोतर्फबाट लेखा समितिको संयोजकज्यूबाट आ.ब.२०८१/०८२ को वार्षिक प्रतिवेदन पेश गर्ने र सो उपर छलफल गरि पारीत गर्ने।

४) आ.ब.२०८१/०८२ लेखापरिक्षको प्रतिवेदन पेश गर्ने र सो उपर छलफल गरि पारीत गर्ने ।

५) आ.ब.२०८२/०८३ को यस संस्थाको लागि लेखापरिक्षण गर्न लेखापरीक्षक (आन्तरिक र बाह्यि) नियुक्ती र पारिश्रमिक निर्धारण गरि पारीत गर्ने ।

६) सञ्चालक समितिले प्रस्ताव गरेको आ.ब.२०८१/०८२ को नाफाबाट नगद लाभांश वितरण गर्ने प्रस्ताव उपर छलफल गरि पारीत गर्ने ।

७) सञ्चालक समितिको रिक्त सदस्य पदमा नियुक्त हुनु भएको संचालक समितिका सदस्यको नियुक्ती अनुमोदन गरि पारीत गर्ने ।

८) साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न सदस्यहरुको प्रतिनिधि चयन गर्ने ।

९) यस संस्थामा रहेका विभिन्न कोषहरुको रकमहरु स्थान्तरण गर्ने प्रस्ताव पारीत गर्ने ।

१०) विनियम र कार्यविधि संशोधन प्रस्ताव उपर छलफल गरि पारीत गर्ने ।

११) विविध (अध्यक्षज्यूको अनुमतिमा) ।

संचालक समितिको आज्ञाले,

.......................

(टेक प्रसाद डुम्रे)
अध्यक्ष
नियो बचत तथा ऋण सहकारी संस्था लिमिटेड
फोन न. ०१-५३५१७६०/०१-५३५१७२३

# नियो बचत तथा ऋण सहकारी संस्था लि.

**का.म.न.पा २४, फसिकेब, न्युरोड, काठमाण्डौ ।**

## १८ औ बार्षिक साधारण सभा २०८२ मा संचालक समितिकोतर्फबाट अध्यक्षज्यूद्धारा प्रस्तुत आ.ब. २०८१/८२ को बार्षिक प्रतिवेदन



टेक प्रसाद ढुम्रे

### आदरणीय शेयरधनी महानुभावहरू

यस नियो बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १८ औ बार्षिक साधारण सभाका प्रमुख अतिथिज्यू बिशेष अतिथिज्यू, अतिथिज्यूहरु, संस्थाका सल्लाहकारज्यूहरु, निर्वतमान तथा पूर्व अध्यक्षज्यूहरु, आमन्त्रित अन्य संघसंस्थाका अतिथिज्यूहरु, संस्थाका संचालक समिति, लेखा समिति, ऋण उपसमिति र शिक्षा उपसमिति सदस्यज्यूहरु, संस्थाका कानुनी सल्लाहाकार, आदरणीय शेयरधनी महानुभावहरु एंवम कर्मचारी वर्ग तथा हाम्रो आमन्त्रणलाई स्वीकार गरी यहाँ पाल्नु भएका सम्पूर्ण महानुभावहरुलाई यस संस्थाको संचालक समिति र मेरो व्यक्तिगत तर्फबाट हार्द्धिक नमन र स्वागत व्यक्त गर्न चाहन्छु।

### आदरणीय महानुभावहरू

सहकारी एक अर्का बिचको सहकार्यात्मक अवधारणा हो । "एकका लागि सबै र सबैका लागि एक" भन्ने भावना मार्फत व्यक्ति, परिवार, समाज र सम्रग राष्ट्रको आर्थिक एवं सामाजिक उत्थानको लागि गरिने एकिकृत प्रयास नै सहकारी हो।

यस नियो बचत तथा ऋण सहकारी संस्थाले आफ्नो उद्धेश्य अनुसार आर्थिक, सामाजिक, शैक्षिक र न्यायिक क्षेत्रमा स्थापना काल देखि हाल सम्म निरन्तर क्रियाशिल रहदै आएको छ । सहकारीका मुल्य मान्यताहरुलाई पालना र आत्मसाथ गर्दै यस संस्थाले सहकारी समुदाय, खुला बजार निर्माण र सहकारी विकाश पद्धतिमा महत्वपूर्ण योगदान गरेको छ।

काठमाडौँ महानगरपालीका भित्र बसोबास गर्ने नेपाली नागरिकलाई लक्षित गरी सहकारी ऐन २०४८ बमोजिम डिभिजन सहकारी कार्यालय काठमाडौंमा मिति २०६५ सालमा (दर्ता न १६१०/०६४/६५ स्थायी लेखा न ३०२९५५७९०) यस "नियो वचत तथा ऋण सहकारी संस्था लि" नामक सस्था औपचारिक रुपमा दर्ता गरी मुख्यत बचत तथा ऋणको गतिविधी सञ्चालन गर्नुका साथै सामाजिक विकास र बातावरण संरक्षणमा दायित्व निर्वाह गर्दै आएको छ।

अर्थतन्त्रमा आएको शिथिलता र परनिरर्भरताको कारण आर्थिक मन्दीको सृजना भएको र देशभरीबाटै सहकारी क्षेत्रमा उत्पन्न समस्याको कारण आर्थिक संकुचन उत्पन्न हुदाँ पनि यहाँहरुको सहयोग र विश्वासले यस संस्थाको छविमा कुनै हानी नपु-याई संस्थालाई निरन्तर प्रगतिको बाटोमा अगाडी लैजान सकेकोमा यस संचालक समिति एवं व्यक्तिगत रुपमा मलाई पनि सन्तोषको अनुभूती भएको छ। सहयोगी सबैमा धन्यवाद ज्ञापन गर्दछौ।

यस संस्थाको आ.ब. २०८१/०८२ को आषाढ मसान्तसम्म एवं यस बर्षको प्रथम त्रैमासिक सम्मको यस संस्थाको आर्थिक अवस्था संक्षिप्त रुपमा चित्रण गर्न गईरहेको छु। जुन निम्नानुसार रहेको छ।

| विवरणहरु | आ.ब.२०८०/०८१ सम्मको वितिय अवस्था | आ.ब.२०८१/०८२ सम्मको वितिय अवस्था | २०८२ कार्तिक मसान्तसम्म को वितिय अवस्था |
|---|---|---|---|
| शेयर पूँजी रु. | ६,२९,९५,८००। | ६,६०,११,३००। | ६,७२,१७,४००। |
| कुल सम्पत्ति रु. | ५४,१३,५२,०६०। | ४५,५१,५१,६६७। | ५६,९३,८०,५००। |
| कुल निक्षेप संकलन रु. | ४४,२८,८२,२३७। | ३४,६५,४७,७५१। | ४३,४१,४१,६०७। |
| कुल कर्जा लगानी रु. | २९,७१,०२,८०६। | ३१,९७,३९,१५६। | ३४,०२,९९,०२८। |

उल्लेखित तालिका अनुसार यस संचालक समितिको पदावधिमा संस्थाको वितिय परिसुचकमा भएको अवस्था बमोजिम शेयर पूँजीमा बृद्धि ४.७९ प्रतिशत, कुल सम्पत्तिमा संकुचन १५.९२ प्रतिशत, निक्षेप संकलनमा संकुचन २१.७५ प्रतिशत र कर्जा लगानीमा बृद्धि ७.६२ प्रतिशतको हुन पुगेको व्यहोरा समेत अनुरोध गर्दछु।

### आदरणीय शेयरधनी महानुभावहरु

यस संस्थाका सदस्यहरु हामी एकजुट भै संस्थालाई निन्तर संचालन गर्ने विषयमा हामी प्रतिवद्ध छौ । यस सस्थाको आगामी दिनहरु अझै मजबुत, सुशासनयुक्त र आर्थिक पारदर्शिता प्रदान गर्दै सबलताका साथ एक सक्षम सहकारीको रुपमा अगाडी बढाउन सबल रहने विश्वास लिएको छु। यस सहकारी संस्थालाई अगाडी बढाउन नयाँ क्षेत्र पहिचान गरी नयाँ प्रविधिहरुलाई अबलम्बन गरी विभिन्न कार्य योजना बनाई अगाडी बढन तथा सदस्यहरुको विश्वास र भरोसालाई सदैब मुलमन्त्र बनाई सहकारीका सिद्धान्त तथा सहकारी विभागको निर्देशनलाई पालना गर्दै यस सहकारी संस्था दृढसंकल्पका साथ अगाडी बढी रहेकोछ र रहने प्रतिवद्धता पनि व्यक्त गर्दछु। यस सहकारी सस्थाले आफ्ना सदस्यहरुलाई निरन्तर सेवा प्रदान गरि हरेक आर्थिक वर्षको नाफाबाट नगद लाभांश वितरण गर्न सफल भएकोमा हामीलाई सन्तोष लागि रहेको छ। यसले गर्दा यस नियो बचतलाई अझ मजबुत बनाउनेमा हामी विश्वस्त छौ।

### आर्थिक तथा संचालनगत विवरणहरु :

कर्जा लगानी रु ३१,९७,३९,१५६। र जम्मा कुल बचत रु ३४,६५,४७,७५१।

कर्जा नोक्सानी व्यवस्था : राष्ट्रिय सहकारी नियमन प्राधिकरणले दिएको व्यवस्था र NFRS SME अनुसार तथा अन्य आर्थिक विवरण लेखापरिक्षण प्रतिवेदनमा उल्लेख गरिए अनुसार रहेको छ।

**बार्षिक उपलब्धिहरू :**

डिजिटल सेवा बिस्तार गरिएको, लेखा प्रणालिमा NFRS system लागु गरि लेखा राख्ने गरिएको,जोखिम व्यवस्थापनको लागि जोखिम व्यवस्थापन उपसमिति गठन गरिको। बचत तथा कर्जालाई जोखिम बर्गिकरण गरि सोही अनुसार जोखिम विश्लेषण (Risk Analysis) गरिएको, कर्मचारीहरुलाई राष्ट्रिय सहकारी बैक र नेफस्कुनद्धारा संचालित क्षमता अभिबृद्धि तालिमहरु प्रदान गरिएको । काठमाण्डौ महानगरपालिको सहकारी विभाग र सहकारी विभागबाट भएको अनुगमनको समयमा प्राप्त निर्देशन र परिपत्रहरुको प्रतिवेदन संबन्धित विभागहरुमा उपलब्ध गराईएको । संचालक समिति, कर्मचारी वर्ग र शेयर सदस्यहरुलाई सहकारी विभागबाट प्राप्त निर्देशन बमोजिम सहकारीमा बचत तथा ऋण लिदाँ गर्नु पर्ने सम्पत्ति शुद्धिकरण सम्बन्धि नियम र कानुनको परिपालनको बिषयमा तालिम उपलब्ध गराई जानकारी गरिएको। संचालक समितिका एक जना सदस्यले राजिनामा दिनु भै उक्त सदस्य पदमा नयाँ एक जना सदस्य आउनु भएको।

**देखिएका चुनौतीहरू :**

कर्जा असुलिमा कठिनाई, भविष्यमा अधिक तरलता व्यवस्थापनमा चुनौति थपिएको, व्यवसायीक वातावरणमा अस्थिरताको अवस्था, जेन्जी अन्दोलन पछिको नेपालको उत्तरी नाकामा भएको समस्याले आर्थिक संकुचन भै व्यापारीक गतिविधिमा मन्दिको प्रभाव पर्न गै व्यापारीक वर्ग पलायन भै रहेको, कर्जा असुलीमा थप कठिनाईको चुनौती रहेको । राष्ट्रिय सहकारी नियमन प्राधिकरणको नयाँ थप व्यवस्थाले नियामक र थप कानुनी व्यवस्थाको पालना आजको चुनौतीहरु रहेका छन्।

**आगामी बर्षका योजनाहरू :**

जोखिम व्यवस्थापनमा बचत तथा ऋणलाई थप बर्गिकरण गरि यस संस्थालाई थप सुदृढीकरण गर्ने कार्य योजना रहेको । जोखिम विश्लेषण (Risk Analysis) गरी कर्जाको गुणस्तरमा सुधार तथा कर्जा असुली अभियानलाई थपकडाई गरि अगाडि बढिने योजना रहेको छ। डिजिटल सेवाको थप विस्तार तथा स्तरउन्नत गरिने छ। यस संस्थाका सदस्यहरुलाई सहकारी तथा वित्तिय गतिविधिको लागि साक्षरता तथा तालिम कार्यक्रम गर्ने योजना रहेको छ। साथै सुशासन पारदर्शिता तथा अडिट system मा NFRS SME को पूर्ण परिपालनामा तथा मजबुत बनाउन योजना रहेको छ । संस्थामा सम्पत्ती शुद्धिकरण र सहकारी विभाग तथा नियामक निकायबाट प्राप्त निर्देशनहरुलाई पूर्ण परिपालन गर्ने र राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा आबद्ध गर्ने कार्य योजना रहेको।

अन्त्यमा, आजको वार्षिक साधारणसभामा पेश हुने र पारित गर्न पर्ने विषयहरुमा गहन छलफल गरी पारित हुनेछ भन्ने आशा लिदै प्रस्तावहरुको एक एक गरी निर्णय गर्न अनुरोध गर्दछु । संचालक समितिको हाल सम्म भए गरेका निर्णय अनुमोदन र कार्यालय संचालनको  आवश्यक कार्य सम्पादन गर्न आगामी समयको लागी अख्तियारी प्रदान गर्न अनुरोध गर्दछु । यस सहकारी संस्थाको उत्तरोत्तर प्रगति तथा सम्वृद्धिको लागि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग, सदभाव, अमुल्य सुझाव तथा मार्ग दर्शन दिनु भई यस संस्थालाई वर्तमान अवस्थासम्म ल्याई पु-याउनु हुने सम्पूर्ण आदरणीय शेयर सदस्य महानुभावहरु, डिभिजन सहकारी कार्यालय, सहकारी विभाग लगायतका नियामनकारी निकायहरु, कर्मचारी वर्ग एवम समस्त सरोकारवालाहरु प्रति हार्द्धिक कृतज्ञता व्यक्त गर्दछु । शेयरधनी महानुभावहरुको रचनात्मक सल्लाह सुझाव र सहयोगलाई यस संस्थाले सदैव मार्ग दर्शकको रुपमा लिने व्यहोरा प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

धन्यवाद

जय सहकारी

टेक प्रसाद डुम्रे
संचालक समिति
अध्यक्ष

मिति २०८२ साल मंसिर २७ गते

# नियो बचत तथा ऋण सहकारी संस्था लि.

**का.म.न.पा २४, फसिकेव,न्युरोड, काठमाण्डौ ।**



## १८ औ बार्षिक साधारण सभा २०८२ मा संचालक समितिका कोषाध्यक्षज्यूद्वारा प्रस्तुत आ.ब. २०८१/०८२ को बार्षिक आर्थिक प्रतिवेदन

राम चन्द्र पराजुली

यस नियो बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १८ औं बार्षिक साधारण सभाका सभाध्यक्षज्यू प्रमुख अतिथिज्यू,अन्य अतिथिज्यूहरु,यस संस्थाका सल्लाहकारज्यू, पूर्व अध्यक्षज्यूहरु, संस्थाका संचालक समिति, लेखा समिति, ऋण उपसमिति र शिक्षा उपसमिति सदस्यज्यूहरु, संस्थाका कानुनी सल्लाहाकार, आदरणीय शेयरधनी महानुभावहरु एबम कर्मचारी वर्ग तथा हाम्रो आमन्त्रणलाई स्वीकार गरी यहाँ पाल्नु भएका सम्पूर्ण महानुभावहरुलाई यस संस्थाको संचालक समिति र मेरो व्यक्तिगत तर्फबाट हार्द्धिक नमन र स्वागत व्यक्त गर्न चाहन्छु।

म कोषाध्यक्षको हैसियतले तपाईहरु समक्ष यस संस्थाको आ.ब.२०८१/०८२ को आर्थिक प्रतिवेदन सहितको आय व्यय विवरण तथा आ.ब.२०८२/०८३ को लागि अनुमानीत आय व्ययको विवरण प्रस्तुत गर्दछु।

**आ.व.२०८१/०८२ को आय व्ययको वास्तविक हिसाब किताब र आ.ब.२०८२/०८३ को वितिय तथा आय व्ययको अनुमानीत विवरणहरु**

| आम्दानी र खर्चको विवरणहरु | यस बर्षको (रु.) | आगामी आ.ब.२०८२/०८३ को अनुमानीत विवरणहरु (रु.) | कैफियत |
|---|---|---|---|
| शेयर पूँजी रकम | ६,६०,११,३०० | ७,२५,००,००० | |
| जगेडा कोष रकम | १,४४,२७,६३१ | | |
| कुल निक्षेप तथा बचत रकम | ३४,६५,४७,७५१ | ४७,००,००,००० | |
| कुल कर्जा(ऋण) लगानी रकम | ३१,९७,३९,१५६ | ३९,००,००,००० | |
| **कुल सम्पती तथा दायीत्व रकम** | **४५,५१,५२,००७** | | |
| **आम्दानी** | | | |
| ऋण लगानीबाट प्राप्त व्याज आम्दानी | ३,९९,८२,८९६ | ४,०८,००,००० | |
| बैक तथा वित्तीय संस्थाबाट प्राप्त व्याज आम्दानी | ३६,८३,४५७ | २०,००,००० | |
| संचालन आम्दानी | २८,६१,२५२ | २८,००,००० | |
| अन्य आम्दानी | १९,७०,५०९ | ९,००,००० | |
| **कुल संचालन आम्दानी** | ४,८४,९९,११४ | ४,६५,००,००० | |

| | | | |
|---|---|---|---|
| **खर्च** | | | |
| निक्षेप बचतको व्याज खर्च | २,७६,७०,९१८ | २,००,००,००० | |
| कर्मचारी खर्च | २७,३३,३९९ | २६,५६,००० | |
| प्रशासनीक खर्च | २७,२०,३१९ | २७,००,००० | |
| **जम्मा खर्च** | **३,३१,२४,६३७** | **२,५३,५६,०००** | |
| **संचालन मुनाफा** | **१,५३,७३,४७८** | **२,११,४४,०००** | |
| कर्जा नोक्सानी व्यवस्था | ३०,६३,७६३ | ३५,००,००० | |
| ह्रासकट्टी खर्च | ६,५३,३९० | ७,००,००० | |
| आय कर खर्च | २०,७२,९०८ | २५,००,००० | |
| **जम्मा खर्च** | **५७,९०,०६०** | **६७,००,०००** | |
| **खुद नाफा** | **९५,८३,४१७** | **१,४४,४४,०००** | |
| **यस बर्षको प्रति शेयर आम्दानी आ.ब.२०८१/०८२ (ROE)** | | | **१४।५२** |
| **गत बर्षको अनुमानीत बजेट र यस बर्ष प्राप्त यथार्थ विवरणहरुको अवस्था :** | | | |
| **विवरणहरु** | **गत बर्षको अनुमानीत बजेट** | **यस बर्षको वास्ताविक विवरणहरु** | **यस बर्षको प्राप्त लक्ष्यको प्रतिशत** |
| शेयर पूँजी रकम | **६,७५,००,०००** | **६,६०,११,३००** | **९७।७९** |
| कुल निक्षेप तथा बचत रकम | **४८,००,००,०००** | **३४,६५,४७,७५२** | **७२।२०** |
| कुल कर्जा(ऋण) लगानी रकम | **३९,००,००,०००** | **३१,९७,३९,१५७** | **८१।९८** |
| कुल आम्दानी रकम | **५,९३,७५,३००** | **४,८४,९८,११४** | **८१।६८** |
| कुल खर्च रकम | **४,३५,८५,०००** | **३,३१,२४,६३७** | **७६।००** |

अन्य थप जानकारीको लागि यहाँहरुले प्राप्त गर्नु भएको लेखापरिक्षण प्रतिवेदन सहितको वित्तिय विवरण २०८१/०८२ को विवरणबाट लिनु हुन अनुरोध गर्दछु। अन्त्यमा यहाँ उपस्थित सम्पूर्ण महानुभावहरुलाई धन्यवाद दिदै आगामी दिनहरुमा पनि यहाँहरुले आ-आफ्नो ठाउँबाट सुभाव र सल्लाहा दिई यस संस्थालाई सहयोग पु-याई दिनु हुनेछ भनि आशा र भरोसा राखेको छु। सहयोगी सबै पक्षलाई धन्यवाद। यहाँहरुबाट विदा चाहान्छु।

धन्यवाद
जय सहकारी
राम चन्द्र पराजुली
संचालक समिति कोषाध्यक्ष

मिति २०८२ साल मंसिर २७ गते

# नियो बचत तथा ऋण सहकारी संस्था लि.

**का.म.न.पा २४, फसिकेब, न्युरोड, काठमाण्डौ ।**



## १८ औ बार्षिक साधारण सभा २०८२ मा लेखा/सुपरिवेक्षण समितिद्वारा प्रस्तुत आ.ब. २०८१।८२ को वार्षिक प्रतिवेदन

शान्ति रमण पंगेनी

यस नियो बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १८ औं बार्षिक साधारण सभाका सभाध्यक्ष्ज्यू प्रमुख अतिथिज्यू,अन्य अतिथिज्यूहरु,यस संस्थाका सल्लाहकारज्यू, पूर्व अध्यक्षज्यूहरु, संस्थाका संचालक समिति, लेखा समिति, ऋण उपसमिति र शिक्षा उपसमिति सदस्यज्यूहरु, संस्थाका कानुनी सल्लाहाकार, आदरणीय शेयरधनी महानुभावहरु एबम कर्मचारी वर्ग तथा हाम्रो आमन्त्रणलाई स्वीकार गरी यहाँ पाल्नु भएका सम्पूर्ण महानुभावहरुलाई यस संस्थाको लेखा/सुपरिवेक्षण समिति र मेरो व्यक्तिगत तर्फबाट हार्द्धिक नमन र स्वागत व्यक्त गर्न चाहन्छु।

**आदरणीय शेयरधनी महानुभावहरू,**

यस नियो बचत तथा ऋण सहकारी संस्था लिमिटेडको यस समितिले विभिन्न विषयहरुको चेक,जाँच तथा लेखा खातापाताको सुपेरीवेक्षण गर्ने सिलसिलामा संस्थाले राख्ने गरेको हरहिसाव तथा खाताहरु सुपेरीवेक्षण गर्ने क्रममा पाईएका विवरणहरुलाई आधार बनाई हामीले निम्नानुसारको प्रतिवेदन र भएगरेका कृयाकलाप तथा सुझाव तयार गरी पेश गरेका छौं। हाम्रो प्रतिवेदनले यस संस्थामा महत्वपुर्ण भुमिका रहने र राख्ने विश्वास लिएका छौ। साथै यस प्रतिवेदन अनुसार संचालक समितिलाई कार्यन्यवनमा लैजान समेत सहज हुने विश्वास र आशा राखेका छौ।

**क. लेखा समिति कार्यविवरण (Audit Committee Activities)**

१. सहकारी संस्थाको आर्थिक र वित्तीय अभिलेखहरूको नियमित अनुगमन गरीयो।

२. आय-व्यय, कर्जा प्रवाह, बचत तथा अन्य वित्तीय गतिविधिहरूको पारदर्शी समीक्षा गरीयो।

३. सहकारीको आन्तरिक नियन्त्रण प्रणालीको जाँच र सुधारको सिफारिस गरीयो।

४. बार्षिक बजेट तथा योजनाहरूको समीक्षा र सुझाव प्रदान गरीयो।

**उल्लेखित कार्य सम्पन्न गर्दा देखिएको बर्तमान अवस्था यस प्रकार रहेको छ ।**

१) यस संस्थामा विगतका साधारण सभाबाट पारित तथा अनुमोदित बिषयहरु कार्यान्वयन गरी सदस्यहरुमा सेवा सुविधा प्रदान गरिएको पाईयो। यस संस्थाको कुल शेयर सदस्य संख्या ५०८ जना पुगेको पाईयो। संस्थाले निक्षेप संकलन तथा ऋण लगानीमा तोकिएकै व्याजदर र सन्दर्भ व्याजदरको सिमा भित्र रहि रकम लिने दिन गरेको पाईयो। तरलता व्यवस्थापनका लागि संस्थाले राख्ने गरेको बैक मौज्दात र नगद मौज्दातका खाताहरु चेक जाँच गर्दा सबै दुरुस्तै रहेको पाईयो।

२) यस संस्थाले गर्ने गरेको कारोबारहरु प्रचलित सहकारी ऐन नियम र संस्थाको विनियम बमोजिम गरेको, सहकारीका संचालक, शेयर सदस्य, व्यवस्थापक र कर्मचारीलाई विभागवाट जारी सम्पत्ति शुद्धीकरणको निर्देशन सम्वन्धमा पालन गर्नु पर्ने तालिम संचालन गरिएको, सहकारी विभागबाट जारी गरिएको मापदण्ड बमोजिम मासिक प्रगति विवरण नियमित बैठकबाट सञ्चालक सदस्यहरुलाई जानकारी दिने गरेको, यस संस्थाले आफ्नो हरहिसाबलाई आन्तिरक लेखापक्षिणको रुपमा कन्सल्टेन्टको माध्यबाट चुस्त दुरुस्त राख्ने कार्य गरेका पाईयो । व्यवस्थापनले लेखा सुपरिवेक्षण गर्ने कार्यलाई सहज र सरल बनाई हर हिसाबका अभिलेखहरु अध्यावधिक राख्ने गरेको पाईयो ।

## ख. आर्थिक स्थिति (Financial Position Overview)

यस संस्थाको आ.ब. २०८१/०८२ मा निम्न अनुसारको आय व्यय बिवरण रहेको पाइयो ।

ऋणबाट प्राप्त ब्याज आय रु. ३,९९,८२,८९६।

अन्य आम्दानी रु. २८,६१,२५२।

बचतमा ब्याज खर्च रु. २,७६,७०,९१८।

प्रशासनिक तथा कर्मचारी तलब भत्ता र अन्य खर्च गरि रु.५४,३५,७१४। रहेको पाइयो । माथिको आय र व्ययको आधारमा नाफा गतको बर्षमा भन्दा बृद्धि रहेको पाईयो । त्यसैले शेयरधनीहरुलाई नाफा बितरण गर्न सक्ने देखिन्छ।

## ग. सिफारिसहरू (Recommendations)

१. आन्तरिक नियन्त्रण प्रणालीलाई अझ सुदृढ बनाउने ।

२. खराब कर्जा न्यूनिकरणको लागि रणनीति बनाउने ।

३. वित्तीय अभिलेखहरूको नियमित समीक्षा जारी राख्ने ।

४. सदस्यहरूसँग नियमित संवादमार्फत वित्तीय पारदर्शिता कायम राख्ने ।

## सल्लाहा र सुझाव

१) निस्कृय सदस्य घटाउदै सकृय सदस्यता बढाउने ।

२) नियमित बचत गराउन अभिप्रेरित गर्ने ।

३) बचत रकमको अधिकतम प्रयोग र सुरक्षीत लगानीको प्रभावकारी कदम चाल्ने ।

४) कर्जा असुली कार्यमा कडाई गर्ने।

५) खराब कर्जा असुल नभएमा कानुनी कारवाही अगाडी बढाउने।

६) शेयरधनीहरुलाई अधिकतम लाभांश प्रदान गर्न सुझाव गरीएको छ।

ङ) निष्कर्ष (Conclusion)

उपरोक्त जाँच-अनुगमन गर्दा संस्थाको आय व्यय बिवरण, अनुपात विश्लेषण विगत बर्षका सुझावका आधारमा संस्थाले लिएको पहल इत्यादीको आधारमा संस्था एक सवल सक्षम वित्तिय अवस्थामा रहेको र भविष्यमा समेत वृद्धि कायम गर्न सक्षम होस भनी कामना गर्दछौ।

**लेखा समिति**

| | |
|---|---|
| श्री शान्ति रमण पंगेनी | संयोजक |
| श्री दशरथ न्यौपाने | सदस्य |
| श्री पदम बहादुर लामिछाने | सदस्य |

धन्यवाद
जय सहकारी

मिति २०८२ साल मंसिर २७ गते

pb & ASSOCIATES Regd Auditor
Tax Regd. No. 500187942, Commercial Licenses No.2920 'Kha'
Registered with The Institute of Chartered Accountants of Nepal: 7477

**श्री नियो बचत तथा ऋण सहकारी संस्था लिमिटेडको**

**सदस्य महानुभावहरुसमक्ष**

**स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन**

**लेखापरीक्षकको राय**

हामीले श्री नियो बचत तथा ऋण सहकारी संस्था लिमिटेडको यसै साथ संलग्न २०८२।०३।३२ को वित्तीय स्थितिको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान विवरण, अन्य विस्तृत आम्दानीको विवरण, नगद प्रवाह विवरण तथा वित्तीय विवरणसँग संलग्न प्रमुख लेखा नीति तथा लेखा सम्बन्धि टिप्पणीहरूको लेखापरीक्षण नेपाल वित्तीय प्रतिवेदन मान - साना तथा मजौला (NFRS for SME's) बमोजिम सम्पन्न गरेका छौं ।

हाम्रो रायमा र हाम्रो उत्तम जानकारीमा र हामीलाई दिइएको स्पष्टीकरणहरुको अनुसार माथि उल्लेखित वित्तीय विवरणहरुले, सारभूत रुपमा संस्थाको २०८२ आषाढ मसान्तको वित्तीय अवस्था, नाफा वा नोक्सान तथा अन्य विस्तृत आम्दानी विवरण, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन सम्बन्धि विवरण र लेखासम्बन्धी टिप्पणीहरु तथा प्रमुख लेखा नीतिहरु उचित रुपमा चित्रण गर्दछन् र अन्य प्रचलित कानुनहरुको पालना गर्दछन् ।

**राय व्यक्त गर्नुको आधार**

हामीले हाम्रो लेखापरीक्षण, नेपाल लेखापरीक्षणमान (Nepal standard's on Auditing), सहकारी ऐन, सहकारी नियमावली तथा लेखापरीक्षणमान सिद्धान्तको आधारमा रही सम्पन्न गरेका छौं । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरेको The Handbook of the Code of Ethics for Professional Accountant बमोजिम हामी संस्थासँग स्वतन्त्र छौं । वित्तीय विवरण सारभूतरूपमा गलत आंकड़ा रहित छ भन्ने कुरामा विश्वस्त हुनको लागि लेखापरीक्षणमान अनुसार लेखापरीक्षण योजना तयार गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्नुपर्दछ। वित्तीय विवरणमा उल्लेखित रकम र खुलाईएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ । संस्थाले अबलम्बन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेका महत्वपूर्ण अनुमान एवं वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितिको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ । लेखापरीक्षणले हाम्रो मन्तब्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौ ।

**लेखापरीक्षणका मुख्य मामिलाहरु वा प्रमुख विषयहरु (Key Audit Matters)**

मुख्य लेखापरीक्षण मामिला भन्नाले हालको अवधिको वित्तीय विवरणहरूको लेखापरीक्षण गर्दा हाम्रो पेशागत निर्णयका आधारमा सबैभन्दा महत्वपूर्ण ठहरिएका मामिलाहरूलाई जनाउँछ । यस्ता मामिलाहरू लेखापरीक्षकको प्रतिवेदनमा प्रस्तुत गर्दा, व्यवस्थाप्रति जिम्मेवारी वहन गर्ने व्यक्तिहरूसँग सञ्चार गरिएका मामिलाहरूबाट चयन गरिएका हुन्छन् । यी मामिलाहरूको सम्बोधन सम्पूर्ण बित्तीय विवरणहरुको लेखापरिक्षणको सन्दर्भमा गरिएका छन्, र यस सम्बन्धमा हाम्रो राय व्यक्त गर्दा, ती मामिलाहरुमा अलग राय व्यक्त गरिएको छैन ।

हाम्रो लेखापरीक्षणको सन्दर्भमा, मुख्य लेखापरीक्षणका मामिला निर्धारण गर्दा निम्न आधारमा गरिएको छः
(क) संस्थाको कुनै कारोबार उच्च जोखिमयुक्त कारोबार अन्तर्गत रहेको,
(ख) संस्थाको प्रमुख वित्तीय विवरण प्रस्तुतीहरू व्यवस्थापनका अनुमानमा आधारित रहेको, र
(ग) लेखापरीक्षणलाई असर गर्न सक्ने महत्वपूर्ण घटना तथा कारोबारहरूको प्रभाव ।

उपरोक्त व्यहोराहरुको आधारमा, तल वर्णित मामिलाहरू यस प्रतिवेदनमा मुख्य लेखापरीक्षण मामिला (Key Audit Matters) का रूपमा निर्धारण गरी प्रस्तुत गरिएको छ ।

pb & ASSOCIATES Regd auditor

Kathmandu, Nepal 01-43325561, 9851085737, 9851093810 pbassociates57@gmail.com, auditorparas@gmail.com

| मुख्य लेखापरीक्षण मामिलाहरु | लेखापरीक्षणको सम्बोधन |
|---|---|
| **सूचना प्रविधि प्रणली तथा उक्त प्रणालीबाट निस्कने तथ्यांक तथा विवरणहरु** | |
| सहकारीको वित्तीय प्रस्तुतीकरण, सहकारीले अपनाएको सूचना तथा तथ्यांक प्रणालीबाट निस्कने तथ्यांक तथा विवरणमा आधारित रहेको छ ।<br>तथ्यांक प्रणाली अन्तर्गतको तथ्यांक तथा विवरण लेखा प्रयोजनको आवश्यकता बमोजिम रहे नरहेको सुनिश्चित गर्न सुचना प्रणलीको आन्तरिक नियन्त्रण आवश्यकता बमोजिम पर्याप्त तथा उपयुक्त हुनु पर्दछ । लेखा परीक्षण प्रकृया तथा सो को नतिजा समेत सूचना प्रणलीको उपयुक्तमा आश्रित रहने भएकाले उक्त विषयलाई लेखा परीक्षणका मुख्य बुदाँको रुपमा लिइएको छ । | सहकारीले अपनाएको सूचना प्रविधि प्रणली सहकारीको लेखा प्रयोजनका लागि उपयुक्त रहे नरहेको नेपाल लेखा परीक्षण मानको आधारमा जाँच गरिएको छ ।<br>उक्त प्रणालीबाट निस्कने तथ्यांक तथा विवरणहरुको प्रतिलिपिहरुको आधारमा लेखा परीक्षण कार्य सम्पन्न गरिएको छ ।<br>प्रणलीबाट निस्कने तथ्यांकहरुको नमुना आधारमा हिसाब गरी चेक जाँच गरिएको छ । |
| **भाखा नाघेको कर्जाको अवस्था तथा असूली** | |
| सहकारी ऐन २०७४ तथा नियमावली २०७५ बमोजिम ब्याज आम्दानीलाई प्राप्तिका आधारमा (Cash Basis) लेखाङ्न गर्नुपर्ने हुन्छ । सहकारी क्षेत्रमा देखा परेको संक्रमणको स्थितीलाई मध्यनजर गर्दा नाफा नहुने वा कम हुने अवस्थामा भाखा नाघेको ऋण र ब्याजलाई चुक्ता देखाई नयाँ मितीमा पुन लगानी गरी सावाँ ब्याज प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा पाउनु पर्ने ब्याज समेत असुलि देखिएको हुन सक्छ । | ब्याज आम्दानीको लेखाङ्कन सम्बन्धि विषयलाई सम्बोधन गर्न हामिले हाम्रो लेखापरिक्षणमा निम्न प्रक्रिया अवलम्बन गर्यौं<br>संस्थाको सफ्टवेयरमा ब्याज आम्दानी लेखाङ्कन प्रक्रियाको जानकारी लियौं र चेक जाँच गर्यौं ।<br>ऋण पुर्नलगानीको बारेमा सम्बोधन गर्न अन्तिम त्रैमासिकमा लगानी भएको ऋणहरुलाई प्राथमिकतामा राखी नमुनाको आधारमा ऋण फाईलहरु अवलोकन गर्यौं ।<br>अन्य आवश्यक प्रकृयाहरु अविलम्बन गर्यौं । |

## वित्तीय विवरण र लेखापरीक्षकको प्रतिवेदन बाहेक अन्य जानकारी

संस्थाको व्यवस्थापन अन्य जानकारीको तयारीको लागि जिम्मेवार छ । व्यवस्थापनको प्रतिवेदन, सञ्चालक समितिको प्रतिवेदन र अध्यक्षको प्रतिवेदन अन्य जानकारीमा समावेश हुन्छ तर वित्तीय विवरण र हाम्रो लेखापरीक्षण प्रतिवेदन अन्य जानकारी अन्तर्गत पर्दैन । वित्तीय विवरणमा व्यक्त गरेको हाम्रो रायले अन्य जानकारी समावेश गरिएको छैन र हामी उक्त जानकारीमा कुनै पनि आश्वासन निष्कर्ष व्यक्त गर्दैनौ । वित्तीय विवरणको लेखापरीक्षणको सम्बन्धमा, अन्य जानकारीहरु पढ्नु र त्यसो गर्दा उक्त जानकारीहरु वित्तीय विवरणसँग सारभूत रुपमा संगत छन् वा छैनन् भन्ने बारे विचार गर्नु हाम्रो जिम्मेवारी हो । यदि हामीले गरेको लेखापरीक्षणको आधारमा उक्त अन्य जानकारीहरु सारभूत रुपमा असंगत छन् भने हामीले उक्त तथ्यलाई रिर्पोट गर्नु आवश्यक छ । हामीसँग यस सम्बधमा रिपोर्ट गर्न केही छैन ।

## वित्तीय विवरणउपर व्यवस्थापनको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान (NFRS for SME) र प्रचलित ऐन अनुरुप वित्तीय विवरणहरु तयार गर्ने ऐवम उचित रुपमा प्रस्तुतीकरण गर्ने जिम्मेवारी संस्थाको व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरणहरु जालसाजी, त्रुटी र गलत आंकडा रहित सारभूत रुपमा प्रस्तुतिकरण गर्ने संस्थाको लागि आवश्यक आन्तरिक नियन्त्रण प्रणाली विकास गरि निरन्तर प्रभावकारी हुने गरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनोट गरी कार्यन्वयन गर्न र आवश्यकता अनुसार उचित लेखा अनुमान लागु गर्ने कार्य पर्दछन् ।

pb & ASSOCIATES Regd Auditor
Tax Regd. No. 500187942, Commercial Licenses No.2920 'Kha'
Registered with The Institute of Chartered Accountants of Nepal: 7477

## लेखापरीक्षकको उत्तरदायित्व

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर सहकारी ऐन तथा सहकारी विभाग बाट जारी निर्देशन बमोजिम आधारमा राय व्यक्त गर्नु हो । नेपाल लेखापरीक्षणमानले निर्देशन गरेको मार्गदर्शनको आधारमा लेखापरीक्षण सम्पन्न गरिएका छ । लेखापरीक्षणमान अनुसार व्यावसायिक आचारसंहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूतरुपमा गलत आंकडा रहित प्रस्तुत भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्नका लागि लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

वित्तीय विवरणहरुमा खुलासा गरिएका सूचना बारेमा पुष्ट्याई गर्ने यथेष्ट प्रमाण सङ्कलन गर्ने प्रमाणको पूर्ण आंशिक वा छड्के परीक्षण गर्ने विषय लेखापरीक्षण कार्यविधिमा समावेश हुन्छ । लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरणहरु सारभूत रूपमा जालसाजी वा त्रुटी या गलत आंकडा प्रस्तुति हुन सक्ने कुरालाई मध्यनजर राख्दै अवलम्बन गरिने लेखापरीक्षण जोखिमको मूल्याङ्कन व्यावसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको वित्तीय विवरणहरु तयारी तथा यथार्थ प्रस्तुतिकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रणको व्यवस्था तथा उपयुक्तताबारेमा परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता माथि विचार व्यक्त नगर्ने गरी आन्तरिक नियन्त्रणको मनन गर्दछ । वित्तीय विवरणहरु तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तता लगायत वित्तीय विवरणहरुको समग्र स्थितिको मूल्याङ्कन गर्ने कार्य लेखापरीक्षण अन्तर्गत पर्दछ । हामीलाई लेखापरीक्षणमा प्राप्त भएका प्रमाणहरुले मन्तव्य व्यक्त गर्न पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौ ।

## अन्य ऐन तथा नियमहरुको पालना उपर प्रतिवेदन

माथि उल्लिखित व्यहोराका अतिरिक्त हामीले गरेको लेखापरीक्षण तथा हामीलाई प्राप्त सूचना एवं उपलब्ध स्पष्टिकरणको आधारमा देहाय बमोजिम थप प्रतिवेदन पेश गर्दछौं :

१. हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेको सबै सूचना तथा स्पष्टिकरणहरू उपलब्ध भएका छन्

२. हाम्रो रायमा यस प्रतिवेदनसंग सम्बन्धित वित्तीय अवस्थाको विवरण, नाफा नोक्सान विवरण, नगद प्रवाह विवरण, इक्वीटिमा भएको परिवर्तनको विवरण तथा संलग्न अनुसुचिहरु संस्थाले राखेको हिसाब, किताब, बहीखाता श्रेस्ता र लेखासंग दुरुस्त रहेका छन् ।

३. लेखापरीक्षणको सिलसिलामा पाएसम्मको सूचना एवम् हामीलाई दिइएको जानकारी र स्पष्टिकरण तथा संस्थाको हिसाब किताबको परीक्षणको आधारमा सञ्चालक समिति वा प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरित काम गरेको वा अनियमित कार्य गरेको वा संस्थाको सम्पत्ति हिनामिना गरेको वा संस्था र निक्षेपकर्ताहरूको हित संरक्षण विरूद्ध कार्य गरेको हाम्रो जानकारीमा आएन ।

४. हामीले लेखापरीक्षणको क्रममा प्राप्त कैफियतहरुलाई प्रारम्भिक प्रतिवेदन (व्यवस्थापन पत्र) मार्फत व्यवस्थापनमा जानकारी गराएका छौं । सो प्रारम्भिक प्रतिवेदनमा उल्लेख गरिएका कैफियत बाहेक अन्य सारभुत कैफियतहरु छैनन् ।

५. संस्थाले शेयर सदस्य बनाउँदा सहकारी विभागको निर्देशन बमोजिम सदस्यको KYM फारम र सम्वन्धित कागजातहरु पूर्ण रुपमा अद्यावधिक गरि सञ्चालक समितिको निर्णय बमोजिम सदस्यता प्रदान गर्ने व्यवस्था गरेको छ । सक्रिय सदस्यहरुको प्ध फारम अद्यावधिक र कोपोमिस अद्यावधिक कार्य तदारुकताका साथ गरिरहेको छ । निष्कृय सदस्यहरुको पहिचान गरि KYM फर्म भरि सदस्यहरुलाई सक्रिय गराउन थप पहल गर्नुपर्ने देखिन्छ । निष्कृय सदस्यहरुलाई खारेजी गरि सम्वन्धित सदस्यलाई सो को जानकारी दिनेकार्यलाई प्राथमिकता दिनुपर्ने देखिन्छ

६. संस्थाको वित्तिय कारोवारको PEARLS (Protection, Effective Financial Structures, Assets Quality, Rates of Return,Liquidity and Sign of Growth) अनुगमन विधि पूर्णरुपले अवलम्वन गर्नुपर्ने देखिन्छ ।

७. सहकारी प्रर्बद्धन कोषमा छुट्याईएको रकमलाई सहकारी मन्त्रालय अन्तर्गतको सहकारी प्रवर्धन कोषको खातामा दाखिला गर्नुपर्ने देखिन्छ ।

८. संस्थाको कार्यालयबाट हुने काउन्टर कारोवार तथा भल्टको लागि बीमा गरेको पाईयो ।

pb & ASSOCIATES Regd auditor

Kathmandu, Nepal 01-43325561, 9851085737, 9851093810 pbassociates57@gmail.com, auditorparas@gmail.com

pb & ASSOCIATES Regd Auditor
Tax Regd. No. 500187942, Commercial Licenses No.2920 'Kha'
Registered with The Institute of Chartered Accountants of Nepal: 7477

९. ऋण नोक्सानी व्यवस्था गर्दा संस्थाले सहकारी ऐन तथा मापदण्ड बमोजिम असूल हुन बाँकी ऋणलाई भाखा नाघेको आधारमा असल, शंकास्पद तथा खराव गरि तीन वर्गमा वर्गिकरण गरीएको छ साथै नेपाल राष्ट्र बैंकद्वारा जारी बैंक बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाका लागि निर्देशन तथा मापदण्ड, २०८१ अनुसार निम्न उमेर (ageing) म्याट्रिक्स अनुसार क्षयिकरणको व्यवस्था आसार गणना गरीएको छ यसमा जुन वढि आएको छ त्यसलाई क्षयिकरणको व्यवस्थामा वर्गीकरण गरेको छ ।

१०. ऋणी सदस्यहरुसँग प्रक्रियागत शुल्क बापत संस्थाले कर्जाको अवधिको आधारमा एक बर्ष सम्मको कर्जामा अधिकतम एक प्रतिशत लिने गरेको देखिन्छ ।

११. वागमती प्रदेश सहकारी ऐन, २०७६ को दफा ४६(७) बमोजिम बचत तथा ऋण सहकारी संस्थाले सदस्यहरुमा ऋण लगानी गर्दा कुल ऋण लगानीको ६० प्रतिशत उत्पादनमुलक क्षेत्रमा लगानी गर्नुपर्ने देखिन्छ । साथै कुल ऋण लगानीको २५ प्रतिशतमा नवढ्ने गरी घर जग्गामा कर्जाको सीमा निर्धारण गर्नु पर्ने देखिन्छ ।

१२. संस्थाले कारोबारको अभिलेख कम्प्युटर मार्फत राख्ने गरेको र Database Backup दैनिक कारोवार Hard Disk तथा अन्य Backup प्रविधिमा रहने व्यवस्था गरेको पाईयो

१३. हाल लगानी गरिएका नयाँ ऋणहरु सन्दर्भ ब्याजदरको दायरा भित्रै रहेर लगानी गरिएको छ तर संस्थाको दायरामा नआएका केहि पुराना ऋणहरुमा भने पुरानै ब्याजदरमा ब्याज हिसाब गरिएको छ । आवधिक बचत धितो ऋणमा संस्थाको नीति बमोजिम बचतको व्याजदर भन्दा ५ प्रतिशत बढिमा ऋण लगानी भएको पाईयो

१४. संस्थाले लामो समयदेखि प्राप्त हुन बाँकी साँवा तथा ब्याजको असुलीको लागी तदारुपताका साथ प्रचलित कानुनी बाटो अवलम्बन गर्नुपर्ने देखिन्छ ॥

१५. बचत परिचालन र ऋण लगानी तथा असूली नीति परिमार्जन गरि कार्यान्वयनमा ल्याएको छ। सोको कार्यान्वयनमा विशेष जोड दिईनुपर्ने देखिन्छ । साथै संस्थाको विनियमावली सहकारी ऐन तथा नियमावली बमोजिम परिमार्जन गरिनु पर्ने देखिन्छ ।

१६. संस्थालाई सहकारी विभागको सघन अनुगमनबाट प्राप्त सुझाब तथा निर्देशनहरुको पालनामा विषेश जोड दिनुपर्ने देखिन्छ ।

१७. संस्थाले सहकारी विभागको नीति निर्देशन बमोजिम सबै सदस्यहरुको विवरण कोपोमिसमा अद्यावधिक गरि सोहि सदस्यहरुमा मात्र केन्द्रित भई कारोबार गर्नुपर्ने देखिन्छ ।

१८. सस्थाले सामाजिक सुरक्षा कोष श्रम ऐन, २०७४ को अनुपालनमा, सहकारीले सबै कर्मचारीहरूको आधारभूत तलब र ग्रेड रकमको २०% कोषमा योगदान र ११% कर्मचारीहरूको तलबबाट कटौती गरी जम्मा ३१% सामाजिक सुरक्षा कोषमा जम्मा गरेको देखिएन यस सम्वधि कार्यविधि बनाई लागु गनुपर्ने देखिन्छ ।

१९. सहकारी ऐन २०७४ को दफा ५०(८) बमोजिम संस्थाले सदस्यलाई सदस्यता प्राप्त गरेको तिन महिना अवधि पश्चात् ऋण लगानी  गर्नुपर्ने देखिन्छ ।

२०. धितो तथा व्यापारीक कर्जा लगानी गर्दा व्यवसायिक योजना प्राप्त गरि सोहि अनुसार लगानी गर्नुपर्ने देखिन्छ

pb & ASSOCIATES Regd auditor

पारस मणि भण्डारी
नि.पि.वि. एण्ड एसोसिएट्स
रजिष्टार्ड अडिटर

मिति : २०८२/०८/०३

स्थान : काठमाण्डौ, नेपाल
**UDIN No:251126RA07477ykEfC**

# नियो बचत तथा ऋण सहकारी संस्था लि.

का.म.न.पा. २४, फसीकेब, न्यूरोड काठमाण्डौ

## वित्तीय अवस्थाको विवरण (वासलात)

श्रावण १, २०८१ देखि आषाढ ३२, २०८२ सम्मको

| विवरण | टिप्पणी | आषाढ मसान्त २०८२ | आषाढ मसान्त २०८१ |
|---|---|---|---|
| सम्पत्ति | | | |
| नगद तथा वैक मौज्दात | ४.१ | ११,०६,५३,७१२.४५ | २१,०७,८७,२३१.२४ |
| वित्तीय संस्थामा रहेको मुद्दती मौज्दात | ४.२ | - | २,००,००,०००.०० |
| सदस्यहरुलाई लगानी गरिएको ऋण | ४.३ | ३१,९७,३०,१५६.७४ | २८,४८,०२,५८२.४७ |
| शेयर लगानी | ४.४ | १,५६,७९२.०४ | १,४८,५०७.७१ |
| आयकर सम्पत्ति | ४.५ | ८,११,२५६.७३ | २१,७५,३६५.५८ |
| अन्य सम्पत्तिहरु | ४.६ | ७७,४९,९७४.९३ | ६८,६७,७७२.१२ |
| सम्पत्ति तथा उपकरण | ४.७ | १,६०,४१,११४.२५ | १,६५,७०,६०१.३७ |
| स्थगन कर सम्पत्ति | ४.८ | - | - |
| **कुल सम्पत्ति** | | **४५,५१,५२,००७.१३** | **५४,१३,५२,०६०.४८** |
| दायित्व | | | |
| तिर्न बाँकी बाह्य ऋण | ४.९ | - | - |
| सदस्यबाट संकलन गरेको बचत | ४.१० | ३४,६५,४७,७५१.६१ | ४४,२८,८४,२३७.३३ |
| अन्य दायित्वहरु | ४.११ | ६,१५,८२४.४० | ७,२४,५४०.१६ |
| सम्भावित दायित्व तथा प्रतिवद्धता | ४.१२ | - | - |
| आयकर दायित्व | ४.५ | - | - |
| स्थगन कर दायित्व | ४.८ | १७,४८,९३८.३३ | १४,२७,३८४.२४ |
| जम्मा दायित्वहरु | | **३४,८९,१२,५१४.३४** | **४४,५०,३६,१६१.७३** |
| **इक्विटी** | | | |
| शेयर पूँजी | ४.१३ | ६,६०,११,३००.०० | ६,२९,९५,८००.०० |
| साधारण जगेडा कोष | ४.१४ | १,८३,३४,९६७.२४ | १,४४,२७,६३०.७८ |
| अन्य कोषहरु | ४.१५ | २,१८,९३,२२५.५५ | १,८८,९२,४६७.९६ |
| कुल पूँजी | | **१०,६२,३९,४९२.७९** | **९,६३,१५,८९८.७४** |
| **कुल पूँजी तथा दायित्व** | | **४५,५१,५२,००७.१३** | **५४,१३,५२,०६०.४८** |
| संम्भावित दायित्व तथा प्रतिवद्दता | | - | - |
| प्रति शेयर खुद सम्पत्ति | | १६०.९४ | १५२.८९ |

अनुसूची ४.१ देखि ४.२७ सम्म वित्तीय विवरणका अभिन्न अंग हुन् ।

| | | | |
|---|---|---|---|
| राम चन्द्र पराजुली | विजु देवी चापागाई (तिवारी) | खिमानन्द न्यौपाने | टेक प्रसाद डुम्रे |
| कोषाध्यक्ष | सचिव | उपाध्यक्ष | अध्यक्ष |

| | | | | | |
|---|---|---|---|---|---|
| प्रेम बहादुर तामाङ्ग | लेखनाथ गौतम | यज्ञमुर्ति न्यौपाने | राजेन्द्र कडेल | शान्ती रमण पंगेनी | पारस मणि भण्डारी |
| व्यवस्थापक | सदस्य | सदस्य | सदस्य | लेखा समिति संयोजक | लेखापरीक्षक |

# नियो बचत तथा ऋण सहकारी संस्था लि.

का.म.न.पा. २४, फसीकेब, न्यूरोड काठमाण्डौ

## नाफा नोक्सान हिसाव र अन्य विस्तृत आम्दानी

श्रावण १, २०८१ देखि आषाढ ३२, २०८२ सम्मको

| विवरण | टिप्पणी | आषाढ मसान्त २०८२ | आषाढ मसान्त २०८१ |
|---|---|---|---|
| ब्याज आम्दानी | ४.१६ | ४,५९,४१,७७१.१५ | ५,२४,०४,४०९.४८ |
| ब्याज खर्च | ४.१७ | २,७६,७०,९१८.४८ | ३,४५,९७,६७९.०९ |
| खुद ब्याज आम्दानी | | **१,८२,७०,८५२.६७** | **१,७८,०६,७३०.३९** |
| शुल्क तथा कमिशन आम्दानी | ४.१८ | २४,१५,२००.०० | ३५,३७,६२०.०० |
| शुल्क तथा कमिशन खर्च | ४.१९ | - | - |
| खुद ब्याज, शुल्क तथा कमिशन आम्दानी | | **२,०६,८६,०५२.६७** | **२,१३,४४,३५०.३९** |
| अन्य सञ्चालन आम्दानी | ४.२० | ४,४६,०५२.४० | ८,३२,८४८.५४ |
| कुल सञ्चालन आम्दानी | | **२,११,३२,१०५.०७** | **२,२१,७७,१९८.९३** |
| ऋण तथा अन्य सम्पत्तिमा नोक्सानीको जोखिम | | | |
| व्यवस्था/(फिर्ता) | ४.२१ | ३०,६३,७६२.७४ | ५७,४२,३६२.५३ |
| खुद सञ्चालन आम्दानी | | **१,८०,६८,३४२.३३** | **१,६४,३४,८३६.४** |
| सञ्चालन खर्च | | | |
| कर्मचारी खर्च | ४.२२ | २७,३३,३९८.६८ | २७,८३,५५६.२३ |
| प्रशासनिक खर्च | ४.२३ | २७,०४,०१५.५९ | २८,१३,५४०.६८ |
| ह्रासकट्टि र परिषोधन तथा समायोजन खर्च | ४.२४ | ६,५३,३८९.७६ | ८,३६,७१३.४० |
| सञ्चालन नाफा | | **१,१९,७७,५३८.३०** | **१,००,०१,०२६.०८** |
| गैर सञ्चालन आम्दानी | ४.२५ | - | - |
| गैर सञ्चालन खर्च | ४.२६ | - | - |
| आयकर अघिको नाफा | | **१,१९,७७,५३८.३०** | **१,००,०१,०२६.०८** |
| आयकर खर्च | ४.२७ | | |
| चालु आयकर | | २०,७२,५६७.५७ | १२,२६,७४३.७६ |
| गत वर्षको आयकर समायोजन | | - | - |
| स्थगन कर आम्दानी/खर्च | | ३,२१,५५४.०९ | ७,७४,८३५.११ |
| खुद नाफा/(नोक्सान) | | **९५,८३,४१६.६५** | **७९,९९,४४७.२** |
| अन्य विस्तृत आम्दानी : | | | |
| क) नाफा नोक्सान हिसाबमा पुनरवर्गिकरण | | - | - |
| जग्गाको पुर्नमूल्याङ्कनमा भएको नाफा/( | | - | - |
| परिभाषित लाभ योजनामा (घाटा)/लाभको पुन:मापण | | - | - |
| अन्य विस्तृत आम्दानी मार्फत इक्विटी उपकरणहरू | | - | - |
| घटाउ: माथि उल्लेखित विवरणसंग सम्बन्धित स्थगन कर | | - | - |
| ख) नाफा नोक्सान हिसाबमा पुनरवर्गिकरण हुने | | | |
| यस वर्षको अन्य विस्तृत आय | | - | - |
| कुल अन्य विस्तृत आम्दानी | | **९५,८३,४१६.६५** | **७९,९९,४४७** |

अनुसूची ४.१ देखि ४.२७ सम्म वित्तीय विवरणका अभिन्न अंग हुन्।

| | | | |
|---|---|---|---|
| राम चन्द्र पराजुली<br>कोषाध्यक्ष | विजु देवी चापागाईं (तिवारी)<br>सचिव | खिमानन्द न्यौपाने<br>उपाध्यक्ष | टेक प्रसाद डुम्रे<br>अध्यक्ष |

| | | | | | |
|---|---|---|---|---|---|
| प्रेम बहादुर तामाङ्ग<br>व्यवस्थापक | लेखनाथ गौतम<br>सदस्य | यज्ञमुर्ति न्यौपाने<br>सदस्य | राजेन्द्र कडेल<br>सदस्य | शान्ती रमण पंगेनी<br>लेखा समिति संयोजक | पारस मणि भण्डारी<br>लेखापरीक्षक |

# नियो बचत तथा ऋण सहकारी संस्था लि.

का.म.न.पा. २४, फसीकेब, न्यूरोड काठमाण्डौ

## नगद प्रवाह विवरण

श्रावण १, २०८१ देखि आषाढ ३२, २०८२ सम्मको

| सि.न | विवरण | आषाढ मसान्त २०८२ | आषाढ मसान्त २०८१ |
|---|---|---|---|
| क) | सञ्चालन गतिविधिबाट नगद प्रवाह | | |
| | आयकर अघिको नाफा नोक्सान | १,१९,७७,५३८.३० | ७९,९९,४४७.२२ |
| | **समायोजन** | | |
| | ह्रासकट्टि तथा परिशोधन खर्च | ६,५३,३८९.७६ | ८,३६,७१३.४० |
| | चालु आयकर | (२०,७२,५६७.५७) | - |
| | स्थगन कर | (३,२१,५५४.०९) | ७,७४,८३५.११ |
| | बाह्य ऋणको ब्याज खर्च | - | ३,२६,१९४.५५ |
| | | १,०२,३६,८०६.४१ | ९९,३७,१९०.२८ |
| | चालु सम्पत्ति दायित्वमा कमी/(वृद्धि) | | |
| | मुद्दती मौज्दातमा कमी/(वृद्धि) | २,००,००,०००.०० | (२,००,००,०००.००) |
| | सदस्यलाई दिएको ऋण सापटीमा (वृद्धि)/कमि | (३,४९,३६,५७४.२७) | (२,४६,०१,६८२.२७) |
| | आयकर सम्पत्तिहरुमा (वृद्धि)/कमि | १३,६४,१०८.८५ | (४,१२,४९९.५३) |
| | अन्य सम्पत्तिहरुमा (वृद्धि)/कमि | (८,८२,२०२.८१) | (३५,०७,६४०.४०) |
| | सदस्यबाट संकलन गरेको बचतमा वृद्धि/(कमि) | (९,६३,३६,४८५.७२) | १०,४३,१५,४७१.९४ |
| | अन्य दायित्व तथा व्यवस्था वृद्धि/(कमि) | (१,०८,७१५.७६) | (४७,९६२.३१) |
| | स्थगन कर दायित्व वृद्धि/(कमि) | ३,२१,५५४.०९ | - |
| | कारोबार सञ्चालनबाट भएको खुद नगद प्रवाह (क) | (१०,०३,४१,५०९.२२) | ६,५६,८२,८७७.७१ |
| ख) | लगानी गतिविधिबाट नगद प्रवाह | | |
| | लगानीमा कमी/(वृद्धि) | (८,२८४.३३) | (९,७४४.३९) |
| | स्थिर सम्पत्ति (खरिद)/बिक्री | (१,२३,९०२.६४) | (९४,७५०.००) |
| | लगानीबाट खुद नगद प्रवाह (ख) | (१,३२,१८६.९७) | (१,०४,४९४.३९) |
| ग) | वित्तीय गतिविधिबाट नगद प्रवाह | | |
| | शेयर पूँजीमा वृद्धि | ३०,१५,५००.०० | १,९९,८२,७००.०० |
| | बाह्य ऋणमा वृद्धि/(कमि) | - | - |
| | बाह्य ऋणको ब्याज खर्च | - | (३,२६,१९४.५५) |
| | अन्य कोषहरुको वितरण समायोजन | (२६,७५,३२२.६१) | (४५,०३,४८२.६१) |
| | वित्तीय गतिविधिबाट खुद नगद प्रवाह | ३,४०,१७७.३९ | १,५१,५३,०२२.८४ |
| | यस अवधिको खुद नगद प्रवाह (क+ख+ग) | (१०,०१,३३,५१८.८०) | ८,०७,३१,४०६.१६ |
| | नगद तथा नगद समानको शुरुवाती मौज्दात | २१,०७,८७,२३१.२४ | १३,००,५५,८२५.०८ |
| | नगद तथा नगद समानको अन्तिम मौज्दात | ११,०६,५३,७१२.४४ | २१,०७,८७,२३१.२४ |

राम चन्द्र पराजुली
कोषाध्यक्ष

विजु देवी चापागाईं (तिवारी)
सचिव

खिमानन्द न्यौपाने
उपाध्यक्ष

टेक प्रसाद डुम्रे
अध्यक्ष

प्रेम बहादुर तामाङ्ग
व्यवस्थापक

लेखनाथ गौतम
सदस्य

यज्ञमुर्ति न्यौपाने
सदस्य

राजेन्द्र कडेल
सदस्य

शान्ती रमण पंगेनी
लेखा समिति संयोजक

पारस मणि भण्डारी
लेखापरीक्षक

PB & ASSOCIATES

## नियो बचत तथा ऋण सहकारी संस्था लि.

का.म.न.पा. २४, फसीकेब, न्यूरोड काठमाण्डौ

इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण

श्रावण १, २०८१ देखि आषाढ ३२, २०८२ सम्मको

| विवरण | शेयर पूंजी | साधरण जगेडा कोष | अन्य कोष | NFRS समायोजन कोष | जम्मा |
|---|---|---|---|---|---|
| १ श्रावण, २०८१ सालको मौज्दात | ६,२९,९५,८००.०० | १,४४,२७,६३०.७८ | १,३१,८२,९३०.९८ | ५७,०९,५३६.९८ | ९,६३,१५,८९८.७५ |
| समायोजन | – | – | – | – | – |
| १ श्रावण, २०८१ सालको समायोजित मौज्दात | ६,२९,९५,८००.०० | १,४४,२७,६३०.७८ | १,३१,८२,९३०.९८ | ५७,०९,५३६.९८ | ९,६३,१५,८९८.७५ |
| यस वर्षको आय विवरणबाट | – | २०,७२,५६७.५७ | ६२,१७,७०२.७० | – | ८२,९०,२७०.२७ |
| कोष समायोजन (कोषको विवरण) | – | १८,३४,७६८.८९ | (१८,३४,७६८.८९) | – | – |
| अन्य कोषबाट भएको खर्च (कोषको विवरण) | | | (२६,७५,३२२.६१) | – | (२६,७५,३२२.६१) |
| NFRS समायोजन कोष | – | – | – | १२,९३,१४६.३८ | १२,९३,१४६.३८ |
| फेयर भ्याल्युमा मुल्याङ्कन गरिएका इक्विटी उपकरणको लगानीबाट भएको नाफा/(नोक्सान) | – | – | – | – | – |
| पुनर्मुल्याङ्कनबाट भएको नाफा/(नोक्सान) | – | – | – | – | – |
| शेयर पूँजीमा बृद्धि/(कमी) | ३०,१५,५००.०० | – | – | – | ३०,१५,५००.०० |
| ३२ असार, २०८२ सम्मको मौज्दात | ६,६०,११,३००.०० | १,८३,३४,९६७.२४ | १,४८,९०,५४२.१८ | ७०,०२,६८३.३६ | १०,६२,३९,४९२.७८ |

| | | | |
|---|---|---|---|
| राम चन्द्र पराजुली | विजु देवी चापागाईं (तिवारी) | खिमानन्द न्यौपाने | टेक प्रसाद डुम्रे |
| कोषाध्यक्ष | सचिव | उपाध्यक्ष | अध्यक्ष |

| | | | | | |
|---|---|---|---|---|---|
| प्रेम बहादुर तामाङ्ग | लेखनाथ गौतम | यज्ञमुर्ति न्यौपाने | राजेन्द्र कडेल | शान्ती रमण पंगेनी | पारस मणि भण्डारी |
| व्यवस्थापक | सदस्य | सदस्य | सदस्य | लेखा समिति संयोजक | लेखापरीक्षक |

## नियो बचत तथा ऋण सहकारी संस्था लि.

का.म.न.पा. २४, फसीकेब, न्यूरोड काठमाण्डौ

### नाफा नोक्सान बाँडफाँड हिसाब

श्रावण १, २०८१ देखि आषाढ ३२, २०८२ सम्मको

| विवरण | प्रतिशत | आषाढ मसान्त २०८२ | आषाढ मसान्त २०८१ |
|---|---|---|---|
| यस वर्षको मूनाफा | | ९५,८३,४१६.६५ | ७९,९९,४४७.२२ |
| घटाउने : संचित नाफा | | - | - |
| घटाउने : चालु NFRS समायोजन कोष | | १२,९३,१४६.३८ | ३०,९२,४७२.१९ |
| वितरणयोग्य मूनाफा | | ८२,९०,२७०.२७ | ४९,०६,९७५.०३ |
| साधारण जगेडा कोष | २५ | २०,७२,५६७.५७ | १२,२६,७४३.७६ |
| संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रर्वद्धन कोषमा नाफा बाँडफाँड अगाडीको नाफा | | ६२,१७,७०२.७० | ३६,८०,२३१.२७ |
| बाँडफाँड | | | |
| संरक्षित पूँजी फिर्ता कोष | २५ | १५,५४,४२५.६८ | ९,२०,०५७.८२ |
| सहकारी प्रर्वद्धन कोष | ०.५ | ३१,०८८.५१ | १८,४०१.१६ |
| **अन्य कोषमा बाँडफाँड अगाडीको नाफा** | | **४६,३२,१८८.५१** | **२७,४१,७७२.३०** |
| अन्य कोषको बाँडफाँड | | | |
| शेयर लाभांश कोष | ६५ | ३०,१०,९२२.५३ | १७,८२,१५१.९९ |
| कर्मचारी बोनस कोष | ५ | २,३१,६०९.४३ | १,३७,०८८.६१ |
| सहकारी शिक्षा कोष | ५ | २,३१,६०९.४३ | १,३७,०८८.६१ |
| सहकारी विकास कोष | ५ | २,३१,६०९.४३ | १,३७,०८८.६१ |
| सामुदायिक विकास कोष | ५ | २,३१,६०९.४३ | १,३७,०८८.६१ |
| डुबन्त ऋण कोष | ५ | २,३१,६०९.४३ | १,३७,०८८.६१ |
| स्थिरीकरण कोष | ५ | २,३१,६०९.४३ | १,३७,०८८.६१ |
| अन्य जोखिम व्यवस्थापन कोष | ५ | २,३१,६०९.४३ | १,३७,०८८.६१ |
| जम्मा | १०० | ४६,३२,१८८.५१ | २७,४१,७७२.३० |

| राम चन्द्र पराजुली | विजु देवी चापागाईं (तिवारी) | खिमानन्द न्यौपाने | टेक प्रसाद डुम्रे |
|---|---|---|---|
| कोषाध्यक्ष | सचिव | उपाध्यक्ष | अध्यक्ष |

| प्रेम बहादुर तामाङ्ग | लेखनाथ गौतम | यज्ञमुर्ति न्यौपाने | राजेन्द्र कडेल | शान्ती रमण पंगेनी | पारस मणि भण्डारी |
|---|---|---|---|---|---|
| व्यवस्थापक | सदस्य | सदस्य | सदस्य | लेखा समिति संयोजक | लेखापरीक्षक |

Pb & ASSOCIATES

**नियो बचत तथा ऋण सहकारी संस्था लि.**

का.म.न.पा. २४, फसीकेब, न्यूरोड काठमाण्डौं

**वाडफँड कोषहरुको वित्तीय विवरण**

श्रावण १, २०८१ देखि आषाढ ३२, २०८२ सम्मको

**जगेडा कोष विवरण**

| विवरण | गत वर्ष सम्मको रकम | यस वर्षको रकम | कोष मिलान हिसाव | कोष खर्च हिसाव | जम्मा रकम |
|---|---|---|---|---|---|
| जगेडा कोष | १,४४,२७,६३०.७९ | २०,७२,५६७.५७ | १८,३४,७६८.८९ | - | १,८३,३४,९६७.२४ |
| | १,४४,२७,६३०.७९ | २०,७२,५६७.५७ | १८,३४,७६८.८९ | - | १,८३,३४,९६७.२४ |

**अन्य वाडफाड कोषहरु**

सम्बत् २०८२ आषाढ ३२ मा तयार गरिएको वित्तीय विवरणहरू NFRS अन्तर्गत पहिलो आ.व.का वित्तीय विवरणहरु हुन् । ३१ आषाढ, २०८१ अधिका वित्तीय विवरणहरु सहकारीले Nepal Accounting Standards (NAS) (यस पछि 'Previous GAAP' भनेर चिनिनेछ) लेखामान अनुसार तयार गरिएको थियो । ३१ आषाढ, २०८१ को वित्तीय विवरण र १ श्रावण २०८० को वित्तीय विवरण तुलनात्मक जानकारीका लागि NFRS बमोजिम Restated गरिएको छ । अघिल्लो GAAP बाट NFRS मा Transition को प्रभावको Reconciliation र स्पष्टीकरण, सहकारीको वित्तीय स्थितिको विवरण, नाफा वा नोक्सानको विवरण र नगद प्रवाहको विवरण यसै साथ संलग्न गरिएको छ ।

यी नीतिहरु अन्यथा उल्लेख नभएसम्म हरेक बर्ष निरन्तर रुपमा लागु गरिने छन् ।

### २.२ रिपोटिङ्ग अवधि (Reporting Pronouncement) र वित्तीय विवरणको अनुमोदन

सहकारीले नेपाल लेखामान बोर्ड (Accounting Standards Board–ASB) बाट जारी प्रतिवेदन नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standrard -NFRS) का आधारमा रही आ.व. २०८१/८२ का लागि सोही व्यवस्था अनुसार वित्तीय विवरण तयार गरेको छ । NFRS को पालना गर्न निम्न मितिहरु रिपोटिङ्ग अवधिको रुपमा लिइएको छ ।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| राम चन्द्र पराजुली<br>कोषाध्यक्ष | बिजु देवी थापागाई (तिवारी)<br>सचिव | क्षिमानन्द न्यौपाने<br>उपाध्यक्ष | टेक प्रसाद डुम्रे<br>अध्यक्ष | प्रेम बहादुर तामाङ<br>व्यवस्थापक | लेखनाथ गौतम<br>सदस्य | यज्ञमुर्ति न्यौपाने<br>सदस्य | राजेन्द्र कडेल<br>सदस्य | शान्ती रमण पंगेनी<br>लेखा समिति संयोजक | पारस मणि भण्डारी<br>लेखापरीक्षक |

| वित्तीय विवरण | नेपाली मिति | अंग्रेजी मिति |
|---|---|---|
| तुलनात्मक रिपोर्टिंग अवधि | १ श्रावण २०८० - ३१ आषाढ २०८१ | १७ जुलाई २०२३ - १५ जुलाई २०२४ |
| NFRS वासलात मिति | ३२ आषाढ २०८२ | १६ जुलाई २०२५ |
| NFRS रिपोर्टिंग अवधि | १ श्रावण २०८१ - ३२ आषाढ २०८२ | १६ जुलाई २०२४ - १६ जुलाई २०२५ |

### २.३ कार्यात्मक तथा प्रस्तुतिकरण मुद्रा (Functional & Presentation Currency)

नियो बचत तथा ऋण सहकारी संस्था लि.को वित्तीय विवरणहरु कार्यात्मक तथा प्रस्तुति मुद्रा, नेपाली रुपैयामा प्रस्तुत गरिएको छ ।

### २.४ अनुमान, धारणा तथा स्वविवेकको प्रयोग (Use of estimates, assumptions & Judgement)

नेपाल वित्तीय प्रतिवेदनमान (NFRS) बमोजिम वित्तीय विवरण तयार गर्दा सहकारीले निश्चित निर्णय, अनुमान र आवश्यक धारणाहरु समेत बनाएको छ । यी अनुमानहरु संस्थाबाट उपलब्ध जानकारी, सहकारी व्यवस्थापन र संचालक समितिको स्वविवेकमा आधारित रहेका छन् । यसले पछि अन्य विकल्पहरु अझ बढी उपयुक्त हुनसक्थे भन्ने धारणा पनि निर्धारण हुन सक्दछ । सहकारीले उक्त अनुमान, धारणा तथा स्वविवेकको समय अनुकुल पुनरावलोकन गरी आवश्यक भएको अवस्थामा NFRS ले निर्दिष्ट गरे अनुसार समायोजन गर्ने गरेको छ ।

वित्तीय विवरणको तयारीमा निम्न क्षेत्रमा अनुमान, धारणा तथा स्वविवेकको प्रयोगले महत्वपूर्ण भूमिका खेलेको हुन्छ :

- वित्तीय उपकरणको बजार मूल्य निर्धारण (Fair Value of Financial Instruments)
- वित्तीय सम्पत्ति तथा दायित्वको वर्गीकरण (Classification of Financial Assets and Financial Liabilities)
- वित्तीय सम्पत्तिको नोक्सानी व्यवस्था निर्धारण (Impairment Losses on Financial Assets)
- स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको उपयोग अवधि निर्धारण (Useful Economic Life of Property and Equipment)
- आयकर तथा स्थगन कर निर्धारण (Taxation and Deferred Tax)
- सम्भावित दायित्व निर्धारण (Provisions for Liabilities, Commitments and Contingencies)

### २.५ अवीछिन्न संचालन (Going Concern)

नियो बचत तथा ऋण सहकारी संस्था लि. को व्यवस्थापनले संस्थाको निरन्तर सञ्चालन हुन सक्ने क्षमताको मूल्याङ्कन गर्दा संस्था अविछिन्न रुपमा सञ्चालन हुन सक्ने पाएको छ । साथै, व्यवस्थापनले सहकारीको अविछिन्न रुपमा सञ्चालन हुन सक्ने क्षमतामा ह्रास पुऱ्याउने खालको कुनै घटना वा अवस्था पाएको छैन । तसर्थ वित्तीय विवरण संस्थाको निरन्तरता र अविछिन्नतामा आधारित रहेर तयार गरिएको छ ।

### २.६ लेखा नीतिमा परिवर्तन

NFRS मा उल्लिखित लेखा नीति बमोजिम वित्तीय विवरण तयार पार्नु सहकारीको दायित्व हो । लेखा नीतिहरु गत बर्ष झैं समानरुपमा लागु गरिएका छन् । लेखा नीतिमा भएका परिवर्तनहरुको सम्भव भएसम्म असरहरु समेत खुलाइएको छ । NFRS मा उल्लेख नभएका लेखाङ्कनका सम्बन्धमा सामान्य प्रचलित लेखाको सिद्धान्त अपनाइएको छ ।

### २.७ प्रतिबेदन प्रस्तुतीको उद्घोष

सहकारीले वित्तीय विवरण तयार गर्नका लागि नेपाल लेखामान बोर्ड (Accounting Standards Board – ASB) बाट जारी नेपाल वित्तीय प्रतिवेदनमान (Nepal Financial Reporting Standrard -NFRS) अङ्गीकार गरेको छ । NFRS ले अन्तर्राष्ट्रिय लेखामानबोर्ड (IASB) ले जारी गरेको अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदनमान (IFRS) लाई सबै हिसाबमा सम्बोधन गर्छ । यद्यपि ICAN ले प्रकाशित गरेको सूचनाले NFRS अङ्गीकार गर्दा केही उल्लेखित विकल्पहरु (Carve out) पनि अपनाउन सकिने उल्लेख गरेको छ । सहकारीले देहाय बमोजिमको Carve Out अपनाएको छ ।

राम चन्द्र पराजुली, कोषाध्यक्ष | बिजु देवी थापागाई (तिवारी), सचिव | खिमानन्द न्यौपाने, उपाध्यक्ष | टेक प्रसाद डुम्रे, अध्यक्ष | प्रेम बहादुर तामाङ, व्यवस्थापक | लेखनाथ गौतम, सदस्य | यज्ञमुर्ति न्यौपाने, सदस्य | राजेन्द्र कडेल, सदस्य | शान्ती रमण पंगेनी, लेखा समिति संयोजक | पारस मणि भण्डारी, लेखापरीक्षक

### २.७.१ NFRS ९ : वित्तीय उपकरण

क) परिच्छेद ५.४ बमोजिम प्रभावकारी ब्याजदर भन्नाले त्यो दर बुझिन्छ जसले कुनै वित्तीय सम्पत्ति वा दायित्वको भविष्यमा हुने नगद भुक्तानी वा प्राप्त हुने रकमलाई वित्तीय सम्पत्ति वा दायित्वको वर्तमान किताबी मूल्य बराबर डिस्काउन्टिङ गर्दछ । प्रभावकारी ब्याजदर निर्धारण गर्दा कुनै संस्थाले वित्तीय उपकरणसँग सम्बन्धित करार सर्त बमोजिम सबै प्रकारका नगद प्रवाहलाई अनुमान गर्नुपर्छ तर अनुमानित कर्जा नोक्सानीलाई समावेश गर्नुहुदैन । तर नगद प्रवाह अभौतिक र अव्यवहारिक भएमा प्रभावकारी ब्याजदर अनुमान गर्दा सो लाई नगद प्रवाहमा अनुमान गर्न आवश्यक हुदैन ।

ख) परिच्छेद ५.५ बमोजिम परिशोधित मूल्यमा मूल्याङ्कन हुने वित्तीय उपकरणको क्षति र सङ्कलन नहुने खण्डमा देहाय बमोजिमको व्यवस्था गरिएको छ ।

- सहकारी संस्थाले समीक्षा मितिको अन्त्यमा परिशोधित मूल्यमा मूल्याङ्कन हुने कुनै वित्तीय सम्पत्ति वा वित्तीय सम्पत्तिको समूहमा क्षति हुन सक्ने कुनै प्रकारको वस्तुगत प्रमाण रहेको वा नरहेको यकिन गर्नुपर्छ । यदि सो प्रमाण रहेको यकिन भएमा, सहकारीले जोखिम व्यवस्था रकम ICAN द्वारा जारी गरिएको Carve-Out ले तोकिएको नोक्सानी सम्बन्धी व्यवस्था र यस प्रतिबेदनको परिच्छेद ५ बमोजिम हिसाब गरिने क्षतिको रकम मध्ये जुन बढी रहन्छ सो अनुरुप क्षतिको रकम नोक्सानीको रुपमा मूल्याङ्कन गर्नुपर्नेमा यस सहकारीले कर्जालाई सहकारी ऐन, नियमावली तथा संस्थाको बिनियम अनुसार वर्गीकरण गरी आवश्यक रकम कर्जा नोक्सानी व्यवस्था गरिएको छ ।
- कुनै वित्तीय सम्पत्ति वा वित्तीय सम्पत्तिको समूहमा क्षति तब मात्र लेखाङ्कन गरिन्छ जब त्यसमा शुरुवाती मापन पछि एक वा एक भन्दा धेरै घटनाको आधारमा वस्तुगत प्रमाण रहेको पुष्टि हुन्छ अथवा नोक्सानी घटनाले भविष्यमा हुने नगद प्रवाहको अनुमानलाई क्षति पुर्‍याउने कार्य गर्दछ ।
- यदि परिशोधित मूल्यमा मूल्याङ्कन हुने कुनै वित्तीय सम्पत्ति वा वित्तीय सम्पत्तिको समूहमा कुनै प्रकारको क्षति भएको वस्तुगत प्रमाण रहेको यकिन भएमा क्षति रकम सो वित्तीय सम्पत्तिको किताबी मूल्य र भविष्यमा हुने नगद प्रवाहको प्रभावकारी ब्याजदरबाट गणना गरी वर्तमान मूल्य हिसाब गरी सो बीचको अन्तरबाट हिसाब गर्नुपर्दछ ।
- यदि पछिको अवधिहरुमा क्षति रकम घट्छ र सो घटेको रकमलाई क्षति भएको यकिन गरेपछिको कुनै घटनासँग सम्बन्धित गरिन्छ भने, सो क्षति रकमलाई सिधै वा अन्य खाताबाट समायोजन गर्न सकिन्छ ।

### २.८ छुट कारक (Discounting)

सम्पत्ति र दायित्व तथा पट्टा स्थिर रहेको र यसको प्रभाव महत्वपूर्ण भएको अवस्थामा discounting प्रयोग गरिन्छ । यस संस्थाले यो प्रयाग भएमा १०% का दरले Discounting को आधारले लयार गरीने छ ॥

### २.९ NFRS कार्यान्वयनको सीमितता

जहाँ जानकारी पर्याप्त रुपमा उपलब्ध छैन वा अंगीकार गर्नको लागि अव्यवहारिक छन्, NFRS कार्यान्वयनका त्यस्ता अपवादहरुलाई उल्लेख गर्दै सम्बन्धित खण्डमा राखिएको छ ।

## ३. आधारभूत लेखामान नीति

### ३.१ मापनको आधार

निम्न उल्लेखित अवस्थामा बाहेक नियो बचत तथा ऋण सहकारी संस्था लि. को वित्तिय विवरणमा उल्लेख भएका सबै सम्पत्ति तथा दायित्वहरुलाई ऐतिहासिक लागत अवधारणा (Historical cost basis) को आधारमा तयार गरिएको छ ।

- वित्तीय सम्पत्ति र दायित्वलाई शुरुवाती लेखाङ्कन अनुरुप वास्तविक मूल्यमा (fair value) मापन गरिएको छ ।
- सम्पत्ति र उपकरणमा जग्गा बाहेक खरिद मूल्यमा मुल्यांकन गरिएको छ ।
- अन्य आम्दानीको तथा नाफा नोक्सान हिसाबको वास्ताविक मूल्य (FVTOCI / FVTPL) वित्तीय उपकरणहरुलाई लेखाङ्कन गर्दा वास्तविक मूल्यमा fair value आधारित भएर मापन गरिने छ ।
- परिभाषित लाभ योजनाको दायित्व लेखाङ्कन गर्दा परिभाषित लाभ योजनाको वर्तमान मूल्यमा योजना सम्पत्ति, लेखाङ्कन नगरिएको सेवा लागत र लेखाङ्कन नगरिएको बीमांकित नोक्सानीलाई घटाएर देखाउने नीति रहेको छ ।
- लेखाङ्कन नगरिएको बीमांकित लाभ भएमा परिभाषित लाभ योजनाको वर्तमान मूल्यमा जोड्ने नीति रहेको छ ।

## ३.२ नगद वा बैंक मौज्दात

नगद वा नगद समान अर्न्तगत आफुसँग भएको नगद मौज्दात, बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात तथा अन्य अत्यधिक तरल लगानीहरु पर्दछन । साथै, यस अन्तर्गत खरिद गरिएको समय पश्चात तीन महिना वा सोभन्दा कम अवधीमा परिपक्व हुने अत्यधिक तरल वित्तीय सम्पत्तिहरु पनि पर्दछन । सहकारीले अल्पकालिन प्रतिवद्धता पूरा गर्न प्रयोग गर्ने र वास्तविक मूल्य (fair value) परिवर्तन हुन नगण्य जोखिम भएको वित्तीय सम्पत्ति नै नगद तथा नगद समान हो ।

वित्तीय अवस्थाको विवरणमा नगद र नगद समानलाई परिशोधित मूल्य (Amortized cost) मा मापन गरिन्छ ।

## ३.३ बैंक तथा वित्तीय संस्थामा रहेको लगानी

बैंक तथा वित्तीय संस्थामा रहेको लगानी अर्न्तगत खरिद गरिएको समय पश्चात तीन महिना भन्दा बढी र बाह्र महिना भन्दा कम अवधिमा परिपक्व हुने अत्यधिक तरल वित्तीय सम्पत्तिहरु पर्दछन र जसको वास्तविक मूल्य (fair value) मा हुने परिवर्तनको जोखिम नगण्य छ । साथै, यसमा बैंक तथा वित्तीय संस्थाहरुमा रहेको निर्दिष्ट अवधिको लागि फिर्ता र प्रयोगको लागि प्रतिबन्धित रकम पनि समावेश हुन्छन । वित्तीय अवस्थाको विवरणमा बैंक तथा वित्तीय संस्थामा रहेको लगानीलाई परिशोधित मूल्य (Amortized cost) मा मापन गरिन्छ ।

## ३.४ वित्तीय उपकरणहरु (Financial Instruments)

कुनै करार तथा सम्झौता अन्तर्गत भविष्यमा नगद आप्रवाह हुने गरी गरिएको लगानी तथा अरु संस्थाका Equity शेयरमा गरिएको लगानीबाट सिर्जित सम्पत्तिलाई वित्तीय सम्पत्ति भनिन्छ । वित्तीय सम्पत्ति सामान्यतया अन्य सम्पत्ति भन्दा बढी तरल हुने गर्दछ । वित्तीय सम्पत्तिमा नगद तथा सोही प्रकृतिको नगद मौज्दात, बैंक ब्यालेन्स, माग तथा अल्प सूचनामा प्राप्त हुने रकम, ऋणपत्र तथा Equity शेयरमा गरिएको लगानी, Derivative उपकरणमा गरिएको लगानी, कर्जा लगानी आदि पर्दछन् ।

कुनै करार तथा सम्झौता अन्तर्गत भविष्यमा नगद भुक्तानी गरी वा अन्य कुनै वित्तीय सम्पत्ति हस्तान्तरण गरी निसर्ग हुने दायित्वलाई वित्तीय दायित्व भनिन्छ । वित्तीय दायित्वमा बैंक तथा वित्तीय संस्थालाई बुझाउनु पर्ने रकम, Derivative दायित्व, निक्षेप, सापटी, जारी गरिएका ऋणपत्र आदि पर्दछन् ।

### ३.४.१ वित्तीय उपकरणहरुको पहिचान (Financial Instruments Recognition)

कुनै करार वा सम्झौता अन्तर्गत सिर्जित वित्तीय सम्पत्ति वा दायित्वको पहिचान संस्थाले आफ्नो वित्तीय विवरणमा त्यतिबेला मात्र देखाउँछ जब संस्था सो करार वा सम्झौतामा आधिकारिक रुपमा सामेल हुन्छ, अर्थातः when, and only when, it becomes party to contractual provisions of an instrument.

### ३.४.२ वित्तीय उपकरणहरुको वर्गीकरण (Financial Instruments Classification)

#### ३.४.२.१ वित्तीय सम्पत्तिको वर्गीकरण

वित्तीय सम्पत्तिलाई निम्न दुई वर्गमा वर्गीकरण गरिएको छः

(क) Amortized Cost मा मापन गरिएका वित्तीय सम्पत्ति,

**नोट** : Amortized Cost ले वित्तीय सम्पत्ति वा दायित्वको प्रारम्भिक मूल्यलाई प्रभावकारी ब्याज दर (Effective Interest Rate) अनुसार ब्याज रकम, असुल गर्न नसकिएको रकम वा ह्रास (Impairment of losses) र साँवा भुक्तानीको रकम समायोजन गरी गणना गरिएको अवशिष्ट मूल्य (Residual value) लाई जनाउँछ ।

(ख) बजार मूल्यमा (Fair Value) मापन गरिएका वित्तीय सम्पत्ति

उक्त वर्गीकरण निम्न दुई मापदण्डहरुको आधारमा गरिन्छ :

(क) वित्तीय सम्पत्तिलाई व्यवस्थापन गर्न अपनाईएको व्यावसायिक मोडेल (Business Model)

(ख) वित्तीय सम्पत्तिबाट प्राप्त हुने नगद प्रवाहको प्रकृति (Contractual cashflows' characteristics test)

#### (क) परिशोधित लागत (Amortized Cost) मा मापन गरिएका वित्तीय सम्पत्ति

निम्न लिखित दुवै मापदण्डहरु पुरा हुँदाको अवस्थामा वित्तीय सम्पत्तिलाई 'Amortized Cost' मा वर्गीकरण गरी मापन गरिन्छः

**Business Model परीक्षण** - कुनै वित्तीय सम्पत्ति प्राप्ति गर्दा सो लाई पुरै करार अवधि सम्मै निसर्ग नगरी करार अनुसार नगद प्रवाह सङ्कलन गर्ने उद्देश्य भएको र,

**नगद प्रवाहको प्रकृति र विशेषताको परीक्षण** - सम्झौता गरिएको शर्त नाममा उल्लेख गरे बमोजिम तोकिएको मितिमा साँवा तथा त्यसमा पाकेको ब्याजको भुक्तानीको लागि मात्र नगद प्रवाह हुने ।

राम चन्द्र पराजुली कोषाध्यक्ष | विजु देवी थापागाई (तिवारी) सचिव | हिमानन्द न्यौपाने उपाध्यक्ष | टेक प्रसाद डुङ्गे अध्यक्ष | प्रेम बहादुर तामाङ व्यवस्थापक | लेखनाथ गौतम सदस्य | यज्ञमूर्ति न्यौपाने सदस्य | राजेन्द्र कडेल सदस्य | शान्ती रमण पंगेनी लेखा समिति संयोजक | पारस मणि भण्डारी लेखापरीक्षक

**(ख) बजार मूल्यमा (Fair value) मापन गरिएका वित्तीय सम्पत्ति**

Amortized Cost मा मापन गरिएका बाहेकका वित्तीय सम्पत्तिहरु बजार मूल्यमा वर्गीकरण तथा मापन गरिन्छन् । बजार मूल्य भित्र निम्न दुई उपवर्ग रहेका छन्:

१. नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्ति (Fair Value through Profit or Loss),
२. अन्य विस्तृत आयमा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्ति (Fair Value through Other Comprehensive Income).

**नाफा नोक्सान खातामा Fair value समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्ति (Fair Value through Profit or Loss)** - नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिहरुलाई उक्त सम्पत्ति प्राप्ति गर्दाको समयमा नै छोटो समयमा खरिद बिक्री गरी नाफा गर्दै जाने भन्ने उद्देश्यले प्राप्ति गरिएको हुन्छ । तसर्थ, नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिहरुको आवधिक मूल्याङ्कन गरिन्छ तथा यसरी मूल्याङ्कन गर्दा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा देखाइन्छ ।

**अन्य विस्तृत आयमा Fair value समायोजन हुने प्रकृतिको Equity शेयरमा लगानी भई सिर्जीत वित्तीय सम्पत्ति (FVTOCI)** - छोटो समयमा खरिद बिक्री गरी फाईदा आर्जन गर्ने उद्देश्य राखी लगानी गरिएको बाहेक Equity शेयरमा गरिएका लगानीलाई अन्य विस्तृत आयमा fair value समायोजन हुने प्रकृतिका वित्तीय सम्पत्तिमा वर्गीकरण र मापन गरिएको छ । यो वर्गमा वर्गीकरण गर्दा सो निर्णय अपरिवर्तनिय हुने गर्छ । यो वर्गमा वर्गीकृत Equity शेयरमा लगानी भएको वित्तीय सम्पत्तिबाट आर्जन हुने लाभांश आम्दानी सो पाकेको वर्ष नाफा नोक्सान खातामा देखाउने गरिन्छ ।

यस्ता वित्तीय सम्पत्तिको आवधिक पुनःमूल्याङ्कन गर्दा fair value मा भएको परिवर्तनले हुने फाईदा वा घाटालाई अन्य विस्तृत आयमा देखाइन्छ र इक्विटीमा भएको परिवर्तन सम्बन्धीको विवरणमा प्रस्तुत गरिन्छ । उक्त वित्तीय सम्पत्ति निसर्ग गर्दा हुने सञ्चित नाफालाई Equity मा भएको परिवर्तन सम्बन्धीको विवरणबाट सोझै सञ्चित मुनाफामा रकमान्तर गरिन्छ तथापी सो नाफाको कारणले उत्पन्न हुने कर्मचारी बोनस तथा करको खर्चलाई नाफा नोक्सान खातामा नै देखाइएको छ ।

**३.४.२.२ वित्तीय दायित्वको वर्गीकरण**

वित्तीय दायित्वहरुलाई निम्न दुई वर्गमा वर्गीकरण गरिएको छ:

१. नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व (Fair Value through Profit or Loss)
२. Amortized Cost मा वर्गीकृत वित्तीय दायित्व

**नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व (FVTPL)** - नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्वहरुलाई उक्त दायित्व सिर्जना हुँदा छोटो समयमा खरीद बिक्री गरी नाफा गर्दै जाने भन्ने उद्देश्यले सिर्जित भएको हुन्छ । तसर्थ, नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्वहरुको आवधिक मूल्याङ्कन गरिन्छ तथा यसरी मूल्याङ्कन गर्दा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा देखाईन्छ । प्रस्तुत वित्तीय प्रतिवेदनमा नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका कुनै पनि वित्तीय दायित्व रहेको छैन ।

**परिशोधित लागतमा (Amortized Cost) मा मापन गरिएका वित्तीय दायित्व** - नाफा नोक्सान खातामा बजार मूल्य समायोजन हुने प्रकृतिका वित्तीय दायित्व बाहेक अन्य सबै वित्तीय दायित्वलाई Amortized Cost मा वर्गीकृत गरिएको छ । यस्ता Amortized Cost मा वर्गीकृत वित्तीय दायित्वलाई दायित्व सिर्जना हुँदा लागेको खर्च वा लागतलाई समायोजन गरी निकालिएको समायोजित ब्याजदरका आधारमा मापन तथा लेखाङ्कन गरिन्छ । सो वित्तीय दायित्वको परिशोधन खर्च तथा दायित्व निसर्ग हुँदाको समयको फाईदा वा घाटालाई नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ ।

### ३.४.३ वित्तीय उपकरणहरुको मापन (Financial Instrument304265666s Measurement)

#### (क) प्रारम्भिक मापन (Initial Measurement)

वित्तीय सम्पत्ति वा वित्तीय दायित्व सुरुमा बजार मूल्य (fair value) मा मापन गरिनेछ । प्रारम्भिक रूपमा मान्यता प्राप्त वित्तीय सम्पत्ति वा वित्तीय दायित्व at amortized cost र वित्तीय सम्पत्ति at FVTOCI को कारोवार लागत (transaction cost) यसको fair value को साथ समायोजित गरिन्छ । साथै प्रारम्भिक रूपमा मान्यता प्राप्त वित्तीय सम्पत्ति वा वित्तीय दायित्व at FVTPL को कारोवार लागतहरुलाई नाफा वा नोक्सानको विवरणमा मान्यता दिइन्छ ।

वित्तीय सम्पत्तिको लेखा ट्रेड (खरिद बिक्री भएको) मिति वा सम्झौताको मितिमा गरिन्छ । यदि सम्झौताको मिति लागु गरिएमा पुनर्मूल्यांकन उचित मूल्य समायोजन खाता (fair value adjustment account) प्रयोग गरेर गरिन्छ । संस्थानले सबै लगानीहरुमा ट्रेड मिति वा सम्झौता मिति लागु गर्नुपर्दछ । चयनित विधि लेखा नीतिको रूपमा रिपोर्ट गरिनुपर्दछ र निरन्तर रुपमा अपनाउनु पर्छ ।

#### (ख) तत्पश्चात्को मापन (Subsequent Measurement)

प्रारम्भिक मापन पश्चात् वित्तीय सम्पत्ति र दायित्वलाई सो को वर्गीकरणको हिसाबले fair value वा परिशोधित मूल्यमा मापन गरिन्छ ।

प्रारम्भमा परिशोधित लागतमा मापन गरिएका वित्तीय सम्पत्ति वा दायित्वलाई त्यस पश्चात् प्रभावकारी ब्याज दर (Effective Interest Rate) को विधि प्रयोग गरि मापन गरिन्छ ।

कुनै पनि वित्तीय सम्पत्तिबाट भविष्यमा प्राप्त हुने वा वित्तीय दायित्वको लागि भविष्यमा भुक्तानी हुने रकमलाई Discount गर्दा हुन आउने मूल्य सो वित्तीय सम्पत्ति तथा दायित्वको आजको किताबी मूल्य बराबर हुन्छ भने, यसरी भविष्यमा प्राप्त हुने वा भुक्तानी हुने रकमलाई Discount गर्न प्रयोग भएको उक्त ब्याज दरलाई प्रभावकारी ब्याज दर (Effective Interest Rate) भनिन्छ ।

साथै, fair value मा मापन गरिएको वित्तीय सम्पत्तिलाई प्रारम्भको मापन पश्चात् fair value मा नै मापन गरिन्छ । नाफा-नोक्सानको माध्यमबाट fair value मा मापन गरिएको वित्तीय सम्पत्तिको fair value मा आएको फरकलाई नाफा-नोक्सानमा लेखाङ्कन गरिन्छ भने अन्य विस्तृत आम्दानीको माध्यमबाट fair value मा मापन गरिएको वित्तीय सम्पत्तिको fair value मा आएको फरकलाई अन्य विस्तृत आम्दानीमा लेखाङ्कन गरिन्छ ।

### ३.४.४ वित्तीय उपकरणहरुको निसर्ग (Financial Instruments De-recognition)

#### (क) वित्तीय सम्पत्तिको निसर्ग

निम्न उल्लिखित कुनै पनि अवस्थामा सहकारीको वित्तीय सम्पत्ति पूर्ण वा आंशिक रूपमा निसर्ग भएको स्थिति हुन आउँछ :

- सम्झौता अनुसारको नगद प्रवाहमा भएको अधिकार समाप्त हुँदा,
- सम्झौता अनुसारको नगद प्रवाहमा भएको अधिकार हस्तान्तरण गरिएमा सो सँग जोडिएको सम्पूर्ण जोखिम तथा प्रतिफल पनि हस्तान्तरण हुँदा,

यसरी निसर्ग भएको वित्तीय सम्पत्ति निसर्ग हुँदा रहेको किताबी मूल्य र सो निसर्गबाट प्राप्त मूल्य तथा सो सँग सम्बन्धित अन्य विस्तृत नाफा नोक्सान खातामा रहेको सञ्चित फाईदा वा घाटाको योगमा फरक भएमा सो फरक रकमलाई नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ ।

#### (ख) वित्तीय दायित्वको निसर्ग

कुनै वित्तीय दायित्वसँग जोडिएको दायित्वहरु समाप्त भएको अवस्थामा सो दायित्व निसर्ग भएको मानिन्छ । यसरी निसर्ग हुँदा उक्त वित्तीय दायित्वको किताबी मूल्य र निसर्ग हुँदा तिरेको मूल्यमा हुने फरकलाई नाफा नोक्सान खातामा लेखाङ्कन गरिन्छ ।

राम चन्द्र पराजुली कोषाध्यक्ष | विजु देवी थापागाई (तिवारी) सचिव | हिमानन्द न्यौपाने उपाध्यक्ष | टेक प्रसाद डुम्रे अध्यक्ष | प्रेम बहादुर तामाङ व्यवस्थापक | लेखनाथ गौतम सदस्य | यज्ञमूर्ति न्यौपाने सदस्य | राजेन्द्र कडेल सदस्य | शान्ती रमण पंगेनी लेखा समिति संयोजक | पारस मणि भण्डारी लेखापरीक्षक

## ३.४.५ वास्तविक निष्पक्ष बजार मूल्यको निर्धारण (Determination of Fair value)

बजारमा सहभागी व्यक्तिहरु बीचको उचित कारोबारमा सम्पत्ति निसर्गमा प्राप्त हुने रकम वा दायित्व निसर्गमा भुक्तानी गर्नुपर्ने रकम वा बजार अभाव भएको अवस्थामा आफ्नो पहुँच भएको सबैभन्दा फाइदाजनक बजारको मूल्य नै fair मूल्य हो ।

सम्पत्ति वा दायित्वको fair value मापन गर्दा, बजार सहभागीहरूले त्यसलाई कसरी मूल्याङ्कन गर्लान भन्ने धारणा (assumption) प्रयोग गरिन्छ । बजार सहभागीहरू सधैँ आफ्नो आर्थिक हित (economic best interest) अनुसार काम गर्छन भन्ने मानिन्छ ।

Non-financial asset को fair value मापन गर्दा, बजार सहभागीहरूले सो सम्पत्तिबाट कसरी बढी आर्थिक फाइदा लिन सक्छन भन्ने कुरा विचार गरिन्छ - चाहे त्यो सम्पत्तिलाई आफैँले यसको उच्चतम र उत्कृष्ट प्रयोग (highest and best use) मा प्रयोग गरेर होस वा अर्को सहभागीलाई बिक्री गरेर होस ।

Fair value निम्न पदानुक्रम (Hierarchy) अनुसार निर्धारण गरिन्छ :

**तह १** fair value मापन सक्रिय बजारमा हुने उस्तै (identical) सम्पति वा दायित्वको असमायोजित सूचिकृत मूल्य (unadjusted quoted price) लाई मानिन्छ ।

**तह २** fair value मापन सक्रिय बजारमा हुने समान (similar) उपकरणको सूचिकृत मूल्य वा निष्क्रिय बजारमा हुने समान (similar) उपकरणको मूल्य पहिचान तथा प्रयोग गरी उपयुक्त मूल्यांकन विधिहरु अबलम्बन गरी fair value को निर्धारण गर्नु हो ।

**तह ३** वित्तीय उपकरणको fair value मापन observable market data मा आधारित हुदैनन्, अर्थात : यस अनुसार मुल्यांकन गर्दा Discounted लागत र Replacement लागत विधि अनुसार गर्न सकिन्छ ।

## ३.४.६ क्षयीकरण / नोक्सानी व्यवस्था (Impairment)

प्रत्येक रिपोर्टिङ मितिमा सहकारीले सम्पत्तिमा नोक्सानीमा भएको वा नभएको बारे प्रमाण सहित आङ्कलन गर्ने गरेको हुन्छ । उक्त प्रमाणले त्यस्तो सम्पत्तिबाट भविष्यमा प्राप्त हुने नगद प्रवाहलाई नकारात्मक असर गरेको दर्शाएमा सो वित्तीय सम्पत्ति नोक्सान भएको ठहर गरी त्यसमा नोक्सानी व्यवस्था गर्ने गरिन्छ । यस्तो नोक्सानी रहेको छ भन्ने अवस्थाको आङ्कलन कुनै एक व्यक्तिगत प्रमाणबाट मात्र नभई प्रमाणहरुको सामुहिक आङ्कलनबाट पनि गर्नुपर्ने हुन्छ ।

नोक्सानी व्यवस्थाको वस्तुगत मूल्यांकनको लागि सहकारीले निम्नानुसारको बुँदालाई ध्यान दिएको छ :

- ऋणीको खराब वित्तीय अवस्था,
- सम्झौताका सर्तहरुको उल्लङ्घन गरेको जस्तै ब्याज तथा साँवा भुक्तानीमा अनियमितता,
- ऋणी टाट पल्टिन सक्ने सम्भावना रहेको,
- वित्तीय सम्पत्तिबाट सुरुवातमा भविष्यमा प्राप्त हुन सक्ने भनि आङ्कलन गरिएको नगद प्रवाह भन्दा हालै गरिएको आङ्कलन कम भएमा,
- जहाँ ऋणले भौतिक माफी वा तोकिएको भुक्तानीहरूको स्थगनको लागि कानुनी सहारा सुरु गर्छ र आर्थिक दायित्व कम हुने गरी दायित्वको पुनर्संरचनाको लागि सहमति जनाउँछ ।

### ३.४.६.१ वित्तीय सम्पत्तिको क्षयीकरण / नोक्सानी व्यवस्था वा क्षयीकरण / नोक्सानी व्यवस्था फिर्ता तथा अपलेखन

वित्तीय सम्पत्तिको नोक्सानी NAS-39 मा तोकिए बमोजिम 'Incurred Loss Model' वा NFRS-9 अनुसार 'Expected Credit Loss Method' बाट गरिन्छ । Incurred Loss Model अर्न्तगत वित्तीय सम्पत्तिको नोक्सानी यदि हानी / नोक्सानीको वस्तुगत प्रमाण छ भने मात्र गरिन्छ (अर्थात: भविष्यमा हुने घटनाहरुको परिणाम स्वरुप हुने आपेक्षित नोक्सानी कतिनै हुने सम्भावना भएता पनि पहिचान गरिदैन)। त्यस्तैगरी Expected Loss Model अर्न्तगत आपेक्षित नोक्सानीको वास्तविक पूर्वनिर्धारितको (actual default) लागि कुर्नु भन्दा अगाडी नै निर्धारित गरिन्छ ।

NFRS for SME लाई Incurred Loss Model अनुसार नोक्सानी व्यवस्था गरेको हुनाले सहकारीले यसको वित्तीय विवरणमा भएको सदस्यहरुलाई लगानी गरिएको ऋणमा सम्भावित हानी / नोक्सानीको मूल्याङ्कन, NAS-39 "Incurred Loss Model" अनुसार गरेको छ ।

राम चन्द्र पराजुली, कोषाध्यक्ष | विजु देवी थापागाई (तिवारी), सचिव | छिमानन्द न्यौपाने, उपाध्यक्ष | टेक प्रसाद डुङ्गे, अध्यक्ष | प्रेम बहादुर तामाङ, व्यवस्थापक | लेखनाथ गौतम, सदस्य | यज्ञमूर्ति न्यौपाने, सदस्य | राजेन्द्र कडेल, सदस्य | शान्ती रमण पंगेनी, लेखा समिति संयोजक | पारस मणि भण्डारी, लेखापरीक्षक

नोक्सानी व्यवस्था गर्न पर्ने भनी आङ्कलन गर्ने प्रमाणहरुले दर्शाएको अवस्थामा सुधार हुँदा सो सम्पत्तिमा पहिले गरिएको नोक्सानी व्यवस्थालाई फिर्ता गरी नाफा नोक्सान विवरणमा आम्दानी जनाईन्छ तथा यसरी पहिले गरिएको नोक्सानी व्यवस्थाबाट फिर्ता गर्दा सो सम्पत्तिको किताबी मूल्यलाई फिर्ता भए बराबरको रकमले बढाएर देखाइन्छ ।

### ३.४.६.२ परिशोधित लगातमा मापन गरिएको सम्पत्तिमा हानी नोक्सान

ऋणको नोक्सानी व्यवस्था मापन गर्दा, किताबी मूल्यबाट भविष्यमा प्राप्त हुन सक्ने भनि आङ्कलन गरिएको नगद प्रवाहलाई उक्त सम्पत्तिको पहिलो पटक पहिचान र लेखाङ्कन गर्दा प्रयोग गरिएको समायोजित ब्याजदरले Discounting गर्दा हुन आउने रकम बीचको फरकलाई जनाईन्छ । यस्तो नोक्सानी व्यवस्थालाई नाफा नोक्सान विवरणमा खर्चमा लेखांकन गरिन्छ र ऋणको किताबी मूल्यबाट सो नोक्सानी बराबरको रकमलाई घटाएर प्रस्तुत गरिन्छ ।

नोक्सानी व्यवस्था गर्न पर्ने भनी आङ्कलन गर्ने प्रमाणहरुले दर्शाएको अवस्थामा सुधार हुँदा सो सम्पत्तिमा पहिले गरिएको नोक्सानी व्यवस्थालाई फिर्ता गरी नाफा नोक्सान विवरणमा आम्दानी जनाईन्छ तथा यसरी पहिले गरिएको नोक्सानी व्यवस्थाबाट फिर्ता गर्दा सो सम्पत्तिको किताबी मूल्यलाई फिर्ता भए बराबरको रकमले बढाएर देखाइन्छ ।

सहकारीले सदस्यहरुलाई लगानी गरिएको ऋण र भुक्तानी मितिसम्म धारण गरिएको लगानीहरू (Held to maturity investments) को हानीको प्रमाणलाई व्यक्तिगत र सामुहिक स्तर (Individual & Collective level) दुबै तहमा विचार गर्दछ । सबै व्यक्तिगत रूपमा महत्वपूर्ण ऋणहरु र परिशोधित लागतमा मापन गरिएका लगानीहरु विशेष हानीको लागि मूल्यांकन गरिन्छ । विशेष हानी लेखाङ्कन नभएका ऋणहरुको हकमा सामूहिक रुपमा हानी/नोक्सानी मूल्यांकन गरिन्छ ।

**(क) व्यक्तिगत (Individual) रुपमा ऋण नोक्सानी / क्षयीरण व्यवस्था**

व्यक्तिगत रुपमा महत्वपूर्ण ऋणको नोक्सानी व्यवस्था गर्न निम्न आधारहरुलाई मध्यनजर गरिएको हुन्छ :

- सदस्यहरुलाई प्रदान गरिएको ऋण रकम सम्पूर्ण ऋण रकमको तुलनामा महत्वपूर्ण (Significant) रहेको खण्डमा,
- सदस्यहरुको व्यवसायको सम्भाव्यता (Viability of member's business) तथा ऋण भुक्तानी गर्न सक्ने क्षमता (their capacity to repay loan amount),
- भुक्तानी तथा असुलीको अनुमानित रकम र भुक्तानी मिति,
- धितोबाट उठ्न सक्ने अनुमानित रकम ।

संस्थाले NFRS बमोजिम नोक्सानीको एकल मूल्याङ्कनको लागि रु. ३ लाखभन्दा माथिका भाखा नाघेका सम्पूर्ण ऋणहरु समावेश गरेको छ । जस अन्तर्गत, नोक्सानी व्यवस्था / क्षयीकरणको रकम सम्पत्तिको किताबी रकम र ऋणबाट पुनर्प्राप्ती गर्न सकिने रकमको भिन्नताबाट निकालिन्छ । ऋणीसँग सहकारीको पुराना अनुभव र धितोबाट प्राप्त गर्न सकिने मूल्यको आधारमा ऋणको पुनर्प्राप्ती मूल्य अनुमान गरिन्छ ।

**(ख) सामुहिक (Collective) ऋण नोक्सानी / क्षयीरण व्यवस्था**

व्यक्तिगत रुपमा ऋण नोक्सानी व्यवस्था नगरिएका ऋणहरुलाई वस्तुगत प्रमाण (objective evidence of impairment) भएको अवस्थामा मात्र सामूहिक ऋण नोक्सानी / क्षयीकरण अन्तर्गत मूल्याङ्कन गरिन्छ । सामूहिक नोक्सानीको आंकलन गर्दा सहकारीले ऋण नतिर्ने सम्भावना (Probability of default), ऋण नतिर्दा हुने नोक्सानी (Loss Given Default), पुन: स्थापनाको समय (Recovery period) र ऐतिहासिक नोक्सानी अनभव (Historical Loss Experience) तथ्याङ्कीय मोडल प्रयोग गरी गरिन्छ । विश्लेषण, प्रोडक्ट, जोखिम कारकहरु, धितोको पर्याप्तताका आधारमा गरी नोक्सानी व्यवस्थाको निर्धारण गरिन्छ ।

कर्जा तथा सापटीको नोक्सानी व्यवस्था: सहकारी विभागद्वारा जारी गरिएको मापदण्ड अनुसार सहकारीले आफ्ना सदस्यहरूलाई ऋण लगानी गर्दा देहाय वमोजिम ऋण नोक्सानी कोषको व्यवस्था गरेको छ ।

| विवरण | भाखा नाघेको अवधी | नोक्सानी व्यवस्था |
|---|---|---|
| **सामान्य नोक्सानी व्यवस्था (General Loan Loss Provision)** | | |
| असल ऋण (Pass Loan) | भाखा ननाघेको, भााखा नाघी ३ महिना व्यतीत नभएका र सदस्यहरुको बचतको सुरक्षणमा गरेको ऋण | १ प्रतिशत |
| **विशेष नोक्सानी व्यवस्था (Special Loan Loss Provision)** | | |
| कमसल (Sub Standard Loan) | ३ देखि ६ महिनासम्म भाखा नाघेका | २५ प्रतिशत |
| शकास्पद ऋण (Doubtful Loan) | ६ देखि १२ महिनासम्म भाखा नाघेका | ५० प्रतिशत |
| खराब ऋण (Loss Loan) | १२ महिनाभन्दा बढीले भाखा नाघेका | १०० प्रतिशत |

राम चन्द्र पराजुली
कोषाध्यक्ष
विजु देवी थापागाई (तिवारी)
सचिव
खिमानन्द न्यौपाने
उपाध्यक्ष
टेक प्रसाद डुङ्गे
अध्यक्ष
प्रेम बहादुर तामाङ
व्यवस्थापक
लेखनाथ गौतम
सदस्य
यज्ञमूर्ति न्यौपाने
सदस्य
राजेन्द्र कडेल
सदस्य
शान्ती रमण पंगेनी
लेखा समिति संयोजक
पारस मणि भण्डारी
लेखापरीक्षक

### ३.४.६.३ अन्य विस्तृत आय मार्फत Fair value मा वर्गीकरण भएका इक्विटी उपकरणको लगानीको नोक्सानी व्यवस्था

FVTOCI मा वर्गीकृत Equity शेयरमा लगानी भएको वित्तीय सम्पत्तिको आवधिक पुनःमूल्याङ्कन गर्दा fair value मा भएको परिवर्तनले हुने फाईदा वा घाटालाई अन्य विस्तृत आयमा देखाईन्छ । FVTOCI मा वर्गीकृत इक्विटी उपकरणहरू Expected Credit Loss (ECL) मोडेलमा मूल्याङ्कन हुँदैनन् । तर, यदि क्षयिकरणको स्पष्ट प्रमाण पाइन्छ भने (अर्थात: Equity को fair value मा उल्लेख्य वा लामो अवधिको गिरावट भई लागत भन्दा कम भएमा), पहिले OCI मा देखाइएको संचयी घाटा इक्विटीबाट पुनः वर्गीकृत गरी नाफा-नोक्सानमा देखाइन्छ ।

## ३.५ सम्पत्ति तथा उपकरण (Property, Plant and Equipment)

### क) पहिचान तथा मापन (Recognition & Measurement)

सहकारीले स्थिर सम्पत्ति तथा उपकरणलाई उपयोगबाट भविष्यमा आर्थिक लाभ हुने सम्भावना रहेको तथा सो स्थिर सम्पत्ति तथा उपकरणको लागत मापन गर्न सकिएको अवस्थामा मात्र त्यस्ता स्थिर सम्पत्ति तथा उपकरणको पहिचान गर्ने गर्दछ ।

सम्पत्ति तथा उपकरणको प्रारम्भिक मापन लागतमा गरिन्छ । लागतमा खरिद मूल्य तथा प्रत्यक्ष खर्चहरु र भविष्यमा सो सम्पत्ति नष्ट गर्ने वा हटाउने अपरिहार्य अनुमानित खर्चको वर्तमान रकम पर्दछन् । सम्पत्तिमा पछि गरिएका खर्चहरुले भविष्यमा प्राप्त हुने आयमा वृद्धि हुने भएमा उक्त खर्चलाई पूँजीकरण गरिन्छ । निरन्तर हुने साधारण मर्मत खर्चहरु नाफा वा नोक्सान हिसाबमा लेखाङ्कन गरिन्छ । फरक आयु हुने सम्पत्तिका मुख्य भागहरुलाई फरक रुपमा पहिचान र लेखाङ्कन गरी सोही अनुसार ह्रासकट्टी गरिन्छ । सम्पत्तिहरुको अवशिष्ट मूल्य (salvage value), उपयोगी आयु तथा ह्रासकट्टी तरिका हरेक आर्थिक वर्षमा पुनः विचार गरिन्छ र अघिल्लो अनुमान भन्दा फरक परेमा बाँकी अवधिमा समायोजन गर्ने गरी फरकको असर वित्तीय विवरणमा प्रदान गरिन्छ । सहकारीको नीतिको आधारमा वर्षमा ने.रु २,००० सम्मको सम्पती खरिदलाई उनीहरुको उपयोगी जीवनको पर्वाह नगरी खर्च लेखिन्छ ।

सहकारीको सम्पत्ति र उपकरण मध्ये जग्गा बाहेकका सम्पतीलाई लागत मोडेल (Cost Model) मा लेखाङ्कन तथा प्रस्तुत गर्ने लेखा नीति रहेको छ । यस Model अनुसार सम्पत्ति तथा उपकरणलाई सोको ऐतिहासिक लागतबाट सञ्चित ह्रासकट्टी तथा सञ्चित हानी/नोक्सानीलाई घटाएर प्रस्तुत गर्ने गरिन्छ । सहकारीले आफ्नै नाम रहेको जग्गालाई पुनरमूल्याङ्कन मोडेल Revaluation Model अपनाएको छ ।

मिति २०८०।०४।०१ मा जग्गा र भवन बाहेक रहेका सम्पतीको WDV लाई ह्रासकट्टी व्यवस्थामा उल्लेख गरीए विधि अनुसार ह्रासकट्टी गरिएको छ र भवनलाई ४० वर्षको आयु मानी ह्रासकट्टी गरिएको छ । मिति २०८०।०४।०१ पछि खरिद गरिएको सम्पत्ति र उपकरणका तल ह्रासकट्टी व्यवस्थामा उल्लेख गरेको आयु मानि SLM बाट ह्रासकट्टी गरिएको छ ।

### ख) पूँजीगत कार्य प्रगति

निर्माणाधीन स्थिर सम्पत्ति र प्रयोगको लागि तयार नभएका सम्पत्तिहरुको लागत पूँजीगत कार्य प्रगतिमा देखाइन्छ ।

### ग) ह्रासकट्टी व्यवस्था

सहकारीले स्थिर सम्पत्ति तथा कार्यालय उपकरण उपयोगको लागि उपलब्ध भएपछि निसर्ग हुने समय सम्मको अवधिमा ह्रासकट्टी गर्ने गरेको छ । अन्यथा उल्लेख भएकोमा बाहेक, सहकारीले स्थिर सम्पत्ति तथा कार्यालय उपकरणलाई सोको अनुमानित प्रयोग अवधिको आधारमा समदर ह्रासकट्टी प्रणाली (Straight Line Method) अनुसार ह्रासकट्टी गर्ने गरेको छ । सहकारीाको विभिन्न प्रकृतिका स्थिर सम्पत्ति तथा कार्यालय उपकरणको अनुमानित उपयोग अवधि निम्न बमोजिम छ ।

| सम्पत्तिको प्रकृति | उपयोगी जीवन (वर्षमा) |
|---|---|
| फर्नीचर एण्ड फिक्सचर | १० |
| कार्यालय उपकरण | ५ |
| कम्प्युटर तथा उपकरण | ५ |
| सवारी साधन | १० |
| मेशिनरी तथा औजार | ५ |
| अन्य सम्पत्तिहरु | ५ |
| भवन | ४० |

ह्रासकट्टीको प्रयोजनका लागि उल्लेख मितिमा सामान खरिद वा पूँजीगत गरिएको अर्को महिनाबाट प्रारम्भ हुन्छ । सामान बिक्री हुदाँ ह्रासकट्टी बिक्री भएको अघिल्लो महिनासम्म गणना गरिन्छ ।

राम चन्द्र पराजुली कोषाध्यक्ष | बिजु देवी थापागाई (तिवारी) सचिव | ख्गिमानन्द न्यौपाने उपाध्यक्ष | टेक प्रसाद डुम्रे अध्यक्ष | प्रेम बहादुर तामाङ व्यवस्थापक | लेखनाथ गौतम सदस्य | यज्ञमूर्ति न्यौपाने सदस्य | राजेन्द्र कडेल सदस्य | शान्ती रमण पंगेनी लेखा समिति संयोजक | पारस मणि भण्डारी लेखापरीक्षक

घ) <u>निर्सग (Derecognition)</u>

स्थिर सम्पत्ति तथा कार्यालय उपकरण बिक्री गरिएमा अथवा सो को प्रयोगबाट भविष्यमा कुनै पनि आर्थिक लाभ लिन नसकिने अवस्था आइलन भएमा, सो सम्पत्तिको किताबी मूल्यलाई निसर्ग गर्ने गरिन्छ । यसरी निसर्ग गरिदा सोमा हुने फाईदा वा घाटालाई नाफा नोक्सान खातामा प्रस्तुत गरिन्छ ।

### ३.६ अमूर्त सम्पत्ति/साख (Intangible Assets)

अभौतिक सम्पत्तिको लेखाङ्कनको लागि सहकारीले NAS 38 को प्रावधानलाई अपनाएको छ । संस्थाले तल उल्लिखित अवस्थामा मात्र अभौतिक सम्पत्तिको पहिचान गरी लेखाङ्कन गर्ने गरेको छः

- लागतको मापन गर्न सकिने भएमा,
- विगतका घटनाक्रमले सो अभौतिक सम्पत्ति माथि संस्थाको नियन्त्रण भएमा
- भविष्यमा सो अभौतिक सम्पत्तिबाट संस्थाले आर्थिक लाभ लिन सक्ने भएमा

प्रस्तुत वित्तीय विवरणमा कम्प्युटर सफ्टवेयर मात्र एक अभौतिक सम्पत्ति रहेको छ ।

**<u>कम्प्युटर सफ्टवेयर</u> :** कम्प्युटर सफ्टवेयरलाई सोको लागतबाट सञ्चित परिशोधन खर्च तथा नोक्सानी घटाएर प्रस्तुत गरिन्छ । आन्तरिक रुपमा बनाइएका कम्प्युटर सफ्टवेयरको लागत गणना गर्दा सो बनाउन लागेको सम्पूर्ण प्रत्यक्ष खर्चलाई पनि समावेश गरिन्छ र सो सम्पत्तिको अनुमानित उपयोग अवधिमा परिशोधन (Amortization) गरिन्छ । कम्प्युटर सफ्टवेयरको उपयोगी आयु हालको तथा अघिल्लो वर्षको लागि ५ वर्ष निर्धारण गरिएको छ । अभौतिक सम्पत्ति वा सो को महत्वपूर्ण भागबाट पछि आर्थिक लाभ प्राप्त हुने अवस्था नरहेमा वा निसर्ग भएमा सम्पत्तिको निर्सग गरिन्छ । उक्त सम्पत्तिको अघि सारिएको मूल्य र निसर्ग रकमको फरकलाई सोही वर्षमा नाफा वा नोक्सान हिसाबमा लेखाङ्कन गरिन्छ ।

### ३.७ सम्पत्ति तथा उपकरणहरु र अभौतिक सम्पत्तिको हानी / नोक्सानी (Impairment)

सहकारीले वार्षिक रुपमा सम्पत्ति तथा उपकरण, अभौतिक सम्पत्ति र निर्माणाधीन सम्पत्तिमा हानी / नोक्सानीको कुनै संकेत छ वा छैन भनेर निर्धारण गर्न ती सम्पत्तिहरुको किताबी मूल्य (carrying amount) को समिक्षा गर्दछ र कुनै हानी / नोक्सानी भएमा पहिचान गर्दछ । यदि त्यस्तो अवस्था देखा परेमा सम्पत्तिको पुनः प्राप्त योग्य रकम निधारण गरी, हानी / नोक्सानीको सिमा निधारण गरिन्छ । यदि व्यक्तिगत सम्पत्तिको पुनः प्राप्त योग्य रकम निधारण गर्न नसकिएमा, सहकारीले त्यस्ता सम्पत्तिलाई नगद उत्पादन गर्ने समुह (Cash Generating Unit) बाट हुने नगद आर्जनलाई अनुमान गरी हानी / नोक्सानीको परीक्षण गदर्छ । सम्पत्तिको प्रगोगमा भएको मूल्य (value in use) र बजार मूल्यबाट निर्सग गर्दा लाग्ने खर्च घटाई (fair value less cost of disposal) आउने रकम मध्ये जनु बढि हुन्छ त्यसैलाई पुनः प्राप्त योग्य रकम (Recoverable amount) मानिन्छ । साथै, सम्पत्तिको प्रगोगमा भएको मूल्य (value in use) निधारर्ण गर्दा भविष्यमा हुने अपेक्षित नगद प्रवाहालाई कर अघिको बजार दरले डिस्काउट गरी आउने आजको मूल्य बराबरमा प्रतिविम्वित हुन्छ ।

यदि सम्पत्ति (वा नगद उत्पादन गर्ने समुह)को पुनः प्राप्त योग्य रकम यसको किताबी (carrying) रकम भन्दा कम भएमा, carrying रकमलाई पुनः प्राप्ति योग्य रकम बराबरमा घटाइन्छ र हानी / नोक्सानीलााई नाफा नोक्सान विवरणमा लेखाङ्कन गरिन्छ ।

अघिल्ला रिपोटिङ्ग मितिमा लेखाङ्कन गरिएको हानी / नोक्सानीलाई प्रत्येक वर्ष समिक्षा गरिन्छ । सम्पत्तिको पुनः प्राप्त योग्य रकम निर्धारण गर्न अघिल्ला रिपोटिङ्ग मितिमा भन्दा फरक अनुमान प्रयोग भएमा अघिल्ला पहिचान हानी / नोक्सानीलाई उल्टयाइन्छ । यदी त्यस्तो अवस्था सृजना भएमा सम्पत्तिको carrying रकमलाई पुनः प्राप्ति योग्य रकम वा हानी / नोक्सानी व्यवस्था नगरिएको carrying रकममा ह्रास कट्टी घटाएर आउने रकम मध्ये बढि आउने रकम बराबरले बढाएर देखाइन्छ । सम्पत्तिको हानी / नोक्सानी फिर्ता पछि, सम्पत्तिको ह्रास कट्टी सम्पत्तिको बाँकी उपयोगी आयुको आधारमा समान रुपमा निर्धारण गरिन्छ । सम्पत्तिको हानी / नोक्सानी फिर्ता रकमलाई नाफा नोक्सान विवरणमा देखाइन्छ ।

### ३.८ लगानी सम्पत्ति (Investment Property)

लगानी सम्पत्ति अर्न्तगत NAS 16 "सम्पत्ति तथा उपकरणहरु" र NFRS 5 "बिक्रीको लागि आयोजित गैर चालु सम्पत्ति" मा वर्गीकृत सम्पत्ति बाहेक अरु सम्पत्तिहरु पर्दछन । अर्थात: जग्गा, भवन वा दुवै जुन दीर्घकालीन भाडा उत्पादनको लागि वा बढी पूंजी मूल्यांकन (Capital Appreciation) वा दुवैको लागि होल्ड गरिएको छ, र त्यो संस्थाले आफनो प्रशासनिक प्रयोगको लागि ओगटेको छैन ।

| राम चन्द्र पराजुली | बिजु देवी थापागाई (तिवारी) | छिमानन्द न्यौपाने | टेक प्रसाद डुम्रे | प्रेम बहादुर तामाङ | लेखनाथ गौतम | यज्ञमुर्ति न्यौपाने | राजेन्द्र कडेल | शान्ती रमण पंगेनी | पारस मणि भण्डारी |
|---|---|---|---|---|---|---|---|---|---|
| कोषाध्यक्ष | सचिव | उपाध्यक्ष | अध्यक्ष | व्यवस्थापक | सदस्य | सदस्य | सदस्य | लेखा समिति संयोजक | लेखापरीक्षक |

सबै लगानी उद्देश्यका स्थिर सम्पत्तिलाई लागत मूल्यबाट संचित्त ह्रास कट्टी तथा हानी / नोक्सानी घटाएर देखाइन्छ । लागत मूल्यमा सम्पत्ति खरिदमा प्रत्यक्ष लागेको खर्च समावेश पनि गरिन्छ ।

तत्पश्चात् वा पछि भएका खर्च वा लागतलाई सम्पत्तिको carrying रकममा समावेश गरिन्छ वा छुटै सम्पत्तिको रुपमा देखाइन्छ यदि त्यस सम्पत्तिबाट भविष्यमा हुने नगद आयलाई भरपर्दो रुपमा मापन गर्न सकिन्छ । अन्य सम्पूर्ण मर्मत तथा सम्भारलाई सोही वर्षको नाफा नोक्सान खातामा देखाइन्छ ।

प्रारम्भिक मान्यता पछि, संस्थासँग यसको सबै लगानी उद्देश्यका स्थिर सम्पत्तिमा लेखा नीतिको रूपमा लागत मोडेल (Cost Model) वा बजार मूल्य मोडेल (Fair value Model) लागु गर्ने विकल्प छ । Fair value Model मा मापन भएका सम्पत्तिहरू सुरुमा लागतमा र त्यसपछि प्रत्येक रिपोर्टिङ मितिहरूमा fair value मा मापन गरिन्छ र उक्त भिन्नताहरू नाफा वा नोक्सानमा स्थानान्तरण गरिन्छ ।

### ३.९ बिक्रीका लागि राखिएको स्थिर सम्पत्ति (Assets held for sale and discontinued operations)

स्थिर सम्पत्ति (जमीन र भवन) र निकासा समूहहरु (Disposal groups or Non Banking Assets) (निकासा समूहको सम्पत्ति र दायित्व दुवै) लाई निम्न अवस्थामा बिक्रीको लागि राखिएको भनी वर्गीकरण गरिन्छ र तिनको carrying रकम र fair value बाट निर्सग गर्दा लाग्ने लागत घटाई आउने रकम मध्ये जनु कम हुन्छ त्यसैमा मापन गरिन्छ :

(क) तिनको बिक्री सम्भावना उच्च छ,

(ख) तिनीहरु वर्तमान अवस्थामै बिक्रीको लागि उपलब्ध हुन्छन्,

(ग) व्यवस्थापन बिक्रीको लागि राखिएको भनी वर्गीकरण गरिएको मिति देखि एक वर्ष भित्र बिक्री गर्न प्रतिबद्ध छन र बिक्रीको योजना पूरा गर्न आवश्यक कार्यहरूले यसमा उल्लेखनीय परिवर्तनहरू हुन नसक्ने सम्भाव्य छ भनेर संकेत गर्नुपर्दछ ।

निर्सगको लागि राखिएको भनी वर्गीकरण गरिएको सम्पत्तिहरू तथा उपकरणहरु र अभौतिक सम्पत्तिमा वर्गीकरण गरेको मितिबाट ह्रास कट्टी र परिशोधन गरिदैन ।

हालसम्म संस्थाले कुनै पनि गैरचालु सम्पत्तिहरू बिक्रीको लागि वर्गीकरण गरेको छैन ।

### ३.१० आयकर

संस्थाले आयकर लेखाङ्कन NAS 12 – Income Tax को प्रावधान बमोजिम गर्ने गरेको छ । आयकर खर्चमा यस वर्षको कर, स्थगन कर तथा विगत वर्षको कुनै थप कर दायित्व आएमा सो समेत समावेश गरिन्छ । प्रत्यक्ष इक्विटीमा वा अन्य विस्तृत आयमा लेखाङ्कन नगरिएको हदसम्म भने चालु कर र स्थगित करलाई नाफा वा नोक्सानमा लेखाङ्कन गरिन्छ । साथै, जेथा (Equity) मा भएको परिवर्तन सम्बन्धीको विवरण तथा अन्य विस्तृत नाफा नोक्सान खातामा प्रस्तुत हुने कारोबारमा सृजित स्थगन करलाई अन्य विस्तृत नाफा नोक्सान खातामै प्रस्तुत गरिन्छ ।

#### क) चालु कर (Current Tax)

चालु आयकर दायित्व भन्नाले चालु आर्थिक वर्षमा गरिएको मुनाफाबाट आन्तरिक राजश्व विभागलाई तिर्नुपर्ने आयकर रकम हो । आयकर गणना गर्ने प्रयोजनका लागि रिपोर्टिङ मितिमा कार्यान्वयनमा रहेको वा व्यवहारिक रुपमा कार्यान्वयन भएको कर दरहरु प्रयोग गरिन्छ ।सोही अनुरुप चालु आयकरको गणना गर्दा आयकर ऐन २०५८ (संशोधन सहित) मा गरिएको व्यवस्था बमोजिम यस वर्षको नाफालाई आधार मानी २०% का दरले कर गणना गरिएको छ ।

#### ख) स्थगन कर (Deferred Tax)

सम्पत्ति तथा दायित्वहरुबाट सिर्जित हुने वित्तीय विवरणमा गणना गरिएको रकम तथा आयकर ऐनका हिसाबले गणना गरिएको रकममा हुने भिन्नताबाट सिर्जित हुने स्थगन कर सम्पत्ति (वा स्थगन कर दायित्व) लाई वित्तीय अवस्थाको विवरणमा लेखाङ्कन गरी प्रत्येक वर्ष यस्तो स्थगन कर सम्पत्ति (वा दायित्वमा) हुने परिवर्तनलाई नाफा नोक्सान हिसाबमा स्थगन कर आय (वा स्थगन कर खर्च) को रुपमा लेखाङ्कन गरिन्छ । स्थगन कर सम्पत्तिलाई भविष्यमा हुने करयोग्य आयमा दावी गर्न सकिने पर्याप्त विश्वसनीय आधार नभएसम्म सम्पत्तिको रुपमा पहिचान गरिदैंन ।

राम चन्द्र पराजुली, कोषाध्यक्ष | बिजु देवी थापागाई (तिवारी), सचिव | हिमानन्द न्यौपाने, उपाध्यक्ष | टेक प्रसाद डुम्रे, अध्यक्ष | प्रेम बहादुर तामाङ, व्यवस्थापक | लेखनाथ गौतम, सदस्य | यज्ञमुर्ति न्यौपाने, सदस्य | राजेन्द्र कडेल, सदस्य | शान्ती रमण पंगेनी, लेखा समिति संयोजक | पारस मणि भण्डारी, लेखापरीक्षक

### ३.११ जारी गरिएको निक्षेप र सुरक्षण नराखिएको सहायक आवधिक ऋण

#### (क) निक्षेप

सहकारीले आफ्ना सदस्यहरुबाट नियमित, आवधिक, सामान्य आदी प्रकारका निक्षेप स्विकार गर्दछ। सदस्यहरूको निक्षेपहरू प्रारम्भमा कारोबारको लागत घटाई fair value मा पहिचान गरिन्छ। कारोबारको लागत निकै कम हुने भएकाले यी खर्चहरुलाई नाफा वा नोक्सानमा पहिचान गरिन्छ। निक्षेप मापनको लागि कारोबार मूल्यलाई नै fair value मानिन्छ। यी कारोबारहरु सहकारीको अभिलेखहरूमा रेकर्ड गरिएको छ र परिणाम स्वरूप यो सहकारीको दायित्व भई सहकारीले बचतकर्तालाई तिर्नुपर्ने रकमको रुपमा राखिएको छ।

#### (ख) सुरक्षण नराखिएको सहायक आवधिक ऋण (Unsecured Subordinated Term Loan)

सहायक दायित्वहरु ती दायित्वहरू हुन् जुन winding up हुने अवस्थामा बचतकर्ताको दाबीभन्दा पछाडि (सहायक रूपमा) रहन्छन्। सहकारीसँग त्यस्तो कुनै सहायक दायित्व छैन।

### ३.१२ व्यवस्था, आकस्मिक सम्पत्ति/ दायित्व (Provisions, Contingent assets/liabilities)

सहकारी संस्था लि.ले सम्भावित दायित्वहरुको पहिचान तथा लेखाङ्कन NAS 37 – Provisions, Contigent liabilities & Contingent Assets को प्रावधान बमोजिम गर्ने गरेको छ।

विगतमा भएका घटनाहरुको कारण सहकारी संस्था लि.को वर्तमान कानुनी तथा निर्मित दायित्व छ र जसको सजिलै अनुमान लगाउन सकिन्छ र दायित्व राफसाफ गर्न आर्थिक लाभ बाहिरिन्छ भन्ने सम्भावना हुन्छ भने ती दायित्वहरुका निम्ती व्यवस्था लेखाङ्कन गरिन्छ।

आकस्मिक दायित्वको खुलासा जब सम्भावित दायित्व वा वर्तमान दायित्व छ वा हुन सक्छ तर सम्भवतः स्रोतहरू बाहिरिने आवश्यकता नरहेको अवस्थामा गरिन्छ। साथै यदि सम्भावित दायित्व वा वर्तमान दायित्व छ जसको बारेमा स्रोतको बाहिरिने सम्भावना टाढा (remote) छ भने पनि कुनै प्रावधान वा खुलासा गरिदैन।

Onerous सम्झौता व्यवस्थाको लेखाङ्कन त्यस बखत गरिन्छ जब सहकारी संस्था लि.ले सम्झौताबाट प्राप्त गर्ने लाभभन्दा सम्झौता पालना गर्न लाग्ने (अर्थात: रोक्न नसकिने खर्च) बढी हुन्छ।

### ३.१३ आयको पहिचान (Revenue Recognition)

सहकारी संस्थामा आर्थिक लाभ प्रवाहित हुने सम्भावना भएको हदसम्म र मूल्य विश्वसनीय रूपमा मापन गर्न सकिने भएमा आम्दानी लेखाङ्कन गरिन्छ। अन्यथा उल्लेख भएकोमा बाहेक, संस्थाले आम्दानीलाई NFRS 15 - Revenue from Contract with Customer को प्रावधान बमोजिम पहिचान, मापन तथा लेखाङ्कन गर्ने गरेको छ। संस्थाको आय र आय मान्यताको आधारहरू निम्नानुसार छन् :

#### (क) ब्याज आम्दानी

ब्याज आम्दानी अर्न्तगत सदस्यहरुलाई प्रदान गरिएको ऋण लगानी, नगद तथा नगद समान, बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात तथा कर्मचारीलाई प्रदान गरेको ऋणमा प्राप्त ब्याज रकमहरुलाई पर्दछन। ब्याज आम्दानीलाई Accrual Basis मा आम्दानी जनाईएको छ। ICAN बाट जारी Carve out बिकल्प प्रयोग गरी Effective Interest Method बाट ब्याज आम्दानी लेखांकन गरिएको छ। सो अनुसार संस्थाले ऋण लगानीको अग्रिम ऋण व्यवस्थापन शुल्क वा ऋण लगानीमा प्राप्त कमिशनलाई EIR दर गणनामा समावेश गरेको छैन, जसका कारण EIR दर ऋणीहरु लाई प्रदान गरिएको ब्याजदर सँग बराबर हुन्छ। सहकारी बिभागबाट जारी निर्देशनलाई आधारमानी श्रावण १५, २०८१ सम्म प्राप्त भएको ब्याजलाई आ.व. २०८१/८२ मा ब्याज आम्दानी जनाईएको छ। तर आ.ब.२०८१/८२ मा पाउन बाँकी ब्याजलाई ब्याज आम्दानी जनाएता पनि कर्मचारी वोनस र अन्य कोषहरुमा बाँडफाड गरिएको छैन।

#### (ख) शुल्क र कमिशन

कर्जा नवीकरण शुल्क लगायत कर्जा सेवाबाट प्राप्त हुने शुल्क तथा कमिशन साधारणतया सम्बन्धित सेवा प्रदान भइसकेपछि सामान्यतया प्रदभावी आधारमा लेखाङ्कन गरिन्छ।

#### (ग) लाभांश आम्दानी

इक्विटी शेयरबाट प्राप्त लाभांश आम्दानीलाई लाभांश प्राप्त गर्ने अधिकार स्थापित भएपछि लेखाङ्कन गरिन्छ।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| राम चन्द्र पराजुली<br>कोषाध्यक्ष | बिजु देवी थापामगाई (तिवारी)<br>सचिव | खिमानन्द न्यौपाने<br>उपाध्यक्ष | टेक प्रसाद डुम्रे<br>अध्यक्ष | प्रेम बहादुर तामाङ<br>व्यवस्थापक | लेखनाथ गौतम<br>सदस्य | यज्ञमूर्ति न्यौपाने<br>सदस्य | राजेन्द्र कडेल<br>सदस्य | शान्ती रमण पंगेनी<br>लेखा समिति संयोजक | पारस मणि भण्डारी<br>लेखापरीक्षक |

**(घ) अनुदान आय**

निर्दिष्ट भविष्य कार्यसम्पादन शर्त तोकिएका अनुदानहरू; कार्यसम्पादन सर्तहरू पूरा हुँदा आयको रूपमा लेखांकन गरिन्छ । निर्दिष्ट भविष्य कार्यसम्पादन शर्त नतोकिएका अनुदानहरू अनुदान प्राप्त हुने कुरा निश्चित हुने बित्तिकै आयको रूपमा लेखांकन गरिन्छ । प्राप्त भएका तर आम्दानीको रूपमा लेखांकन नगरिएका अनुदानलाई दायित्वको रूपमा लेखांकन गरिन्छ ।

## ३.१४ ब्याज खर्च

निक्षेप सहित परिशोधन लागतमा मापन गरिएका सबै वित्तीय दायित्वहरूमा ब्याज खर्चलाई प्रभावकारी ब्याजदर विधि प्रयोग गरि नाफा वा नोक्सानको विवरणमा पहिचान गरिन्छ ।

नाफा वा नोक्सान मार्फत fair value मा मापन गरिएका सबै वित्तीय दायित्वहरूको ब्याज खर्चलाई प्रोदभावी आधारमा लेखाङ्कन गरिन्छ ।

## ३.१५ बहाल (पट्टा)

कुनै करारले प्रतिफल प्राप्त हुने गरी निश्चित अवधिको लागि सम्पत्तिको प्रयोगमा नियन्त्रण गर्ने अधिकार प्रदान गरेमा त्यस्तो करार बहाल हुन्छ । पट्टाको प्रकृति अनुसार वित्तीय पट्टा (Finance Lease) वा सञ्चालन पट्टा (Operating Lease) को रुपमा लेखाङ्कन गर्नुपर्ने हुन्छ । कुनै पनि पट्टा वित्तीय पट्टा (Finance Lease) वा सञ्चालन पट्टा (Operating Lease) हो भन्ने कुरा त्यसको सम्झौता / करारको स्वरुप भन्दापनि कारोवारको वास्तविक सारमा निर्भर हुन्छ (i.e. depends on the substance of the transaction instead of the form of the contract) ।

**(क) वित्तीय पट्टा (Finance Lease)**

कुनै पनि पट्टाले स्वामित्वसँग सम्बन्धित धेरैजसो जोखिम र लाभहरू स्थानान्तरण गर्ने हो भने (transfers substantially all the risks and rewards incidental to ownership) त्यसलाई वित्तीय पट्टा (Finance Lease) भनिन्छ । वित्तीय पट्टामा करार लागु हुने मितिमा सहकारीले सम्पत्तिको प्रयोगको अधिकार (Right-of-use asset) र बहाल दायित्व (Lease liability) को पहिचान गर्दछ । त्यस्तो सम्पत्तिको प्रयोगको अधिकारको मापन लागतमा गरिन्छ भने बहाल दायित्वको मापन भविष्यमा हुने बहाल अन्तर्गतका भुक्तानीहरुलाई सापटीको दरले डिस्काउन्टिङ गरिन्छ । प्रस्तुत वित्तीय विवरण अवधिमा संस्थाको कुनै पनि वित्तीय पट्टा (Finance Lease) भएको छैन ।

**(क) सञ्चालन पट्टा (Operating Lease)**

यदि स्वामित्वसँग सम्बन्धित धेरैजसो जोखिम र लाभहरू स्थानान्तरण नगर्ने हो भने त्यसलाई सञ्चालन पट्टा (Operating Lease) भनिन्छ । Operating Lease अन्तर्गत निम्न अवस्थामा बाहेक तिर्नुपर्ने भाडा भुक्तानी (Lease Payment) (बीमा र मर्मतसम्भार जस्ता सेवाहरूको लागत बाहेक) खर्चको लेखाङ्कन पट्टा अवधी (Lease Term) भर Straight Line Basis गण्ना विधि अनुसार गरिन्छ :

(क) अर्को कुनै विधिबाट पट्टा खर्च लेखांकन गर्नु उपयुक्त देखिएमा वा

(ख) पट्टा भुक्तानी अपेक्षित मुद्रास्फिति अनुसार तय गरिएको देखिएमा

पट्टा भुक्तानी अपेक्षित मुद्रास्फिति अनुसार तय गरिएको हुँदा भुक्तानी भएको रकमलाई नै खर्चको रूपमा लेखांकन गरिएको छ ।

## ३.१६ कर्मचारी सुविधा

कर्मचारीले संस्था लि.लाई प्रदान गरेको सेवा बापत सहकारी संस्था लि.ले कर्मचारीलाई प्रदान गर्ने सम्पूर्ण रकम तथा सेवा सुविधालाई कर्मचारी खर्च अन्तर्गत प्रस्तुत गरिन्छ । यस्तो खर्चलाई अल्पकालीन खर्च तथा दीर्घकालीन खर्चका रुपमा वर्गीकरण गर्न सकिन्छ । कर्मचारी खर्चको पहिचान, मापन तथा लेखाङ्कन NAS 19–"Employee Benefits" को प्रावधान बमोजिम गरिएको छ ।

**(क) अल्पकालिन प्रकृतिका कर्मचारीको सुविधा**

तलब, भत्ता, बिदा वापतको रकम भुक्तानी, नाफामा आधारित बोनस तथा प्रत्येक आर्थिक वर्ष समाप्त भएको १२ महिना भित्र भुक्तानी गरिने अन्य सुविधाहरु अल्पकालीन कर्मचारी खर्च अन्तर्गत पर्दछन् । यस प्रकृतिको खर्चको लेखाङ्कन कर्मचारीले सेवा प्रदान गरेकै अवधिमा गरिन्छ ।

**कर्मचारी बोनसको व्यवस्था -** सहकारी संस्थाले कर्मचारी बोनसको व्यवस्था बोनस ऐन, २०७५ बमोजिम खुद नाफाको १०% का दरले व्यवस्था नगरी सहकारी ऐन, २०७५ बमोजिम खुद नाफाको ५% का दरले गरेको छ ।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| राम चन्द्र पराजुली<br>कोषाध्यक्ष | बिजु देवी थापागाई (तिवारी)<br>सचिव | खिमानन्द न्यौपाने<br>उपाध्यक्ष | टेक प्रसाद डुम्रे<br>अध्यक्ष | प्रेम बहादुर तामाङ<br>व्यवस्थापक | लेखनाथ गौतम<br>सदस्य | यज्ञमुर्ति न्यौपाने<br>सदस्य | राजेन्द्र कडेल<br>सदस्य | शान्ती रमण पंगेनी<br>लेखा समिति संयोजक | पारस मणि भण्डारी<br>लेखापरीक्षक |

(ख) **रोजगार पछिको सुविधा (Post Employment Benefits)**

१. **परिभाषित योगदान योजना (Defined Contribution Plan)**

परिभाषित योगदान योजना रोजगार पछि प्राप्त हुने लाभ योजना हो जसमा संस्थाले कुनै निश्चित गरिएको रकम छुट्टै बैंक खाता/कोषमा योगदान गर्दछ । NAS 19 "Employee Benefit" अनुसार यस्तो योजनामा यदि कोषले भविष्यमा कर्मचारीको दायित्व भुक्तानी गर्ने समयमा पर्याप्त सम्पत्ति नभएर भुक्तानी गर्न नसकेको अवस्थामा संस्थालाई सो भुक्तानी पुरा गर्न कुनै व्यय कानुनी अथावा निर्मित दायित्व सृजना हुँदैन । परिभाषित योगदान योजनामा कर्मचारीले संस्थालाई दिएको सेवाको अनुपातमा रोजगार दाताले तिर्नुपर्ने योगदानलाई कर्मचारी खर्च भनेर र भुक्तानी गर्न बाँकी योगदानलाई दायित्वको रुपमा अभिलेख गरिन्छ ।

**सामाजिक सुरक्षा कोष योगदान** - सामाजिक सुरक्षा कोष भनेको सहकारी संस्थाले छनोट गरेको परिभाषित योगदान योजना हो । श्रम ऐन, २०७४ को अनुपालनमा, सहकारीले सबै कर्मचारीहरूको आधारभूत तलब र ग्रेड रकमको २०% कोषमा योगदान गर्दछ र ११% कर्मचारीहरूको तलबबाट कटौती गरी जम्मा ३१% सामाजिक सुरक्षा कोषमा जम्मा गरिन्छ जुन सरकारद्वारा सञ्चालित कोष हो । सहकारी संस्थाको यी योजनाहरू अन्तर्गत आवधिक योगदानको दायित्व बाहेक अरू कुनै दायित्व छैन ।

हालसम्म सस्था यस कोषमा सहभागी भएको छैन ।

२. **परिभाषित लाभ योजना (Defined Benefit Plan)**

परिभाषित लाभ योजना अर्न्तगत परिभाषित योगदान योजना बाहेकका अन्य रोजगारी पछि प्राप्त हुने सेवा सुविधाहरु पर्दछन । संस्थाले कर्मचारी उपदान वापतको रकमलाई परिभाषित लाभ योजना अर्न्तगत राखेको छ । परिभाषित लाभ योजनाहरू अन्तर्गत, संस्थाको दायित्व वर्तमान र पूर्व कर्मचारीहरूलाई सहमत लाभहरू प्रदान गर्नु हो, र बीमांकिक जोखिम (Actuarial risk) (लाभहरू अपेक्षा भन्दा बढी वा कम खर्च हुने) र लगानी जोखिम (Investment risk) (कोषमा छुट्याइएको सम्पत्तिमा प्रतिफल अपेक्षा भन्दा फरक हुने) तत्वमा, संस्थाद्वारा वहन गरिन्छ । यदि बीमांकिक वा लगानी अनुभव अपेक्षा भन्दा खराब छ भने, संस्थाको दायित्व बढ्न सक्छ, र यदि बीमांकिक वा लगानी अनुभव अपेक्षित परिभाषित लाभ योजना भन्दा राम्रो छ भने संस्थाको दायित्व घट्न सक्छ ।

यदि कुनै संस्थाले अनुचित लागत वा प्रयास बिना, आफ्नो परिभाषित लाभ दायित्व र सम्बन्धित खर्च मापन गर्न अनुमानित एकाइ क्रेडिट विधि (Projected Unit Credit Method) प्रयोग गर्न सक्षम छ भने गर्न सक्दछ । यदि परिभाषित लाभहरू भविष्यको तलबमा आधारित छन् भने, अनुमानित एकाइ क्रेडिट विधिमा अनुमानित भविष्यको तलब वृद्धिलाई प्रतिबिम्बित गर्ने आधारमा परिभाषित लाभ दायित्वहरू मापन गरिन्छ । यसैगरि अनुमानित एकाइ क्रेडिट विधिमा परिभाषित लाभ दायित्व मापन गर्न विभिन्न बीमांकिक अनुमानहरू प्रयोग गरिन्छ , जसमा छुट दरहरू, योजना सम्पत्तिमा प्रतिफलको अपेक्षित दरहरू, तलब वृद्धिको अपेक्षित दरहरू, मृत्युदर, र (परिभाषित लाभ चिकित्सा योजनाहरूको लागि) चिकित्सा लागत प्रवृत्ति दरहरू समावेश हुन्छन् ।

यदि कुनै संस्थाले अनुचित लागत वा प्रयास बिना, परिभाषित लाभ योजनाहरू अन्तर्गत आफ्नो दायित्व र लागत मापन गर्न अनुमानित एकाइ क्रेडिट विधि प्रयोग गर्न सक्षम छैन भने, संस्थालाई अनुमानित भविष्यको तलब वृद्धि, भविष्यको सेवा अवधि, सम्भावित कर्मचारी मृत्युदर आदिलाई बेवास्ता गरेर वर्तमान कर्मचारीहरूको सम्बन्धमा आफ्नो परिभाषित लाभ दायित्व मापन गर्न सरलीकृत प्रकृया अपनाउन अनुमति दिइएको हुनेछ ।

सहकारीले परिभाषित लाभ योजनाका लागि सरलीकृत प्रकृया अपनाएको छ र कर्मचारी लाभमा परिभाषित लाभ योजनाहरूसँग सम्बन्धित सबै खर्चहरू नाफा वा नोक्सान खातामा खर्चको रूपमा लेखांकन गरीने छ ।

| | | | |
|---|---|---|---|
| राम चन्द्र पराजुली<br>कोषाध्यक्ष | विजु देवी चापागाई (तिवारी)<br>सचिव | खिमानन्द न्यौपाने<br>उपाध्यक्ष | टेक प्रसाद डुम्रे<br>अध्यक्ष |

| | | | | | |
|---|---|---|---|---|---|
| प्रेम बहादुर तामाङ्ग<br>व्यवस्थापक | लेखनाथ गौतम<br>सदस्य | यज्ञमुर्ति न्यौपाने<br>सदस्य | राजेन्द्र कडेल<br>सदस्य | शान्ती रमण पंगेनी<br>लेखा समिति संयोजक | पारस मणि भण्डारी<br>लेखापरीक्षक |

(ग) **अन्य दीर्घकालीन लाभ (Other Long term Benefits)**

अन्य दीर्घकालीन लाभ अर्न्तगत अल्पकालिन प्रकृतिका कर्मचारीको सुविधा, रोजगार पछिको सुविधा र समाप्ति लाभ वाहेकका अन्य दीर्घकालीन लाभ तथा सेवा सुविधाहरु पर्दछन । यस्ता लाभहरूको सम्बन्धमा सहकारीको खुद दायित्व प्रत्येक योजनाको लागि छुट्टाछुट्टै गणना गरिन्छ । वर्तमान र अघिल्लो अवधिमा कर्मचारीहरूलाई उनीहरूको सेवाको बदलामा प्राप्त भविष्यका लाभहरूको रकम अनुमान गरेर त्यो लाभलाई यसको वर्तमान मूल्य निर्धारण गरिन्छ । कुनै विगतको सेवा लागत र कुनै पनि योजना सम्पत्तिको उचित मूल्य कटौती गरिन्छ । छुट दर भनेको कर्पोरेट बन्डहरूमा हुने व्याजको लाभ हो जसको परिपक्वता मिति सहकारीको दायित्वको सर्तहरू सँग लगभग नजिक हुन्छन् । अनुमानित एकाइ क्रेडिट विधि प्रयोग गरी योग्य बीमाङ्कीयको प्रतिवेदनको आधारमा दायित्वलाई मान्यता दिइन्छ । नाफा वा नोक्सानको विवरणमा अन्य दीर्घकालीन कर्मचारी लाभहरूको पुन: मापनमा बीमाङ्कीय लाभ/नोक्सान सहित सबै खर्चहरूलाई लेखाङ्कन गरिन्छ ।

यदि कुनै संस्थाले अनुचित लागत वा प्रयास बिना आफ्नो दायित्व र लागत मापन गर्न अनुमानित एकाइ क्रेडिट विधि प्रयोग गर्न सक्षम छैन भने, संस्थालाई अनुमानित भविष्यको तलब बृद्धि, भविष्यको सेवा अवधि, सम्भावित कर्मचारी मृत्युदर आदिलाई बेवास्ता गरेर वर्तमान कर्मचारीहरूको सम्बन्धमा आफ्नो परिभाषित लाभ दायित्व मापन गर्न सरलीकृत प्रकृया अपनाउन अनुमति दिइएको छ ।

सहकारीले सरलीकृत प्रकृया अपनाएको छ अर्थात : सबै खर्चहरू नाफा वा नोक्सान खातामा खर्चको रूपमा लेखांकन गरिन्छ । रिपोटिङ्ग अवधिमा संस्थाले अन्य दीर्घकालीन लाभ अर्न्तगतका सुविधाहरु पहिचान गरेको छैन

(घ) **समाप्ति लाभ (Termination Benefit)**

समाप्ति लाभहरु रोजगारदाता वा कर्मचारीद्वारा आफै स्वैच्छिक रोजगारी समाप्त गर्न स्वीकार गरेपछि पाउने सुविधाहरू हुन् । त्यस्ता सुविधाहरूको भुक्तानी गर्ने दायित्वलाई तब मात्र लेखाकंन गरिन्छ जब रोजगारदाताले सुविधाहरूको प्रस्ताव फिर्ता लिन सक्दैनन (अर्थात्: तिनीहरू तिर्ने प्रतिबद्धता गरेको छ) वा जब यसले NAS-37 बमोजिम सम्बन्धित पुनर्गठन लागत (Restructuring cost) लाई मान्यता दिन्छ ।

रिपोटिङ्ग अवधिमा संस्थाले समाप्ति लाभ अर्न्तगतका सुविधाहरु पहिचान गरेको छैन ।

## ३.१७ शेयर पूँजी र कोषहरु

(क) **शेयर पूँजी**

जारी गरिएका वित्तीय उपकरणहरूलाई इक्विटीको रूपमा वर्गीकृत गरिन्छ जब नगद र अन्य वित्तीय सम्पत्तिहरू स्थानान्तरण गर्ने वा उपलब्ध संख्यामा आफ्नै इक्विटी उपकरणहरू जारी गर्ने कुनै दायित्व हुँदैन । सबै दायित्वहरु कटाएपछि बाँकी रहने सहकारीको कूल सम्पत्तिमा बाँकी स्वार्थको रुपमा इक्विटीलाई परिभाषित गरिएको छ । यी उपकरणहरूले दफा २२ वित्तीय उपकरणको उपदफा २२.४ (क) द्वारा निर्दिष्ट मापदण्ड पूरा गर्छन्, त्यसैले इक्विटीको रूपमा वर्गीकृत गरिन्छ ।

शेयर निष्कासन खर्चलाई, सोही वर्षमा इक्विटीमा लेखाङकन गरिएको छ र इक्विटीमा भएको परिवर्तनको विवरणमा खुलासा गरिएको छ र कर प्रभाव पनि खुलासा गरिएको छ ।

(ख) **साधारण जगेडा कोष**

सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ को प्रावधान अनुसार, आर्थिक वर्षको खुद नाफाको २५% साधारण जगेडा कोषमा स्थानान्तरण गरिन्छ । स्थिर सम्पत्तिको बिक्रीबाट प्राप्त हुने नाफा र सम्पत्तिसँग सम्बन्धित अनुदानमा परिशोधित स्थगित आम्दानी पनि यस कोषमा स्थानान्तरण गरिन्छ ।

(ग) **नियमकारी कोषहरु**

सहकारी ऐन, २०७४ को दफा ६९, ७० र ७१ अनुसार निम्न बमोजिम कोषको वाडफाड गरिएको छ ।

| कोष | विवरण |
|---|---|
| संरक्षित पूँजी फिर्ता कोष | कर पछीको मुनाफामा जगेडा कोष घटाई वांकी रहेको रकमको २५ प्रतिशत |
| सहकारी प्रवर्न्धन कोष | कर पछीको मुनाफामा जगेडा कोष घटाई वांकी रहेको रकमको ०.५ प्रतिशत, यो कोष भूमि व्यवस्थापन, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गतको सहकारी विभागद्वारा व्यवस्थापन गरिएको छ । |

राम चन्द्र पराजुली कोषाध्यक्ष | विजु देवी थापागाई (तिवारी) सचिव | क्षिमानन्द न्यौपाने उपाध्यक्ष | टेक प्रसाद डुङ्गे अध्यक्ष | प्रेम बहादुर तामाङ व्यवस्थापक | लेखनाथ गौतम सदस्य | यज्ञमूर्ति न्यौपाने सदस्य | राजेन्द्र कडेल सदस्य | शान्ती रमण पंगेनी लेखा समिति संयोजक | पारस मणि भण्डारी लेखापरीक्षक

| | |
|---|---|
| शेयर लाभाशं कोष | कर पछीको मुनाफामा साधारण जगेडा कोष, संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रवर्न्धन कोष घटाई बांकी रहेको रकमको ६५ प्रतिशत |
| सहकारी विकास कोष | कर पछीको मुनाफामा साधारण जगेडा कोष, संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रवर्न्धन कोष घटाई बांकी रहेको रकमको ५ प्रतिशत |
| सहकारी शिक्षा कोष | कर पछीको मुनाफामा साधारण जगेडा कोष, संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रवर्न्धन कोष घटाई बांकी रहेको रकमको ५ प्रतिशत |
| कर्मचारी बोनस कोष | कर पछीको मुनाफामा साधारण जगेडा कोष, संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रवर्न्धन कोष घटाई बांकी रहेको रकमको ५ प्रतिशत |
| घाटा पूर्ति कोष | कर पछीको मुनाफामा साधारण जगेडा कोष, संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रवर्न्धन कोष घटाई बांकी रहेको रकमको ५ प्रतिशत |
| सामुदायिक विकाष कोष | कर पछीको मुनाफामा साधारण जगेडा कोष, संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रवर्न्धन कोष घटाई बांकी रहेको रकमको ५ प्रतिशत |
| स्थिरीकरण कोष | कर पछीको मुनाफामा साधारण जगेडा कोष, संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रवर्न्धन कोष घटाई बांकी रहेको रकमको ५ प्रतिशत |
| अन्य जोखिम व्यवस्थापन कोष | कर पछीको मुनाफामा साधारण जगेडा कोष, संरक्षित पूँजी फिर्ता कोष र सहकारी प्रवर्न्धन कोष घटाई बांकी रहेको रकमको ५ प्रतिशत |

**(घ) अन्य कोषहरु**

**पूर्नमूल्याङ्कन कोष**

संस्थाले आफ्ना निश्चित सम्पत्ति तथा उपकरणहरुलाई पुनर्मूल्याङ्कन मोडेल (Revaluation Model) अर्न्तगत मापन गर्ने नीति अवलम्बन गरेको खण्डमा ती सम्पत्ति तथा उपकरणहरुलाई वास्तविक मूल्य (fair Value) मा मापन गरिन्छ । पुनर्मूल्याङ्कन पछि बढेको मूल्यलाई "पुनर्मूल्याङ्कन कोष" (Revaluation Reserve) अन्तर्गत देखाइन्छ ।

तर, यदि पुनर्मूल्याङ्कन गर्दा ह्रास (decrease) भएमा त्यो ह्रास पहिले सोही सम्पत्तिसम्बन्धी पुनर्मूल्याङ्कन कोषमा रहेको रकमबाट समायोजन गरिन्छ, बाँकी भए सो नोक्सानीलाई नाफा/नोक्सानीमा देखाइन्छ ।

**Fair value कोष**

लगानी सम्पत्तिलाई fair value मा मापन गरिएको छ र सो मुल्यांकनको समायोजन यस कोषमा जम्मा गरिएको छ । Fair value कोष भनेको लगानी सम्पत्तिको fair value मा परिवर्तनहरूको संचय हो । सम्पत्ति विक्रि भएपश्चात यस कोषको रकम सहकारी ऐनबमोजिम साधारण जगेडा कोषमा रकमान्तर गरिन्छ ।

**NFRS समायोजन कोष**

नेपाल वित्तीय प्रतिवेदन मान (Nepal Financial Reporting Standards) मा रूपान्तरण वा पहिलो पटक अपनाउँदा संस्थाले प्रचलित लेखा मान (NAS/GAAP) अन्तर्गत तयार गरिएका अघिल्ला वित्तीय विवरणलाई NFRS अनुसार पुनःप्रस्तुत गर्न आवश्यक हुन्छ । यस क्रममा समायोजनका कारण उत्पन्न भएको अन्तरलाई प्रत्यक्ष रूपमा साधारण जगेडा कोष अर्न्तगत समायोजन नगरी NFRS समायोजन कोष शीर्षकमा छुट्टै राखिन्छ । यस कोषमा रहेको रकम भविष्यमा घट्न वा बढ्न सक्दछ, तर सामान्यतया लाभांश वितरणमा प्रयोग हुँदैन ।

| राम चन्द्र पराजुली<br>कोषाध्यक्ष | विजु देवी चापागाईं (तिवारी)<br>सचिव | खिमानन्द न्यौपाने<br>उपाध्यक्ष | टेक प्रसाद डुम्रे<br>अध्यक्ष |
|---|---|---|---|

| प्रेम बहादुर तामाङ्ग<br>व्यवस्थापक | लेखनाथ गौतम<br>सदस्य | यज्ञमुर्ति न्यौपाने<br>सदस्य | राजेन्द्र कडेल<br>सदस्य | शान्ती रमण पंगेनी<br>लेखा समिति संयोजक | पारस मणि भण्डारी<br>लेखापरीक्षक |
|---|---|---|---|---|---|

PB & Associates

**ब्याज समायोजन कोष**

संस्थाले NFRS अनुसार ब्याज आम्दानीलाई Accrual Basis मा लेखाङ्कन गर्दछ । तर, नगद प्राप्त नभएसम्म सो ब्याज आम्दानी वितरणयोग्य नाफा मानिदैन । यस कारण, नगद प्राप्त नभएको ब्याज आम्दानी बराबर रकम ब्याज समायोजन कोषमा देखाइन्छ । नगद प्राप्त भएपछि सो रकमलाई साधारण जगेडाकोष र अन्य नियमकारी कोषहरुमा वितरण गरिन्छ ।

## ३.१८ खुलासा र थप जानकारी (Disclosure & Additional Information)

### (क) जोखिम व्यवस्थापन (Risk Management)

सहकारीको व्यावसाय गतिविधिमा जोखिम निहित छ । त्यसैले, सहकारी संस्थाले वर्तमान र सम्भावित भविष्यका जोखिमहरूलाई कम गर्न जोखिमको पहिचान गर्नुपर्छ र पर्याप्त नियन्त्रण प्रणाली अपनाउनु पर्दछ । प्रभावकारी जोखिम व्यवस्थापन ढाँचा (Effective risk management framework), नियमित पहिचान, मापन तथा निगरानी, जोखिम सिमा र अन्य नियन्त्रणलाई ध्यानमा राखेर जोखिम व्यवस्थापन गरिन्छ । सहकारीमा कर्जा जोखिम, तरलता जोखिम, बजार जोखिम, सञ्चालन जोखिम, कानुनी तथा अनुपालन जोखिम आइपर्न सक्छ, जसको पहिचान गर्ने, नियन्त्रण र व्यवस्थापन गर्ने जिम्मेवारी लेखा सुपरिवेक्षण समितिको रहेको हुन्छ । लेखा सुपरिवेक्षण समितिले दैनिक व्यवसाय सञ्चालनबाट उत्पन्न हुने विश्वव्यापी, बृहत्, सूक्ष्म र विभागीय स्तरको जोखिमको आवधिक रूपमा निरीक्षण गर्दछ र यसमा व्यवस्थापन र संचालक समितिको ध्यानाकर्षण गर्दछ र प्रतिवेदनहरू छलफल गरी उपयुक्त भएमा निर्देशन जारी गर्दछ ।

### (ख) लेखा सुपरिवेक्षण समिति

वार्षिक साधारण सभाद्वारा नियुक्त लेखा सुपरिवेक्षण समिति एक स्वतन्त्र समिति हो, जसले जोखिम व्यवस्थापन ढाँचाको कार्यान्वयन र सहकारीको समग्र आन्तरिक लेखापरीक्षणको निरीक्षण गर्ने जिम्मेवारी बोकेको हुन्छ । समितिले सहकारी संस्थाले आफ्नो जोखिम र व्यावसायिक गतिविधिहरू, जोखिम व्यवस्थापन, अनुपालन ढाँचा, र निरीक्षण जिम्मेवारीहरू पूरा गर्न सञ्चालक समितिलाई सहयोग गर्दछ । यसले अखण्डता (integrity), शुद्धता (accuracy) र विश्वसनीयता (reliability) सुनिश्चित गर्न वित्तीय तथ्याङ्कको समय-समयमा समीक्षा गर्दछ । यसले व्यवसायको सुव्यवस्थित र विवेकपूर्ण आचरण सुनिश्चित गर्न आन्तरिक नियन्त्रण र जोखिम व्यवस्थापन प्रणाली पर्याप्त छ वा छैन भनेर पनि समीक्षा गर्दछ । समितिले समग्र जोखिम व्यवस्थापन संरचनाको समीक्षा गर्ने र जोखिम व्यवस्थापन प्रणालीको प्रभावकारिताको अनुगमन गर्दछ । लेखा सुपरिवेक्षण समितिमा देहायका सदस्यहरू छन् :

| नाम | पद |
|---|---|
| **शान्ति रमण पंगेनी** | संयोजक |
| दशरथ न्यौपाने | सदस्य |
| पदम बहादुर लामिछाने | सदस्य |

### (ग) जोखिम सम्बन्धी सुशासन प्रणाली (Risk Governance System)

सहकारी संस्थाले संस्थामा उत्पन्न हुने जोखिम न्यूनीकरण गर्न नीति र प्रक्रियाहरू लागू गर्दछ र नेतृत्वको मानसिकता (leadership mindset), क्षमता अभिवृद्धि कार्यक्रमहरू (capacity building program), परिभाषित कार्य जिम्मेवारीहरू (defined role & resopnsibilities) र नैतिक संस्कृति (ethical culture) बसालेर कर्मचारीहरूमा जोखिम व्यवस्थापन संस्कृति (Risk mamnagement culture) जगाएको छ । सञ्चालन जोखिम र कर्जा जोखिम सम्बन्धी नीतिहरू स्थापना र अनुपालनको लागि सञ्चालक समिति जिम्मेवार छ ।

सहकारी संस्थाको जोखिम सुशासन संरचना (Risk governance structure) सहकारीको जोखिम दायरा भित्र सञ्चालन हुने गरी स्थापना गरिएको छ, र यसको जिम्मेवारी संचालक समितिले उपयुक्त रूपमा कार्यात्मक एकाइहरू, ग्राहक व्यवसाय एकाइहरू, व्यवस्थापन र समितिहरूमा सुम्पेको छ । सञ्चालक समितिले उत्कृष्ट अभ्यास अनुरूप जोखिम पहिचान, जोखिम मूल्याङ्कन, जोखिम न्यूनीकरण, र नियन्त्रण/अनुगमनका नीति तथा प्रक्रियाहरू निर्धारण गरी प्रभावकारी रूपमा कार्यान्वयन गरेको छ । सहकारी संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता नियमित रूपमा सञ्चालक समिति, यस अन्तर्गतका सम्बन्धित समितिहरू, व्यवस्थापन र लेखा सुपरिवेक्षण समितिद्वारा समीक्षा गरिन्छ ।

राम चन्द्र पराजुली, कोषाध्यक्ष | बिजु देवी थापागाई (तिवारी), सचिव | खिमानन्द न्यौपाने, उपाध्यक्ष | टेक प्रसाद डुम्रे, अध्यक्ष | प्रेम बहादुर तामाङ, व्यवस्थापक | लेखनाथ गौतम, सदस्य | यज्ञमूर्ति न्यौपाने, सदस्य | राजेन्द्र कडेल, सदस्य | शान्ती रमण पंगेनी, लेखा समिति संयोजक | पारस मणि भण्डारी, लेखापरीक्षक

**(घ) तरलता जोखिम (Liquidity Risk)**

तरलता जोखिमले छोटो अवधिका वित्तीय दायित्वहरू पूरा गर्ने क्षमतासँग सम्बन्धित जोखिमलाई जनाउँछ । यो सामान्यतया सम्पत्तिलाई नगदमा रूपान्तरण गर्न नसक्दा उत्पन्न हुन्छ । सामान्य र तनावपूर्ण दुवै अवस्थाहरूमा नगद प्रवाहको समयमा असमानताको कारण, सहकारी आफ्नो भुक्तानी दायित्वहरू पूरा गर्न असमर्थ हुन सक्छ, जसले तरलता जोखिम उत्पन्न गर्दछ । यस्तो अवस्था तब उत्पन्न हुन सक्छ जब सहकारीसँग भुक्तानी गर्न स्वीकार्य सर्तहरूमा पर्याप्त तरल सम्पत्ति उपलब्ध नहुने हुन्छ । तरलताको अभावका कारण, संस्थाहरू सदस्यहरूको मागअनुसार ऋण प्रदान गर्न नसक्ने र बचत तथा अन्य कानुनी दायित्वहरू समयमै चुक्ता गर्न असमर्थ हुन सक्छन् । त्यसैले, सहकारीले यस्तो अवस्था रोक्नको लागि आफ्नो आवश्यकताअनुसार समयमै तरलता व्यवस्थापन गर्नुपर्ने हुन्छ ।

**(ङ) ब्याजदर जोखिम (Interest Risk)**

ब्याजदर जोखिम भनेको समग्र ब्याजदरमा परिवर्तनले ऋणपत्र वा अन्य निश्चित-दर लगानीको मूल्य घटाउने सम्भावना हो । सहकारीले ब्याजदरबाट उत्पन्न हुने जोखिमलाई कम गर्न निम्न उपायहरू अपनाउँछ :

- ब्याजदरमा परिवर्तनबाट प्रभावित सम्पत्ति र दायित्वहरू मात्र जोखिम मूल्याकंनमा समावेश गरिन्छ ।
- सम्पत्ति र दायित्वको भुक्तानी अवधि मिल्ने गरी योजना बनाइन्छ । सम्पत्ति र दायित्वको भुक्तानीको अवधि नमिल्ने परिस्थितिमा भिन्नताको विश्लेषण गर्दा, नगद मौज्दात र नतिरेको ब्याज रकम समावेश गरिन्छ ।
- विभिन्न प्रकारका वित्तीय साधन र भुक्तानी अवधिमा लगानी विभाजन गरेर जोखिम कम गरिन्छ ।

**(च) कर्जा जोखिम (Credit Risk)**

कर्जा जोखिमले कुनै ऋणीले सहमति अनुसार ऋण तिर्न नसक्ने सम्भावनालाई जनाउँछ । कुनै पनि वित्तीय संस्थाको मुख्य सम्पत्ति वा आम्दानीको स्रोत भनेको ऋण हो । ऋणीले ऋण लिँदा सहमति जनाएको ऋण तिर्न नसक्दा वित्तीय संस्थाको भविष्य खतरामा पर्छ । त्यसैले, जोखिममा रहेको ऋणको अवस्थाबारे जानकारी प्राप्त गर्न प्रभावकारी सूचकहरूको अध्ययन गर्नु आवश्यक हुन्छ । लगानी गरिएको ऋणमा नोक्सानी हुनबाट रोक्न र सम्बन्धित जोखिम कम गर्न, ऋण वितरण मापदण्ड प्रक्रिया अपनाइन्छ । ऋण स्वीकृतिमा संलग्न प्रत्येक कर्मचारीलाई निश्चित जिम्मेवारी दिइएको हुन्छ, र सम्बन्धित कर्मचारीले उचित जोखिम मूल्याङ्कन गरेपछि मात्र ऋण स्वीकृत गर्नुपर्छ । जोखिम मूल्याङ्कनका लागि निम्न प्रक्रिया/अभ्यासहरू पालना गरिएको छ :

- माग गरिएको ऋणको आवश्यकता र ऋणीको चुक्ता क्षमता विश्लेषण गर्ने,
- ऋणीहरूको अनुशासनात्मक रेकर्डको आधारमा ऋणमा लगानी गर्ने,
- ऋण वितरणपछि पछिल्ला महिनाहरूमा ऋणको उपयोगिताको निगरानी गर्ने र आय आर्जन गर्ने गतिविधिहरू/व्यवसायहरूमा प्रयोग भएको सुनिश्चित गर्ने,
- सदस्यहरूलाई बचत बढाउन प्रोत्साहित गर्ने,
- व्यावसायिक ऋणको लागि ऋणीले गरेको व्यवसाय, आम्दानी र खर्चको विवरण लिने,
- यदि धितोमा आधारित ऋण हो भने, सुरक्षित सम्पत्तिका आवश्यक कागजातहरू संकलन गर्ने,
- सहकारी निर्देशिका अनुसार ऋण वर्गीकरण गर्ने र नोक्सानीको व्यवस्था मिलाउने,
- सहकारीको नियम अनुसार निर्धारित सीमा भित्र ऋण वितरण गर्ने,
- ऋणको निरन्तर अनुगमन र निरीक्षण गर्ने ।

**(छ) सञ्चालन जोखिम (Operational Risk)**

सहकारी संस्थाको दैनिक कार्य सञ्चालनको क्रममा उत्पन्न हुने जोखिमलाई सञ्चालन जोखिम भनिन्छ । यस कार्यक्रमअन्तर्गत साना तर ठूलो संख्यामा कारोबारहरू गरिन्छन्, विकेन्द्रीकृत कार्यविधि (decentralized working method) अपनाइन्छ, क्षेत्र विस्तारमा जोड दिइन्छ, र लागत घटाउन प्राथमिकता दिइन्छ । एकीकृत सूचना प्रणालीको अभाव, कार्यक्रम विस्तारका लागि आवश्यक पूर्वाधारको कमी, तथा सदस्यहरूको आवश्यकता अनुसार सेवा प्रदान गर्न उपयुक्त प्रविधि नहुनुका कारण संचालन जोखिमको सम्भावना सधैं रहन्छ ।

सहकारीले दैनिक कार्य सञ्चालनका लागि आवश्यक जिम्मेवारी पूरा गर्न कर्मचारीहरूको व्यवस्था गरेको छ । सबै कर्मचारीहरूले संस्थाले तोकेको नीति तथा प्रक्रियाभित्र आफ्नो पद-जिम्मेवारी पूरा गर्नुपर्छ । तर, कहिलेकाहीं कर्मचारीहरूको लापरवाही वा व्यक्तिगत स्वार्थका कारण नीति तथा प्रक्रिया बाहिर गएमा संस्था जोखिममा पर्न सक्छ । यस प्रकारका जोखिमहरूले संस्थाको

राम चन्द्र पराजुली कोषाध्यक्ष | बिजु देवी थापागाई (तिवारी) सचिव | खिमानन्द न्यौपाने उपाध्यक्ष | टेक प्रसाद ढुंग्रे अध्यक्ष | प्रेम बहादुर तामाङ व्यवस्थापक | लेखनाथ गौतम सदस्य | यज्ञमूर्ति न्यौपाने सदस्य | राजेन्द्र कंडेल सदस्य | शान्ती रमण पंगेनी लेखा समिति संयोजक | पारस मणि भण्डारी लेखापरीक्षक

आम्दानी घटाउने तथा संस्थाको प्रतिष्ठामा नकारात्मक असर पार्ने सम्भावना हुन्छ । सञ्चालन जोखिम आन्तरिक कारकहरूको कारणले हुने भएकाले आन्तरिक नियन्त्रण प्रणालीलाई बलियो बनाएमा मात्र यो जोखिम कम गर्न सकिन्छ ।

### (ज) बजार जोखिम (Market Risk)

बजार जोखिम भनेको बजार स्तरमा ब्याजदर वा धितोपत्रको मूल्य (इक्विटी), विदेशी विनिमय दर र ती मूल्यहरूको अस्थिरतामा प्रतिकूल परिवर्तनको कारणले सहकारी संस्थाको आम्दानी वा आर्थिक मूल्यमा क्षति हुने सम्भावना हो ।

बजारको अवस्था तथा माग बुझेर सञ्चालक समिति र व्यवस्थापनले बजारको सम्भावना र अवस्था अनुरूप कार्यक्रमहरू आयोजना गर्दछन् र सोहि अनुरुप माथिदेखि तलसम्मका कर्मचारीहरूलाई उनीहरूको क्षमताको आधारमा उपयुक्त जिम्मेवारी प्रदान गरेर जोखिम कम गदर्छन् । यसका लागि आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ पारिएको छ ।

**बजार विश्लेषणमा निम्न कुराहरू विचार गरिएको छः**

- प्रतिस्पर्धीहरूको सेवा (कार्यक्रम) र ब्याजदरहरूको बारेमा जानकारी
- संस्थाप्रति सदस्यहरूको दृष्टिकोण
- यस संस्थाप्रति अन्य संस्थाहरूको धारणा
- सेवाको लागत
- नीति नियमहरूमा परिवर्तनबाट हुने उतारचढावहरू
- अन्य संस्थाहरूले आफ्ना सदस्यहरूलाई आकर्षित गर्न अपनाएका रणनीतिहरू
- सदस्यहरुले छोड्ने/रहने दर

### (झ) संस्थागत वा रणनीतिक जोखिम (Strategic Risk)

सहकारी संस्थाको विकास र प्रगतिमा रणनीतिक जोखिम प्रायः एक प्रमुख कारक हुन्छ, विशेष गरी यदि संस्थाले छोटो अवधिमा तीव्र गिरावट अनुभव गर्छ भने । संस्थागत जोखिम र अनुपालन जोखिममा यसको प्रभावको कारण, यसलाई आधुनिक जोखिम व्यवस्थापनमा एक प्रमुख कारक मानिन्छ । यो जोखिम व्यवस्थापन गर्न, तलका कुराहरू विचार गरिएको छः

- देशको समग्र आर्थिक र सामाजिक वातावरण अनुसार रणनीतिहरू तय वा परिमार्जन गरिएको छ,
- आफ्ना प्रतिस्पर्धीहरूले प्रदान गर्ने सेवाहरू र उनीहरूको स्थितिको बारेमा जानकार रहने,
- आफ्ना सदस्यहरूको अपेक्षा र चाहनालाई नभुल्दै सकेसम्म धेरै सेवा सुविधाहरू प्रदान गर्ने,
- स्रोत परिचालनमा उपयुक्त रणनीतिहरू अपनाउने,

### (ञ) आन्तरिक नियन्त्रण जोखिम (Internal Control Risk)

आफ्नो व्यवसाय र वित्तीय गतिविधिहरूबाट नाफामुखी व्यावसायिक अवसरहरूलाई अधिकतम बनाउन, नोक्सान वा प्रतिष्ठामा क्षति पुर्याउन सक्ने जोखिमहरूबाट बच्न वा कम गर्न, लागु हुने कानून र नियमहरूको पालना सुनिश्चित गर्न र बाह्य घटनाहरूको लागि लचिलोपन बढाउन सक्षम बनाउने तरिकाले नियन्त्रण गर्न संस्था प्रतिबद्ध छ । सञ्चालक समिति र व्यवस्थापनले जोखिम पहिचान, जोखिम मूल्याङ्कन, जोखिम न्यूनीकरण र नियन्त्रण/अनुगमनको नीति र प्रक्रियाहरू अपनाएको छ ।

सहकारी संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारितालाई सञ्चालक समिति, व्यवस्थापन र लेखा सुपरिवेक्षण समितिद्वारा नियमित रूपमा समीक्षा गरिन्छ । लेखा सुपरिवेक्षण समितिले वर्षभरि संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताको समीक्षा गरेको छ र उपयुक्त भएमा सञ्चालक समितिलाई प्रतिक्रिया प्रदान गरेको छ । लेखा सुपरिवेक्षण समितिले आफ्नो व्यवसाय/इकाई लेखा परीक्षकको कार्यक्रम मार्फत नीति/मानकहरूको अनुपालन र संस्थाभित्र आन्तरिक नियन्त्रण संरचनाहरूको प्रभावकारिताको निगरानी गर्दछ । जोखिम-आधारित मूल्याङ्कन पद्धतिद्वारा निर्धारण गरिए अनुसार सबैभन्दा ठूलो जोखिमका क्षेत्रहरूमा आन्तरिक लेखा परिक्षकको कार्य केन्द्रित छ । आन्तरिक लेखा परीक्षक प्रतिवेदनहरू त्रैमासिक रूपमा सञ्चालक समितिलाई पठाइन्छ । सबै लेखा परीक्षकहरूको निष्कर्ष तत्काल सुधारात्मक उपायहरू सुरु गर्न प्रमुख कार्यकारी अधिकृत र व्यवसाय प्रमुखहरूलाई रिपोर्ट गरिन्छ ।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| राम चन्द्र पराजुली<br>कोषाध्यक्ष | बिजु देवी थापागाई (तिवारी)<br>सचिव | हिमानन्द न्यौपाने<br>उपाध्यक्ष | टेक प्रसाद डुम्रे<br>अध्यक्ष | प्रेम बहादुर तामाङ<br>व्यवस्थापक | लेखनाथ गौतम<br>सदस्य | यज्ञमूर्ति न्यौपाने<br>सदस्य | राजेन्द्र कडेल<br>सदस्य | शान्ती रमण पंगेनी<br>लेखा समिति संयोजक | पारस मणि भण्डारी<br>लेखापरीक्षक |

(ट) **अनुपालन जोखिम (Compliance Risk)**

जवाफदेहिता, पारदर्शिता र व्यावसायिक नैतिकताको क्षेत्रमा उत्कृष्ट अभ्यासहरू र बजार मापदण्डहरू पालना गर्नका लागि संस्था प्रतिबद्ध छ। यसले दुर्व्यवहारको शून्य सहनशीलताको लक्ष्य राख्छ। दैनिक सञ्चालनमा तीन पङ्क्तिको सुरक्षा मोडेलले सहकारीमा अनुपालन र अखण्डता जोखिमको लागि भूमिका र जिम्मेवारीहरू परिभाषित गर्दछ।

**रक्षाको पहिलो पङ्क्ति** सम्बन्धित सहकारी विभागहरू र एकाइहरूसँग हुन्छ, जसले अनुपालन जोखिमहरू पहिचान गर्ने, बुझिने र व्यवस्थापन र अनुगमन र अनुपालन अधिकारीलाई रिपोर्ट गर्ने कुरा सुनिश्चित गर्न जिम्मेवार लिन्छन्।

**रक्षाको दोस्रो पङ्क्ति** अनुगमन र अनुपालन अधिकारीसँग हुन्छ, जसले अनुपालन र अखण्डता जोखिमहरूको मूल्याङ्कन र अनुगमन गर्दछ र व्यवस्थापनसँग यसको नियन्त्रण गतिविधिहरू समन्वय गर्दछ। अनुगमन र अनुपालन अधिकारीले व्यवस्थापकलाई रिपोर्ट गर्दछ।

**रक्षा तेस्रो पङ्क्ति** अनुपालन कार्यले संस्था, यसको सञ्चालन र कर्मचारी सदस्यहरूको व्यक्तिगत आचरणसँग सम्बन्धित मामिलाहरूमा अनुपालन जोखिमहरू पहिचान गर्न, मूल्याङ्कन गर्न, अनुगमन गर्न र रिपोर्ट गर्न सहकारी संस्थालाई सहयोग गर्दछ।

## ३.१९ सम्बद्ध व्यक्तिको खुलासा (Related Party Disclosure)

सम्बद्ध व्यक्ति भन्नाले सञ्चालक समिति, प्रबन्धक/मुख्य कार्यकारी, प्रमुख कर्मचारी, तिनीहरूको नजिकका पारिवारिक सदस्य, र ती व्यक्तिहरूले प्रत्यक्ष वा अप्रत्यक्ष नियन्त्रण गर्ने संस्था/सहकारीलाई बुझिन्छ।

सहकारी संस्था लि.ले यसको संचालक समिति, लेखा सुपरिवेक्षण समिति र प्रमुख व्यवस्थापकहरु NAS 24 को आवश्यकता अन्तर्गत सम्बन्धित पक्षहरुको रुपमा पहिचान गर्दछ।

### (क) संचालक समिति, लेखा सुपरिवेक्षण समिति र ऋण उपसमितिमा रहेका व्यक्तिहरू

सहकारी संस्था लि का सम्बन्धित व्यक्तिहरु तल सुचीबद्ध छन् :

| पद | आ.व.२०८१/८२ को समितिका पदाधिकारीहरु | आ.व.२०८०/८१ को समितिका पदाधिकारीहरु |
|---|---|---|
| **संचालक समिति** | | |
| अध्यक्ष | टेक प्रसाद डुम्रे | टेक प्रसाद डुम्रे |
| उपाध्यक्ष | खिमानन्द न्यौपाने | खिमानन्द न्यौपाने |
| सचिव | विजु देवि चापागाई (तिवारी) | विजु देवि चापागाई (तिवारी) |
| कोषाध्यक्ष | राम चन्द्र पराजुली | राम चन्द्र पराजुली |
| सदस्य | राजेन्द्र कंडेल | राजेन्द्र कंडेल |
| सदस्य | यज्ञमुर्ति न्यौपाने | यज्ञमुर्ति न्यौपाने |
| सदस्य | लेखनाथ गौतम | बैकुण्ठ प्रसाद भण्डारी |
| **लेखा सुपरिवेक्षण समिति** | | |
| संयोजक | शान्ती रमण पंगेनी | शान्ती रमण पंगेनी |
| सदस्य | दशरथ न्यौपाने | दशरथ न्यौपाने |
| सदस्य | पदम वहादुर लामीछाने | पदम वहादुर लामीछाने |
| **ऋण उप समिति** | | |
| संयोजक | नयन व.पण्डित क्षेत्री | नयन व.पण्डित क्षेत्री |
| सदस्य | खिमानन्द न्यौपाने | खिमानन्द न्यौपाने |
| सदस्य | राम चन्द्र पराजुली | राम चन्द्र पराजुली |
| **ऋण उप समिति** | | |
| संयोजक | दिव्या पण्डित क्षेत्री | दिव्या पण्डित क्षेत्री |
| सदस्य | प्रकाश प्रधान | प्रकाश प्रधान |
| सदस्य | लेखनाथ गौतम | लेखनाथ गौतम |
| **व्यवस्थापन** | | |
| व्यवस्थापक प्रमुख | प्रेम वहादुर तामाङ | प्रेम वहादुर तामाङ |

राम चन्द्र पराजुली कोषाध्यक्ष | विजु देवी चापागाई (तिवारी) सचिव | खिमानन्द न्यौपाने उपाध्यक्ष | टेक प्रसाद डुम्रे अध्यक्ष | प्रेम बहादुर तामाङ व्यवस्थापक | लेखनाथ गौतम सदस्य | यज्ञमुर्ति न्यौपाने सदस्य | राजेन्द्र कंडेल सदस्य | शान्ती रमण पंगेनी लेखा समिति संयोजक | पारस मणि भण्डारी लेखापरीक्षक

**(ख) प्रमुख व्यवस्थापक व्यक्तिहरु (Key Management Personnel)** प्रमुख व्यवस्थापक व्यक्तिहरु भन्नाले त्यस्ता व्यक्तीहरुलाई बुझिन्छ जोसँग संस्थाको योजना निर्माण, गतिविधिहरु निर्देशित र नियन्त्रण गर्ने प्रत्यक्ष वा अप्रत्यक्ष अधिकार र दायित्व रहेको हुन्छ । संस्थाको संचालक समितिका सदस्यहरु, ऋण उप समितिका संयोजक र व्यवस्थापकलाई प्रमुख व्यवस्थापक व्यक्तिहरुको रुपमा पहिचान गरिएको छ ।

**(ग) बैठक भत्ता**

संचालक समितिका सदस्यहरु, लेखा सुपरिवेक्षण समितिका सदस्यहरु र ऋण उप समितिका सदस्यहरुलाई बैठक र अन्य संचालक समिति स्तरीय समितिहरुमा उपस्थिति भए अनुसार बैठक भत्ता भुक्तानी गरिन्छ । संचालक समितिका सदस्यहरु, लेखा सुपरिवेक्षण समितिका सदस्यहरु र ऋण उप समितिका सदस्यहरुलाई बैठकमा सहभागी भए वापत नियमित बैठक को मासिक अध्यक्ष लाई रु.७,००० र अन्य सदस्य लाई रु ५,००० भुक्तानी गरेको छ ।

## ३.२० रिपोटिंग अवधि पछिका समायोजन नहुने घटनाहरु

सहकारी संस्था लि. ले रिपोटिंग अवधिको समाप्ति पछि हुन सक्ने घटनाहरु जुन समायोजन योग्य र/वा गैर समायोजन हुन सक्छ, ती घटनाहरु निरिक्षण र मूल्यांकन गर्दछ । सबै समायोजन घटनाहरु अतिरिक्त प्रष्टीकरणको साथ समायोजित गरिएको छ र गैर समायोजन material घटनाहरु सम्भावित वित्तीय प्रभावको साथ अनुसूचीहरुमा खुलासा गरिएको छ ।

**सामाजिक उत्तरदायित्व**

मुलुकको वित्तीय तथा आर्थिक क्षेत्रमा सघन रूपमा संलग्न रहनुको अतिरिक्त हाम्रो सहकारी संस्थागत सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility (CSR) पूरा गर्न सकृय रही आएको छ ।

सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility (CSR)) अर्न्तरगत खर्च गरिने रकम संचालक समितिको सिफारिसमा साधारण सभाले निर्णय गर्ने छ ।

## ३.२१ प्रस्तावित लाभांस :

यस सहकारी संस्था लि. ले आर्थिक वर्ष २०८१/०८२ को लाभांस संचालक समितिको सिफारिसमा साधारण सभाले पारित गर्नेछ ।

## ३.२२ NFRS for SMEs पहिलो पटक लागु गर्दा (First time adoption of NFRS)

२०८२ आषाढ ३१ मा तयार गरिएको वित्तीय विवरणहरू NFRS for SMEs अन्तर्गत पहिलो वित्तीय विवरणहरु हुन् ।२०८१ आषाढ ३१ अधिका वित्तीय विवरणहरु सामान्यतया स्वीकृत लेखा सिद्धान्तहरू (GAAP) लाई अनुशरण गरी तयार पारिएको थियो । ३१ आषाढ, २०८१ को वित्तीय विवरण र १ श्रावण २०८० को वित्तीय विवरण तुलनात्मक जानकारीका लागि NFRS for SMEs बमोजिम संशोधन (Restate) गरिएको छ । अधिल्लो GAAP बाट NFRS for SMEs मा स्थानान्तरण (Transition) को प्रभावको समायोजनहरु (Reconciliation) सहकारीको वित्तीय स्थितिको विवरण, नाफा वा नोक्सानको विवरण र नगद प्रवाहको विवरण यसै साथ संलग्न गरिएको छ । यी नीतिहरु अन्यथा उल्लेख नभएसम्म हरेक बर्ष लगातार रुपमा लागु गरिने छन् । यो नोटले सहकारीले १ श्रावण २०८० मा र ३१ असार २०८१ मा पहिले प्रकाशित गरिएको अधिल्लो GAAP का वित्तीय विवरणहरू संशोधित (Restated) गर्न गरेको प्रमुख समायोजनहरूको (reconciliation) व्याख्या गर्दछ ।

NFRS अनुसारको वित्तीय विवरणहरु तयार गर्दा संस्थाले तल वर्णन गरिए अनुसार, NFRS 1 मार्फत उपलब्ध केही छुट र अपवादहरुको (exemptions & exceptions) उपयोग गरेको छ । यसरी transition मितिमा अधिल्लो GAAP अन्तर्गत दखिएको सम्पत्ति र दायित्वहरूको किताबी मूल्य (carrying amount) तथा NFRS अर्न्तगतको मूल्यबीचको भिन्नतालाई प्रत्यक्ष रुपमा इक्विटीमा ( NFRS समायोजन कोष) लेखाङकन गरीएको छ ।

### ३.२३.१ लागु गरिएका छुट र अपवादहरू

अधिल्लो GAAP वित्तीय विवरणहरू अन्तर्गत गरिएको अनुमानको मूल्याङ्कनमा, सहकारीले NFRS for SMEs अन्तर्गत अनुमानलाई संशोधन गर्न आवश्यक छैन भन्ने निष्कर्ष निकालेको छ, किनकि ती अनुमानहरू त्रुटिपूर्ण थिए भन्ने कुनै वस्तुनिष्ठ प्रमाण छैन । यद्यपि, NFRS for SMEs अन्तर्गत आवश्यक पर्ने तर अधिल्लो GAAP अन्तर्गत आवश्यक नभएका अनुमानहरू सहकारीले सम्बन्धित रिपोर्टिङ मितिहरूको लागि गरेको छ, जुन त्यस मितिमा अवस्थित अवस्थाहरूलाई चित्रण गर्दछ ।

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| राम चन्द्र पराजुली<br>कोषाध्यक्ष | बिजु देवी थापागाई (तिवारी)<br>सचिव | छिमानन्द न्यौपाने<br>उपाध्यक्ष | टेक प्रसाद ड्रुङ्गे<br>अध्यक्ष | प्रेम बहादुर तामाङ<br>व्यवस्थापक | लेखनाथ गौतम<br>सदस्य | यज्ञमूर्ति न्यौपाने<br>सदस्य | राजेन्द्र कडेल<br>सदस्य | शान्ती रमण पंगेनी<br>लेखा समिति संयोजक | पारस मणि भण्डारी<br>लेखापरीक्षक |

**वित्तीय सम्पत्तीको वर्गीकरण र मापन**

अपलेखित लागत, नाफा र नोक्सानी वा अन्य विस्तृत आम्दानीको माध्यमबाट fair मूल्यमा मापन गर्नुपर्ने वित्तीय सम्पत्तीको वर्गीकरण NFRS Transition मितिमा अवस्थित तथ्य र परिस्थितिहरूको आधारमा गरिनेछ ।

**३.२३.२ NFRS मा स्थानान्तरण - समायोजन (Reconciliation)**

अघिल्लो GAAP को जानकारीलाई ३१ आषाढ २०८० र ३१ आषाढ २०८१ को लागि लेखा परीक्षण गरिएको वित्तीय विवरणको आधार मानी NFRS for SMEs अनुसार पुनः वर्गीकृत/पुनर्गठित गरिएको छ ।

| राम चन्द्र पराजुली | विजु देवी चापागाईं (तिवारी) | खिमानन्द न्यौपाने | टेक प्रसाद डुम्रे |
|---|---|---|---|
| कोषाध्यक्ष | सचिव | उपाध्यक्ष | अध्यक्ष |

| प्रेम बहादुर तामाङ्ग | लेखनाथ गौतम | यज्ञमुर्ति न्यौपाने | राजेन्द्र कडेल | शान्ती रमण पंगेनी | पारस मणि भण्डारी |
|---|---|---|---|---|---|
| व्यवस्थापक | सदस्य | सदस्य | सदस्य | लेखा समिति संयोजक | लेखापरीक्षक |

# टिपोट






DIYALO FOODLAND








नियो
बचत तथा ऋण सहकारी संस्था लि.


नियो बचत तथा ऋण सहकारी संस्था लि. का
संचालक तथा सदस्यज्यूहरूलाई प्रशिक्षण कार्यक्रम २०८२
सहकारी गतिविधि तथा सम्पति शुद्धिकरण सम्बन्धमा

डिभिजन सहकारी कार्यालय, काठमाडौंमा दर्ता भई सहकारी ऐन, २०४८ बमोजिम स्थापित

# हाम्रो सेवाहरू



व्यापारिक कर्जा



शैक्षिक कर्जा



आवास कर्जा



सामुहिक जमानी

## निक्षेप योजनाहरू

### क) साधारण बचत खाता (Saving Account)

- न्युनतम रू १,०००। को मौज्दातमा खाता खोल्न सकिनेछ ।
- ३.१ % व्याज दर प्रदान गर्ने ।
- चेक बूक तथा पास बूकको व्यवस्था ।
- एस.एम.एस को व्यवस्था भएको ।

### ख) विशेष बचत खाता (Special Saving Account)

- न्युनतम रू १,०००। को मौज्दातमा खाता खोल्न सकिनेछ ।
- ३.५% व्याज दर प्रदान गर्ने ।
- चेक बूक तथा पास बूकको व्यवस्था ।
- एस.एम.एस को व्यवस्था भएको ।

### ग) नारी बचत खाता (Nari Bachat Khata)

- न्युनतम रू १,०००। को मौज्दातमा खाता खोल्न सकिनेछ ।
- ४ % व्याज दर प्रदान गर्ने ।
- चेक बूक तथा पास बूकको व्यवस्था ।
- एस.एम.एस को व्यवस्था भएको ।

### घ) नियो प्लस खाता (Neo Plus Account)

- न्युनतम रू ५०,०००। को मौज्दातमा खाता खोल्न सकिनेछ ।
- ४% व्याज दर प्रदान गर्ने ।
- चेक बूक तथा पास बूकको व्यवस्था ।
- एस.एम.एस को व्यवस्था भएको ।

### ङ) बाल बचत निक्षेप (Minor Saving Account)

- न्युनतम रू १,०००। को मौज्दातमा खाता खोल्न सकिनेछ ।
- ४% व्याज दर प्रदान गर्ने ।
- चेक बूक तथा पास बूकको व्यवस्था ।
- एस.एम.एस को व्यवस्था भएको ।

### च) आवधिक निक्षेप (Term Deposit )

- ६ महिने आवधिकमा ५.५% व्याज दर प्रदान गर्ने ।
- १२ महिने आवकिधमा ६.५% व्याज दर प्रदान गर्ने ।

## कर्जा तथा ऋण सुविधाहरू (Loan Scheme )

- व्यवसायीक/व्यापारीक कर्जा ( Trading Loan )
- आवास कर्जा ( Home Loan )
- सामुहिक जमानी कर्जा ( Group Guarantee Loan )

## Remittance सेवाहरु

IME · WESTERN UNION MONEY TRANSFER · CITY EXPRESS MONEY TRANSFER

Neo mBank

Neo Mobile App




# नियो बचत तथा ऋण सहकारी संस्था लि.

# Neo Saving & Credit Co-operative Ltd.

का.म.न.पा २४, फसिकेब, न्युरोड, काठमाण्डौ, फोन नं.: ०१- ५३५१७६०, ५३५१७२३ E-mail : neosavings.co@gmail.com

www.neosaving.com.np